# तथागत हृदय



अनुवाद

**केशरी बज्राचार्य**

Downloaded from http://dhamma.digital/

# धर्मकीर्ति प्रकाशन

## ( नेपाली भाषा )

(१) बौद्ध प्रश्नोत्तर
(२) बौद्ध दर्शन
(३) नारी हृदय
(४) बुद्ध शासनको इतिहास
(५) पटाचारा
(६) ज्ञानमाला
(७) बुद्ध र वहाँको विचार
(८) शान्ति
(९) बौद्ध ध्यान
(१०) पञ्चशील
(११) लक्ष्मी
(१२) उखानको कथा संग्रह
(१३) तथागत हृदय
(१४) बौद्ध जगतमा स्वास्थ्य सेवा
(१५) मिलिन्द प्रश्न
(१६) श्रमण नारद
(१७) वेस्सन्तर जातक
(१८) सतिपट्ठान भावना
(१९) बौद्ध विश्वास भाग–१, २
(२०) बौद्ध दर्पण
(२१) सप्तरत्न धन
(२२) सफलताको रहस्य
(२३) मानव महामानव
(२४) निरोगी
(२५) जातक कथा
(२६) सतिपट्ठान विपस्सना

Dharmakirti Publication—

( English )

1. Buddhist Economics & The Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. Dharmakirti in a Nutshell

Downloaded from http://dhamma.digital/

# तथागत हृदय

भिक्षु महानाम

Dhamma.Digital

अनुवाद

**केशरी बज्राचार्य**

मैत्री शिशु विद्यालय
छाउनी, काठमाडौं।

Downloaded from http://dhamma.digital/

प्रकाशक–

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार, श्रीघः

काठमाडौं, नेपाल

फोन – २–२४५६५

बुद्ध सं. २५३१

वि. सं. २०४४

ने. सं. ११०८

ई. सं. १९८७

प्रथम संस्करण १५०० प्रति

मुद्रक–

नेपाल प्रेस

शुक्रपथ, काठमाडौं ।

फोन– २२१०३२

Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

यो "तथागत हृदय" नामक पुस्तक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको १२४ औं ग्रन्थमाला हो । यो पुस्तक श्रीमती केशरी बज्राचार्यले "नुगः" पुस्तकको नेपालीमा अनुवाद गरिएको हो । विशेषतः युवा युवती र बुद्धिजिवी वर्गको लागि अति उपयुक्त तथागत हृदय जस्तो महत्वपूर्ण पुस्तक रोचक तवरले अनुवाद गर्ने श्रीमती केशरी धन्यवादको पात्र हुनु हुन्छ ।

यो पुस्तक धर्मकीर्ति विहारका सदस्यहरूबाट उठाइएको चन्दा-बाट प्रकाशित भएको हो । पूज्य भिक्षु अश्वघोषले प्रेसमा धाउनु भई छपाउनु भएकोले नै आज यो तथागत हृदय तपाईंको सामु आइपुग्नु पाएको हो ।

अन्तमा धर्मकीर्ति उद्देश्य अनुरूप प्रकाशित यो पुस्तकको लागि सहयोगदिने सबैलाई तथा धर्मकीर्तिका सकल सदस्यहरूलाई धन्यवादको साथै आयु आरोग्य भइ धर्मकीर्तिको तर्फबाट हुने बुद्ध धर्म प्रचारको काममा सधैं सहयोग दिन सकोस् भनी कामना गर्दछु ।

धम्मवती

१४।८।२०४४ अध्यक्ष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

श्रीघः नःघ टोल

Downloaded from http://dhamma.digital/

# मलाई मनपर्ने पुस्तक

पुस्तकहरू त थुप्रै छन् मलाई मनपर्ने । तर ती मध्ये पनि कुनै कुनै विशेष प्रिय हुन्छन् । कतिपय पुस्तकहरू मनपर्ने भएता पनि त्यसमा उल्लेखित सबै कुरा निको लाग्दैन । कुनै कुनैमा त बुद्धले भनेको भनी उल्लेख गरेको कुरा पनि अरूचिकर हुन्छन् । तर प्रस्तुत पुस्तकको भाषा राम्रो छ, शैली रमाइलो छ र दृष्टिकोण उत्तम छ । यसमा बुद्धद्वारा भनेको मात्रै होइन, बुद्धद्वारा नभनेका कहलाइएका कुराहरू पनि मलाई राम्रो लाग्छ । तसर्थ यो पुस्तक–तथागत हृदय–मलाई विशेष मन पर्ने पुस्तक हो ।

किन यो पुस्तक त्यति मन परेको नि ? प्रश्न उठ्न सक्छ । कारण यो पुस्तकमा बुद्धको हृदयलाई सरल रूपमा व्यवहारिक ढंगबाट स्पष्ट रूपबाट परिचय दिइएको छ । बुद्धलाई एक अवतार र परम्परा-वादी नबनाई एक मानव –अग्रज साँच्चै भनौं भने एक महामानव–को रूपमा प्रस्तुत गरेको सराहनीय छ । पाली साहित्यमा पनि बुद्धलाई परम्परावादी बनाएको हामी पाउंछौं । त्यसैले नौलो तर व्यवहारिक दृष्टिकोणबाट बुद्धलाई प्रस्तुत गरेको पुस्तकलाई मन नपराउने पनि कसरी ?

हुन त यो पुस्तक बुद्धको डायरीको रूपमा प्रस्तुत गरिएको छ । तर पनि पूर्णतः काल्पनिक होइन । कुनै प्राचीन पाली ग्रन्थको अनुवाद

Downloaded from http://dhamma.digital/

पनि यो होइन । यसमा उल्लेखित सबै घटनाका विषय वस्तुहरू सूत्र पिटक, विनय पिटक र अर्थकथाहरूमा पाइन्छन् । वैज्ञानिक युगलाई सुहाउने गरी व्यवहारिक ढंगमा यो पुस्तक लेखिएको छ । चन्दनको रूख जति जति काट्यो त्यति त्यति सुगन्ध आए जस्तै यो पुस्तक जति जति पढ्यो त्यति त्यति रस आउंछ, बुद्ध प्रति श्रद्धा बढ्छ । 'झन खायो झन मीठो, उखान चरितार्थ हुन्छ । कुनै एक विशेष परिच्छेद राम्रो भन्ने छैन । सबै नै राम्रो । सबै नै न्ययायुक्त । सबै नै व्यवहारिक । सबै नै वैज्ञानिक छन् । सबै नै अन्धविश्वासको गन्धबाट मुक्त छन् ।

वास्तवमा मलाई यो पुस्तक यति रोचक लाग्छ कि यसको प्रशंसा गर्न मलाई शब्दको खाँचो महसुस हुन्छ । सबैको यस्तै विचार होला भन्ने ठोकुवा चाहिं म गर्न सक्दिन । यसमा विशेषतः गृहत्याग र अन्य बेला बखतमा मारसँगको कुराकानी उल्लेखनीय ठान्छु । मारलाई आफ्नो अन्तरद्वन्द्वको रूपमा प्रस्तुत गरिएको अति नै मार्मिक बन्न पुगेको छ । असफलता माथि विजय, नारित्वलाई प्रणाम, जति र कुल उपर प्रहार, आदि विषयहरू साह्रै उपयोगी देखिन्छन् । पालि साहित्यसंग भेद रहेता पनि चमत्कारको निस्सारता विषय पत्याउँदो छ, व्यवहारिक छ, र वैज्ञानिक छ । बुद्धलाई तान्त्रिक बनाई आलोचनाबाट जोगाएको छ । प्रस्तुतिकरण त्यसैले सराहनीय छ । व्यवहारिक छ ।

धेरै वर्ष भयो, यो पुस्तक नेपालीमा प्रकाशित गर्न पाए राम्रो हुने थियो भनी धोको रहेको । तर आफू नेपाली भाषाको धनी होइन । मेरो यो इच्छा श्रीमती केशरी बज्राचार्यले पूरा गर्नु भयो । उहाँले

Downloaded from http://dhamma.digital/

'नुगः' (नेपाल भाषा) पुस्तक अनुवाद गरेर प्रकाशित गर्न म कहाँ आउनु भयो। समयको अभावले रूजु गरेर हेर्ने मौका पाइन। तर पनि प्रुफ पढ्दा आफूलाई शंका लागेको ठाउँमा मूल ग्रन्थसँग रूजु गरी आवश्यक ठाउँमा संशोधन गरिदिएको छु।

श्रीमती केशरी बज्राचार्य नेवार भएता पनि नेवारी बोल्न नआउने। कारण उहाँ जन्मनु भएको विराटनगरमा। हुर्केको पनि त्यहीं। काठमाडौं आएर मात्र उहाँले नेवारी सिक्नु भयो। अझै पनि उहाँको बोलचालको माध्यम नेपाली नै छ। संयोगवश नेवारी 'नुगः' पुस्तक उहाँको हातमा परेछ। पढिसके पनि उहाँलाई पनि मलाई जस्तै राम्रो लगेछ। अनुवाद शुरू गर्नुभयो। नेवारीबाट नेपाली लग्नु सजिलो थिएन। कतिपय नेवारी शब्दहरू नेपालीमा पाइदैनन्। शब्दार्थ अनुवाद नगरी भावार्थ अनुवाद गर्नु आवश्यक थियो, र उचित पनि।

जे होस्, नेवारी राम्रोसँग नआए पनि अनुवाद गर्नु भएको प्रशंसनीय छ। उहाँ धन्यवादको पात्र हुनुहुन्छ। भाषाको विभिन्नताले गर्दा पुस्तक प्रवाह कहिं कहिं रोकिन सक्छ। तर मुख्यतः यस पुस्तकमा प्रस्तुत बुद्धको हृदय र उहाँको उपदेशबारे मनन गर्नु आवश्यक छ। श्रीमती केशरी ज्यूको कलम यसरी निरन्तर चलिराखोस् भन्ने कामना गर्दछु।

भिक्षु अश्वघोष
संघाराम भिक्षु तालीम केन्द्र
लुति, ढल्को, काठमाडौं।

११।८।०४४

Downloaded from http://dhamma.digital/

# दुई शब्द

प्रस्तुत पुस्तक नेवारी भाषा नुगः किताबको रूपान्तर मात्र हो । यो पुस्तक साहित्यिक ढंगबाट प्रस्तुत भएको र यसको उपयोगिता आधुनिक युगमा पनि ठूलो महत्त्व राख्ने भएको र नेवारी भाषा काठमाडौं, भक्तपुर र पाटन यी तीन शहर भन्दा बाहिर त्यति राम्रो मात्रामा फस्टाउन नसकेको जस्तो देखिन आएकोले यो पुस्तकको प्रभाव सर्व साधारण नेपाली तथा अन्य बौद्ध धर्मावलम्बीहरूलाई अत्यधिक फाइदा पुऱ्याउने हेतुले नेपालीमा सरल अनुवाद मात्र गरेको हुं ।

मलाई पूर्ण विश्वास यो छ कि सम्पूर्ण बौद्ध धर्मावलम्बी दाजु भाइ दिदी बहिनीहरू जस्तै बौद्ध धर्म प्रति उत्सुकता बोकी अगाडि बढ्न खोज्ने ती दाजु भाइ दिदी बहिनीहरूको आवश्यकता यो पुस्तकले अवश्य पनि मार्ग दर्शनको रूप लिने छ ।

यो पुस्तक प्रकाशन गर्ने सम्बन्धमा विशेष रूची लिनु भएको आदरणीय भिक्षु अश्वघोष र धर्म किर्ति विहारकी धम्मवत्ति गरुमा तथा बुद्ध रत्न बज्राचार्य प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

केशरी बज्राचार्य

Downloaded from http://dhamma.digital/

# विषय-सूची


| | |
|---|---|
| १. सांच्चैको सुख इच्छा | १ |
| २. बाहिर जाने विचार | ३ |
| ३. निष्क्रमण | ५ |
| ४. उपेक्षा–विजय | ९ |
| ५. सत्यको खोजीमा | ११ |
| ६. सेवाको संकल्प | १४ |
| ७. असफलतामाथि विजय | १९ |
| ८. सांच्चै त्यागी प्राप्ति | २३ |
| ९. कच्चा साधु | ३० |
| १०. नारीत्वलाई प्रणाम | ३२ |
| ११. नारीत्वलाई प्रणाम–२ | ३५ |
| १२. युवक भिक्षु चाहियो | ४२ |
| १३. जातिय कुल प्रति प्रहार | ५४ |
| १४. विनय शिक्षा र भिक्षुणी संघको स्थापना | ६८ |
| १५. चमत्कारको निसारता | ७६ |
| १६. झगडालु भिक्षु र विवेकी उपासक | ८४ |
| १७. चार प्रकारको दम्पति | ८८ |
| १८. जेष्ठत्वको स्वरूप | ९० |


Downloaded from http://dhamma.digital/

१९. ब्राह्मणहरूको श्रेष्ठत्वको विरोध ९४
२०. दिशा–पूजा ९७
२१. पूज्यत्वको कारण १००
२२. धर्मको नाममा हत्या १०४
२३. रगत आयो १०६
२४. विश्व सेवाको दृष्टि १०८
२५. कन्या जन्म ११०
२६. सुख मार्ग १११
२७. देवदत्त विद्रोह ११३
२८. महापरि निर्वाण ११८

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# तथागत हृदय

## सांच्चैको सुख इच्छा

मलाई देखेर कस्ले मलाई दुःखी भन्ला। राज भवन छ, वैभव छ, राम्री पत्नी छिन्, प्रिय पुत्र छ, सेवा-टहल गर्नेहरू प्रसस्त छन्, यस्तो भएर पनि मेरो मनमा कहिल्यै शान्ति तथा सन्तोष छैन कहिले काहीं म सोच्छु कि मेरो जीवनको उपयोगीता यति मात्रै ? अथवा महान् ? हजारौं हजारौं नोकर चाकरहरूले मलाई दुवै हात जोडी विन्ति गरी रहेछन्, यो मलाई विन्ति गरेको हो र ? यदी म राजकुल-मा मेरो जन्म न भै दिएको भए, मसँग यति वैभव नभएको भए यिनीहरूमध्ये कसले मलाई विन्ति गरला र ? यिनीहरूको हृदयमा मेरो भक्ति छैन, यिनीहरू वैभवका दास दासीहरू हुन्, त्यस्तै म यिनीहरू मध्ये मान्य व्यक्ति हुं। यो कस्तो मान्यता ?

आज म उद्यानतिर गएँ एक भिक्षुसित भेट भो। उसँग केही छैन, मागी मागी पेट भरी रहेछ। उसलाई मेरो वैभवको केही वास्ता छैन। उ मेरो दास दासीनीहरू भन्दा पनि गरीब, किन्तु उसले मेरो अगाडी सिर निहुरेमन्। मदेखि उ यसै हाँसेकि मानो म भन्दा उ कति ठूलो ? आज मेरो अगाडि सबैले सिर निहुराई रहेछन्, भोलि मेरो

Downloaded from http://dhamma.digital/

यौवन जाला, वैभव सिद्धिएला कोही सम्राट आएर मेरो राज्य जित्ला, अनि मलाई कसले सिर निहुरिदेला, विना इच्छाले मैले अरूलाई सिर निहुराउनु पर्ला, तर त्यो भिक्षुले त्यो सम्राटलाई वास्ता गर्दैन । उसले कसैको अगाडी आफ्नो इच्छा विना सिर निहुरहने छैन । आफ्नो गुरु प्रति र आफु भन्दा महान् योगी पुरुषको अगाडी मात्रै निहुरिन्छ । यो त आफ्नो भित्री हृदय देखि भक्ति साथ निहुरेको भयो । भक्ति त आफ्नो इच्छाको प्राधान्य हो, स्वतन्त्र हो । वैभव तथा शक्तिको अगाडी निहुराउँदा त्यो स्वतन्त्रता र गौरव कहाँ पाइन्छ र ?

यसरी हेर्दा यो राजपदमा म पनि एक क्षुद्रहुं । आफ्नो क्षुद्रता-लाई बिर्सनको लागि म मेरो दास दासीहरूको रूपमा माटोको पुतलीभैं बसी रहेछु । मैले आफु आफैंलाई छलि रहेछु । जसले आफैंलाई छल्छ त्यसले विश्वासलाई छल्दछ । यस्तो छलछाम जीवन पनि जीवन हो र ?

मेरो यो आन्तरिक वेदनालाई कसले बुझी दिन्छ ? यदि म यहाँबाट भागी गएछु भने संसारले मलाई लोकोत्तर त्यागी भन्ला कि बौलाहा । तर मेरो वेदनाको मर्म त कसैले बुझ्दैन । ओह ! आज म सिद्धार्थ भइकन पनि असिद्धार्थ भइरहेछु ।

★

Downloaded from http://dhamma.digital/

# बाहिर जाने विचार

संसार कति दुःखमय । जति जति मेरो हृदयले यो कुराको महसुस गर्छ, उति उति मेरो मनमा सुख बिलाउँदै गइरहेका छन् । मृत्यु, जरा, रोगहरू आदि प्राकृतिक कष्ट त छँदै छ । त्यसमाथि पनि प्राणीले प्राणीलाई, मनुष्यले मनुष्यलाई निल्ने कुरा संझेर आउँदा झन् सहने सकेन । बलको नाउँले र अधिकारको नाउँबाट, जाति तथा कुलको नामबाट, अझ धर्मको नामबाट समेत अन्याय र अत्याचारको होहल्ला मच्चिरहेका छन् । यस प्रकारले चारैतिर डढेलो लागिरहेछ । अनि म एकजना मात्र रूखमा बसेर आफूलाई कसरी सुरक्षित संझने तथा तमासा हेर्ने ?

पापी मार भन्दैछः– सिद्धार्थ, तिमी राजा होउ, सम्राट होउ, आफ्ना वैभव तथा अधिकारले जगतलाई सुखी बनाउ । यो कस्तो मुर्खता अधिकार र वैभवको निम्ति कति दुःख दिनु पर्ने हो, यति हटाउनु त गाह्रो छ भने संसारको अर्को दुःखबाट मुक्त गराउने कुरा त छँदै छ । समाजमा भई रहेको रोग, मानव प्रकृतिको रोग, के अधिकार र वैभवबाट हटाउन सकिन्छ र ?

पापी मारले भन्दैछः– सिद्धार्थ, यो जीवनमै तिमी सफल हुन सक्तैन भने प्रव्रज्या जीवनमा सफल हुन सक्ला र ? त्यहाँ तिमी अङ्ग-हरूको कुन काममा प्रयोग होला र ? आफ्नो एउटा पेट त भर्न सक्दैनौ ।

Downloaded from http://dhamma.digital/

संसारबाट भागेर तिमीले आफूलाई कातर (कायरता) र गरीब मात्र भनाउला ।

मैले पापी मारको चोट सहिरहें । मलाई संसारले डरपोक भने पनि, गरीब भने पनि केही वास्ता छैन । म यो मनको सम्राट हुन्छु । मैले संसारको पेट भराउनु परेको छैन, पेट त भातले भरिरहेकै छन् । मैले त संसारलाई 'मनुष्य' बनाउने इच्छा गरें, मनुष्य जीवनमा मनुष्यत्व ल्याउने उपाय हेर्दैछु, जगतलाई सत्यता खोजी दिने इच्छा गर्दैछु, यसको निम्ति धन, वैभव, तथा अधिकारको चाहना छैन ।

यदि जगतले मलाई चिन्दैन भने नचिनोस् । जगत त्यति जानिफकार भएको छैन जस्को निम्ति मैं आएर वास्ता गरेको छु । आजतम्म उन्ले कसलाई चिनि सक्यो र ? चिनजान भए पनि कि त बिर्सी दियो कि त देवताले गर्दा नै आकाशमा उडाई पठाई दियो । मनुष्यलाई मनुष्य भनी उस्ले कहिल्यै चिनेनन् । कि त पशु भनी सम्झियौ कि त देव । उ आफ्नो बानीले आफै लाचार भई रह्यो, यस्को चिन्ता मै किन गरूँ ? म आफ्नो काम गर्छु, संसारले पनि आफ्नो काम गर्छ ।

मेरो कुरा सुनेर पापी मार हिजो पनि भाग्यो, आज पनि भागेर गयो ।

★

Downloaded from http://dhamma.digital/

# "निष्क्रमण"

पापी मारसँग आज जति युद्ध गरें, त्यति कहिल्यै गरेको थिएन, तथा सम्भवतः अब फेरि कहिल्यै गर्नु पर्ने पनि छैन । राहुल र राहुलकी आमा तथा आमा बाबु आदिको "प्रेम बन्धनलाई कसरी विजय गरूँ ।" यही कारणले मैले चोरले जस्तै सुटुक्क घर छोडें । घर छोड्दा मेरो हृदयमा यस्तो भावना आयो कि मानो महाप्रासादको शिखर माथिबाट अथाह महासागरमा हाम्फालि रहें ।

ओहो ! प्रेमको बन्धन कस्तो बलियो रहेछ । मध्यरातमा घरबाट निस्कने बेला राहुल र उनकी आमालाई एक पल्ट हेरेर मात्र जाउँ जस्तो लाग्यो, ढोकोको संघारमा उभिएर मैले दुवैलाई हेर्नसम्म हेरें, राहुललाई एक पल्ट म्वाईं खाउं कि जस्तो लाग्यो परन्तु फेरि उनकी आमा (यशोधरा) निन्द्राबाट बिउँझिएलिन् भनी त्यसै छाडि दिएँ ।

यस अवसरबाट पापी मारले निकै लाभ प्राप्त गऱ्यो । उसले भन्यो– सिद्धार्थ, बौलाहाले जस्तो तिमीले यो के काम गरेको ? पतिव्रत स्त्री माथि पनि तिम्रो दया छैन र ? तिनी एक अर्द्धाङ्गिनी होइन र ? आधा अंग छोडेर जाने तिमीमा अधिकार छैन ।

मैले भनें– संसारको भलाईको लागि मैले पूर्ण अंगको उत्सर्ग गरें, पूर्ण अंगको उत्सर्ग हुँदा आधा अंगको उत्सर्ग त त्यसै हुन्छ ।

Downloaded from http://dhamma.digital/

पापीमार– यदि यस्तो हो भने आफ्नो पत्नीलाई पनि संगै लैजाउ।

म– जुन अंग जुन ठाउँमा जुन किसिमले उपयोग गर्नु पर्दछ त्यस अंग त्यसै ठाउँमा त्यस्तै किसिमले उपयोग गर्नु पर्दछ; साधनको लागि केवल पुरुष अंग मात्र उपयोगी हुन्छ। सिद्ध–बुद्ध भइसके पछि, दृढता-पूर्वक आफ्ना स्थानको जग लिइसके पछि म स्त्री र पुत्रलाई पनि लिन आउनेछु यदि स्त्रीको उपयोगिता घरमा नै धेरै छ भने तिनीलाई त्यही राखुंला।

पापीमार– के स्त्री जातिले साधन गर्न सक्तैन ? सिद्धार्थ, के सबै श्रेय पुरुषको हातमा मात्र छ भनेर सोच्दछौ ? के आईमाईहरू शक्तिहीन छिन् र ? यदि यस्तै हो भने तिमीले संसारको सेवा गर्न सक्तैनौ।

म– मलाई छकाउनलाई ज्ञानीहरूले झैं कुरा गर्ने, हे पापीमार, मैले तिमीलाई राम्ररी चिन्दछु। तिमीले मलाई साधनबाट रोक्ने इच्छा गर्‍यौ, तर मैले तिम्रो कुरा राम्ररी बुझेको छु। तिमीले आइमाईको पक्ष के लिन्छौ, मैले विश्वहितको बाटो चिनेको छु, विश्वहितको लागि मैले राहुल मातालाई त्यागें। आईमाईले पनि साधना गर्न सक्छे, राहुलकी आमाले पनि साधना गर्छे। मनुष्य निर्माण गर्ने काम पनि साधना हो, जुन कुरा सबै आईमाईले गरिरहेका छन्, बाटोमा हिड्दा जसरी एउटा खुट्टाले भुईमा टेकेर, अर्को एउटा उचालिन्छ, एकै पल्ट दुवै खुट्टा उचालेर पाइला चालिन्न, त्यसरी नै म अगाडि बढी रहेछु।

Downloaded from http://dhamma.digital/

जबसम्म एउटा खुट्टाले अगाडि टेकिन्न तबसम्म अर्को खुट्टाले पछाडि टेकिनै रहनेछ ।

पापीमार– सिद्धार्थ फेरि भनी रहेछु, जनसेवा गर्नलाई जुन साधन घरमा प्राप्त हुन्छ, त्यो वनमा प्राप्त हुन सक्दैन ।

मैले– अरे पापी, घरमा बसेर मैले चारजनालाई मात्रै केही दिन सक्छु, तर गृह त्याग गरे भने संसारलाई दिन सक्छु ।

पापीमार हारेर– पुनः भागेर गयो तैपनि उसले मलाई यस्तो दुःख दियो कि यो म कहिल्यै बिर्सने छैन ।

श्रेयमा पनि कति बिघ्नबाधाहरू आइरहेका छन्, शत्रु भन्दा पनि मित्र नै धेरै बाधक भइरहेका छन् ।

कन्थकको जिउमा रातभरी बसी अनोमा नदीको किनारसम्म आएं, रातभरीमा तीन राज्यको सीमाना पार गरें, त्यसैले कन्थकको प्राण गयो अनि छन्दकले विरक्त भएर आंखाबाट आंसु खसाले । मैले प्रव्रजित हुने कुरा गर्दा त उ झन सारै रोयो उसले भन्यो– म पनि प्रव्रजित हुन्छु म कस्तो डरलाग्दो भयंकर जंगलतिर जांदैछु भन्ने त्यो विचरालाई के थाहा छ । जहांकी बाटोको अत्तो पत्तो नै छैन । दिशाको आदि अन्त नै छैन । उसले त केश पनि काट्न दिएन । उसले भन्यो– मसँग छुरा छैन । अनि मैले आफ्नो तलवारबाट नै केश काटें । भुईमा खसेको केश देखेर उ यति रोयो कि कोही बच्चा मरेको आमा के रोलीन । उनको मोह देखेर मलाई सारै दया लाग्यो तथा पापीमारले केही शोक पनि उत्पत्ति गरायो । परन्तु मैले दांत किटेर आँसु रोकें ।

Downloaded from http://dhamma.digital/

थामीमार लाग्यो । छन्दकलाई फर्काई दिए ।

हिजोसम्म म राजकुमार थिएँ, तर आज म मेरो आफ्नो पसीने बनाएको बाटोमा हिँडि रहेको याचक हुँ ।

संसारको भलाईको लागि मैले आफ्नो जीवन अर्पण गरेको छु । हेरुँ कहिले सम्ममा यसको फल मिल्नेला ?

★

Downloaded from http://dhamma.digital/

# उपेक्षा-विजय

मानिसहरू सांच्चै अहिलेसम्म पशु समानै छन् । यिनीहरू पशु-को बल अगाडि निहुरन्छन् । यिनीहरूको अगाडि त्याग, तप तथा सेवाको केही मूल्य छैन । यदि मैले तरवार लिएर बच्चाको बाबुलाइ काटें भने आईमाईहरूलाई विधवा तुल्याएं भने, बूढाहरूबाट उनीहरूका छोराहरू खोसें भने, यिनीहरूले मेरो अगाडि शीर निहुराउँछन् । सुन, चाँदी, हीरा र मोती आदि उपहार चढाउँछन्; मलाई साह्रै असल, रक्षक तथा अन्नदाता भन्नेछन्- जसको छोराहरू, दाजु भाइहरू तथा बाबुहरूलाई मैले आफ्नो तरवारले दुई टुक्रा पारेँनु भने । आज म सारा राज वैभव त्याग गरेर सांच्चै निरूपद्रव भएर जनताको अगाडि आएं । तर जनताले मलाई के खान दियो ? त्यही दियो जुन म कहाँ पालि-राखेका पशु पंक्षीहरूले समेत खाने छैनन्, जुन देखेर मेरो पेटको आन्द्रा समेत मुखबाट निस्कला कि जस्तो भइरहेको छ ।

पापीमार भनिरहेछन्- गौतम, मैले तिमीलाई भनेको होइन र संसारलाई तिम्रो त्यागको कुनै वास्ता छैन । उनीहरूको दृष्टिमा जस्तो हजारौं माग्नेहरू यताउता मागी रहेछन्, त्यस्तै तिमी पनि हो । तिमीले यो स्थितिमा तिनीहरूलाई के दिन सक्छौ ? यदि तिमी राजा भएर आएको भए तिमीलाई कस्तो राम्रोसँग स्वागत गर्थे होलान् । तिम्रो कुरा कस्तो आदरसाथ सुन्थे होलान् यदि तिमी राजा भएर आएको

Downloaded from http://dhamma.digital/

भए, आफ्नो घरमा जस्तो तीन वर्ष पुरानो चामलको भात खान्थ्यौ। तिम्रो घरको जस्तो स्वादु रस पिउँथ्यौं। यस्तै यहाँ पनि पाउने थियौ तर आज तिमी त्यागी भएर आयौ। तिमीले आफूलाई राजाभन्दा ठूलो जस्तो ठानेका होलाउ। तर तिमीलाई संसारले के ठानेको छ? केवल एक भिखारी। गौतम, यदि तिमी आफ्नो हित चाहन्छौं भने अहिलेसम्म समय छ, फर्क। हृदयभित्रको पापीमारले बारम्बार यसरी चोट दिइरहेछ, तर उसले मलाई जित्न सकेन। पापीमारले मलाई जति पल्ट बाधा दियो त्यति पल्ट मैले उसलाई यही भनें— हे मूर्ख। तिमीले त्यागको रहस्यलाई के बुझ्छौ? संसार पशुबलको वैभव तथा अधिकारको अगाडि निहुरिरहेको छ। त्याग र सेवाको मान गरेन। यही त संसारको ठूलो रोग हो, जसलाई मैले खतम पार्ने इच्छा गरें। वैद्य रोगीको अगाडि डराउँछ भने उसले कसरी औषधी गर्ला? सन्निपात ज्वरो आएको रोगीले वैद्यलाई गाली गर्छ, लातले हान्छ, तर त्यो वैद्य डाक्टरले यसको वास्ता गर्दैन। उ औषधी गर्नमा व्यस्त हुन्छ। मैले पनि त्यस्तै औषधी गर्छु। मैले पनि यस्तै औषधी गर्ने विचार गर्नुपर्छ। मूर्खत्वले गरेको अपमानको उपेक्षालाई ध्यान दिनु परेको छैन। राजा भएर मैले आदर प्राप्त गर्न सक्छु, तर अनन्त यश होइन। त्यो यश जुन आफ्नो हृदयबाट बाहिर निस्कन्छ, त्यसले संसारको वास्ता गर्दैन।

मेरो कुरा सुनेर पापीमारले जवाफ दिन सकेन।

★

Downloaded from http://dhamma.digital/

# सत्यको खोजीमा

अहिलेसम्म सत्य थाहा पाउन सकेको छैन । पाँच वर्ष बितिसक्यो । विश्व सेवाको लागि केही योजना बनाउन सकेको छैन । प्रसिद्ध आचार्यहरू कहाँ गएर'सत्य'जान्ने विचार गरें,तर त्यहाँ पनि केही पाउन सकेन । जे पाएँ त्यो पनि केही कामको छैन । आलारकालाम उद्दकराम पुत्र भन्ने ठूल--ठूला पण्डितहरू छन् । तर यिनीहरूसँग योगको नाममा केही व्यायाम सिक्नु सिवाय अरू केही छैन । संसारलाई यो व्यायामबाट के लाभ होला ? उनीहरूले मलाई आचार्य बन भन्यो, तर सत्य नचिनिकन आचार्य भएर मात्रै के लाभ ?

कहिलेकाहीं व्यर्थै यो जीवन सिद्धियो कि भन्ने विचार पनि आउँछ । कति तपस्या गरिसकें, कस्तो दरिद्र भोजन गरिसकें, कति दिन भोकै बसिसकें, मुर्दा जस्तो हलचल नगरी पनि बसिसकें, तर सत्य प्राप्त भएन । आश्चर्य त यो हो किन जुन बेला मैले संसारलाई केही पनि नदिएको बेलामा भने संसारले मलाई महान् सम्झन्थ्यो । पाँच जना भिक्षुहरूले मलाई महान् ज्ञानी भनी ठानेर वर्षौं वर्षौं सेवा टहल गरे, संसारले मलाई पूजा गर्न आए । संसारको यो एक रोग हो कि काम न काजको मनुष्यहरूलाई मात्र पूजा गर्दछन् । म निरर्थक भएर, कष्ट सहेर उनीहरूलाई केही दिन नसकेको बेला तिनीहरू सबै म कहाँ आएर दास दासीहरू झैं मेरो सेवा टहल गर्न आए, तर आज मैले व्यर्थ

Downloaded from http://dhamma.digital/

शरीरलाई कष्ट दिने काम छोडी उनीहरूलाई केही दिने इच्छा गर्दा अनि यिनीहरू सबै भागेर गए। हुन त मैले अहिलेसम्म सत्य प्राप्त गर्न सकेको छैन, तर धेरै जसो असत्यलाई चिनिसकें र त्यो असत्यबाट पन्छिएर अलग पनि भएँ। अब मलाई सत्य दर्शनको लागि धेरै समय पनि लाग्दैन तर यो मेरो उन्नतिलाई पतन भनेर उनीहरू भागे। साधारण संसारबाट के आशा गर्ने? साँच्चै भन्ने हो भने यो त उनीहरूकै पतन हो। त्यस स्थानलाई म ऋषि पतन भन्दछु, जुन स्थानमा उनीहरू गए। संसार आज भोलि त्यही पतनको बाटो हिँडिरहेका छन्, सत्य, शिव तथा सुन्दर देखि डराई भागिरहेछन्। तिनीहरूले असत्य, अशिव तथा असुन्दरताको भक्ति गरिरहेछन्। संसार मूर्ख हो कायर हो, म जान्दिन कि यो पशु समान मनुष्य माथि दया गर्नु त घृणा मात्र हो।

पापीमार भनिरहेछ– गौतम, संसारले तिमीलाई चिन्दैन त्यो तिम्रो दयाको योग्य छैन, त्यो दण्डको योग्य छ। तिमी घर फर्क राजदण्ड धारण गर, संसारको शिखरमा चढ। अनिमात्र तिमीलाई ससारले चिन्दछ।

मैले (बुद्ध) भनें– पापीमार, तिमीले मलाई के सिकाइरहेछौ। संसारले मलाई चिने पनि नचिने पनि त्यसमा मलाई केही वास्ता छैन। ससारले मलाई चिन्न सकेन भनेर के असत्यको आश्रय लिने? यसबाट मलाई के लाभ हुन्छ? जसले आफूलाई नै चिन्न सक्दैन त्यस्तालाई संसारले चिने पनि के नचिने पनि के? अगाडि दुःखको पर्वत छ मलाई यो थाहा छ तिमीलाई पनि यो थाहा छ। यहाँ आउने सबैलाई

Downloaded from http://dhamma.digital/

यो थाहा छ । तर यसबाट उसलाई के लाभ ?

त्यसले आफूलाई त चिनेकै छैन । जसलाई संसारले चिन्दछ, तर उसले आफैलाई नै चिन्दैन, त्यस्तो ढङ्गा हुने इच्छा मेरा छैन । मैले आफूले आफैलाई चिन्ने कोशिश गर्छु । चाहे संसारले मलाई चिनोस् या नचिनोस् । यसको मलाई वास्ता छैन ।

मेरो कुरा सुनी पापी मार भाग्यो तर उसले जहाँ चोट लगायेर गए त्यस ठाउँमा अहिले पनि दुखिरहेको छ ।

★

Downloaded from http://dhamma.digital/

# सेवाको संकल्प

यो गएको कयौं रात म विचार मग्न थिएँ। जुन सत्यको लागि राज वैभव तथा सुन्दरी पत्नीलाई त्यागी तपस्या गरेको थिएँ, त्यस सत्यको दर्शन पाउँदा मलाई आश्चर्य लाग्यो त्यसको दर्शनले मेरो जीवन सफल भयो।

तर के जीवनको सफलता यति मात्रै हो? जीवन भर आनन्दमा भूली अविद्यामा डुबी रहेका प्राणीहरूलाई बिर्से भने के मेरो जीवन सफल होला? के समाजमा केवल एउटा मानिस मात्र त्यती माथि बस्न सक्ला? जहाँ कि संसारको दृष्टि नै पुगेको छैन जहाँ कि चारैतिर नरक समान भइ रहेका छन्, जहाँ कि दुर्गन्धले नाक खुला राख्न मुश्किल छ। त्यस्तो संसारको बीचमा आफ्नो एउटा सानो बगैंचा बनाई फूलको सुगन्ध लिएर दिव्य संगीत सुनेर आनन्द मग्न भएर बस्नु के संभव छ? समूहको उद्धार नगरी व्यक्तिको भलाई कसरी हुन्छ? संसारमा यदि पाप छ भने त्यसका केही फल मैले पनि भोग्नु पर्छ। संसारलाई माथि नउठाइकन आफू मात्रै कहाँ माथि जान सकिएला?

तर संसारलाई कसरी माथि उठाउने हो? के संसारले उन्नत हुने इच्छा गरेको छ? के उसँग वास्तविक बाटोमा हिड्ने इच्छा छ र? जुन परम सत्यको दर्शन मलाई भयो त्यसको तेज जगतले सहनु सक्ला? संसार अतिवादको पूजारी हो। अतिलाई मात्र उसले महान्

Downloaded from http://dhamma.digital/

भनेर सोचिरहेको छ । त्यसले वैभवलाई पूजा गर्दछ । अधिकारलाई विशेष मान्ने राजाहरूको पूजा गर्दछ । देह दण्डलाई अति गर्ने तपस्वीरहरूको पूजा गर्दछ । त्यो अगम्यको पूजारी हो, आश्चर्य एवं निरर्थकको पूजारी हो । तर प्रेमको पूजारी होइन, सरलताको पूजारी होइन ।

संसारमा भएका सबै अतीवाद दुःख दायक हो । एकै रसको भोजन स्वादीलो हुँदैन । जस्तै– नून खुर्सानी खुर्सानी मात्रै अथवा गुलियो मात्रै हालेर भोजन स्वादिष्ट हुन्न । स्वादिष्टताको लागि सबै ठिक्क मात्रा मिलाइ राख्नु पर्दछ । जीवनको लागि पनि यही कुरा हो । त्यसमा त्याग चाहिन्छ । तर आवश्यक देह दण्ड होइन, त्यसमा भोग चाहिन्छ, तर इन्द्रियको दास बन्नलाई होइन, मार्ग माध्यम हो । तर के संसारले यो कुरा बुझ्न सक्ला र ? सकेन भने मैले संसारलाई कसरी सत्य बाटो देखाउने ?

अर्को पनि एउटा बाधा छ, संसारको दृष्टि साँच्चै उल्टो रहेछ, जुन चाहिन्छ त्यही नचाहिने भनेर सोच्दछ जुन चिज चाहिँदैन त्यसलाई चाहिने भनेर सोच्दछ । जुन उद्देश्य हो त्यसलाई गौण सिद्ध गरि रहेका छन् जुन उद्देश्यसँग केही सम्बन्ध छैन त्यसैलाई मुख्य सिद्ध गरि रहेका छन् । त्यस प्रकार जहाँ उसको दृष्टि नै राम्रो छैन । त्यहाँ उसलाई के देखाउने ?

मानिसहरूले सुखको इच्छा गरिरहेका छन् । दुःख देखेर डराइ रहेका छन् । तर यिनीहरूले दुःख सुखलाई चिन्ने प्रयास गरेका छैनन् । न त यसको कारण नै जान्ने कोशिश गरे । जुन मनोविकारबाट गरेर मनुष्यहरू दुःखी भइ रहेका छन्, संसारलाई पनि दुःखी बनाई रहेका

Downloaded from http://dhamma.digital/

छन् । त्यस्ता मनोविकारलाई खतम पार्ने चिन्ता उनीहरूमा छैन । आफ्नो चारै तिर जुन दुःखका कारणले घेरिरहेका छन् । त्यस्ता कारण-लाई हटाउने चिन्ता पनि उनीहरूमा छैन । बरू यिनीहरूमा यी कारण-हरूको चिन्ता नै धेरै छन् स्वर्ग कहाँ छ ? कस्तो छ ? त्यहाँ अप्सरा-हरू छन् कि छैनन्, नरक कहाँ छ ? कस्तो छ ? परलोक कहाँ, कस्तो छ ? यस प्रकारको निरर्थक कुरामा आफ्नो विचार खलबलाई रहेका छन् । यस्तै कुरालाई लिएर मानिसहरू फौज फौज जम्मा भई रहेका छन् । झैं–झगडा गर्ने गरि रहेका छन् । निन्दा गरि रहेका छन् । फेरी यसलाई नै धर्म भनेर मानिरहेका छन् । यस्ता बौलाहा जस्तो संसार-लाई मैले कसरी सम्झाउने, कसरी बुझाउने ? यिनीहरूलाई त दम्भ चाहिन्छ । कुनै मानिसले परलोक आदिको याममा उसलाई सुखको कुरा सुनाइ सर्वज्ञताको धक्कु छोडेर उसलाई ठग्यो भने संसार उसमाथि सन्तुष्ट भइरहनेछ । तर कुनै एक जनाले राम्रो असल कुरा गरी अज्ञेय-लाई अज्ञेय ज्ञेयलाई ज्ञेय भनी सुखको सिधा तर सरलको बाटो यही हो भनेर देखायो भने बौलाहा संसारले उसलाई बौलाहा कहिन्छ । उसले त इच्छा गर्दै छ कि कसैले उसलाई अँध्यारो ठाउँमा केही खोज्ने काम देओस, जहाँ कि उसलाई अनेक प्रकारका कल्पना गर्नलाई प्रयप्ति ठाउँ पावस् । उसले प्रकाशको इच्छा गरेन, किनभने प्रकाशमा मनमा आए जस्तो कल्पना गर्ने स्थान छैन । प्रकाशबाट जति कुरा देखिन्छ, मनले पनि उतिनै देखिन्छ । किन्तु मनुष्यलाई यसमा सन्तोष कहाँ हुन्छ ? उसको अँध्यारोमा बसी अनन्त कल्पना गर्ने इच्छा छ । यस्तो संसारलाई मैले कसरी प्रकाश दिउँ ? उल्लुलाई प्रकाश दिनुको अर्थ के

Downloaded from http://dhamma.digital/

हुन्छ ? होइन बाबा, मैले केही पनि दिन्न । संसार आफ्नै सुरमा मस्त भइ रहोस् म आफ्नै सुरमा मस्त भइ रहन्छु ।

पापीमार भनी रहेछ– यही ठीक हो, गौतम तिमी सेवाको फन्दामा नपरोस् । तिमीले सत्य शिव दिने इच्छा गरी रहेका छौ । संसारले राम्रो इच्छा गरी रहेको छ । तिमीले सोझोबाटो देखाउने इच्छा गरी रहेका छौ, संसारले सोझो त हामीलाई पनि थाहा छ, भनी रहेछ त्यसको लागि तिमीले के गर्न सक्यौ ? तिमी संसारको लागि होइनौ । गौतम जुन दिन तिमीले संसारमा ठगहरूको मात्र जय भइरहेको र तिमी माथि संसार हांसी रहेको देख्छौ ? त्यस दिन तिमी विरक्त हुनु पर्ला । जहां असफलता निश्चय छ, त्यहां जानु नै किन ? तिमीले सिद्धि प्राप्त गरी सक्यौ, बस अब तिमीले आनन्द गर । यदी संसार नरक तिर गइ रहेछ भने जान देउ, त्यो त गइ नै रहने छ, त्यसको लागि तिमीले किन टाउँको दुखाउने ? हिलोयुक्त नाललाई दूध र खुवा बनाउने भनेर आफूसंग भएको दूध किन त्यसमा खन्याउने ?

तर यो पापीमारलाई खतम पार्नको लागि मेरो स्मृति जहिले पनि जागृत भइ रहन्छ । स्मृतिले पापीमारलाई भन्यो– धुर्त ! संसार-को धुर्तहरूको विजय भयो भन्दैमा सबै धुर्तहरूका सम्राट तिम्रो पनि विजय होला र ? संसारले नबुझे के त ? जान्ने ले त बुझेर लिइहाल्छ । यदि तथागतले एउटा मानिसलाई मात्र उद्धार गऱ्यो भने पनि त्यसमा के हानी छ, एउटा पछि दुइटा त हुनेनैछ । फेरि जो बुद्ध ज्ञानी छ, योगि छ, जिन हो, उसलाई दुःखी तथा निराश गर्न सकिदैन । काम गर्नु मानिसको स्वभाव हो, काम नगरिकन सुख प्राप्त हुन सक्दैन । यस्तो

Downloaded from http://dhamma.digital/

मुर्खता उसलाई मन पर्दैन, यस प्रकारबाट कुनकुनै समयमा पनि काम गर्नु स्वभाविकै हो, भने तथागतले जन–साधारणको लागि काम किन नगर्ने ?

यो ब्रह्मानुरोध नै मलाई ठीक लाग्छ । म निरपेक्ष सेवक हुनु पर्छ । संसार त बौलाहारोगी समान हो । जसले आफ्नो वैद्यलाई चिन्दैन, त्यसले वैद्यलाई गाली गर्छ, दुःख दिन्छ । तर जुन परोपकारी वैद्य हो उसले यस्तो कुव्यंवहारलाई वास्ता नगरिकन रोगीलाई औषधि नै गरिरहन्छ ।

मेरो यो निरपेक्षक दृढ निश्चयबाट पापीमार फेरि हारेर भाग्यो ।

★

Downloaded from http://dhamma.digital/

# असफलतामाथि विजय

यो देशको विचार शक्ति खतम भइ सकेको छ । मनुष्यहरूले यो विचार गर्न सकेन कि कोही मनुष्यले विचार गरी संसारको अगाडि केही राख्न सकिन्छ ? यदि कोही कसैले आफ्नो अनुभवबाट तत्व खोजेर संसारको अगाडि राख्यो भने संसारले यही पहिलो प्रश्न गर्छ कि तिमी-ले सत्य कहाँबाट ल्यायौ ? कुन शास्त्रबाट अथवा कुन चाहिं गुरुबाट प्राप्त गर्‍यौं ? मानिसहरू कति मूर्ख छन् भने उनीहरूले यति पनि विचार गर्दैनन् कि शास्त्रको मूल तथा गुरुहरूको मूल पनि त अनुभव नै हो । यदि शास्त्रकारहरूले यो संसारलाई अनुभवबाट नै पढ्यो भने आज फेरि अरूले किन पढ्न नसक्नु र ?

विचरा उपक आजीवक पनि त्यस्तै सरल स्वभावका थिए । मेरो मुखबाट कुनै नयाँ कुरा सुनेर उनी ताजुब भए, तर विचराले पनि सोच्न सकेन कि वर्षौं तपस्या गरी रातभर ध्यानमा मग्न भएर मैले यो अमूल्य सत्य प्राप्त गरेको हो । मेरो नयाँ कुरा सुनेर उनले यस्तो प्रश्न गरे तिम्रो गुरु को हो ? – मैले भने कोही व्यक्ति विशेष मेरो गुरु होइन । यो सारा संसार नै मेरो गुरु हुन् । प्रकृति नै खोलिएको पुस्तक-का पृष्ठ हुन् । त्यसलाई मैले आफ्नो अनुभवबाट पढें । त्यसैले म आफैं मेरो गुरु हुं । म अर्हत हुं । म शास्ता हुं । सम्बुद्ध हुं । संसारमा धर्म चक्र प्रवर्तनको लागि (पहिलो उपदेश दिनुलाई) काशी नगरमा

Downloaded from http://dhamma.digital/

जाँदैछु । उपकले हाँस्दै भन्यो– महाशय, तिमीले भने जस्तो भयो भने संसारमा अनन्त जिन होलान् । मैले भनें– म जस्तो व्यक्तिलाई मात्र अनन्त जिन भनिन्छ । जिनत्व छाला माथि हुँदैन । फेरि जिनत्व खोल बाहिर पनि छैन । त्यो पवित्र हृदय माथि निर्भर गर्दछ। जसले सत्यको दर्शन गर्दछ । विकार माथि विजय गर्दछ, त्यही जिन हो । "होला, तिमी नै जिन होला" भनेर मुख बंग्याई उपक एकातिर गए ।

उनी विद्वान् हुन्, सन्यासी हुन् तर उनले पनि मलाई चिन्न सकेनन् सोच्दछु यो संसारले मलाई कसरी चिन्न सक्ला ? जीवनमा मानिसले कसैलाई पनि चिन्दैन । मलाई पनि चिन्दैन, तर मलाई यो विश्वास छ कि कुनै न कुनै दिन मेरो बाटोमा मानिसहरू अवश्य आउँलान् । मैले संसारलाई जुन सत्य दिइरहेको छु त्यसैले गरेर संसार-लाई कल्याण हुन्छ । त्यसैले आज होइन भने भोली त उनीहरूले बुझे सम्झेर लिइ हाल्ने छन् । हो; बुझाउने जिम्मा विद्वान्हरूले लिइ राखे-का छैनन् । साधारण जनताहरूको भन्दा विद्वान् हौं भनेर बस्नेहरूको अन्धश्रद्धा भयंकर हुन्छन् । साधारण जनहरूले आफ्नो अन्धश्रद्धा माथि बुद्धिवादको आवरणले ढाक्दैनन् । जसरी पण्डितहरू ढाक्तछन्, त्यस्तो आत्म वञ्चनाले गर्दा पण्डित जनहरूले सत्यको दर्शन गर्न सक्दैनन् । साधारण रूपले बुझ्ने भावुक व्यक्तिले नै सत्यको दर्शन गर्दछन् । यदि पण्डितहरूले सयमा एकजनाले सत्यको दर्शन गरे भने, साधारण जनहरू-ले सयमा दश अथवा पाँच जनाले सत्यको दर्शन गर्छन् । उपक पण्डित हुन् । तर उनका अन्धश्रद्धाको कुनै अन्त छैन । आफ्नो अन्धश्रद्धालाई उनले आफैले सोच्न बुझ्न सक्दैन । उनले त्यस माथि बुद्धिवादको खोल

Downloaded from http://dhamma.digital/

हाले । संसारमा उपक जस्ता कति छन् तर कसलाई के थाहा ? तिनी-हरूले मलाई चिन्छन् कि जो संग अन्धश्रद्धा छैन, अहंकार छैन । जुन जिज्ञासु तथा मुमुक्षु हो । चाहे विद्वान् होस् वा नहोस् मलाई जसले चिन्दछ मैले उसलाई सत्य दर्शन गराउन सकुंला ।

दुःखको कुरा यो छ कि आलार कालाम पनि संसारबाट बिदा भइसक्यो । उद्दक रामपुत्रको पनि मृत्यु भएको समाचार भरखरै प्राप्त भयो । यिनीहरू सुपुत्र हुन्, यिनीहरूसँग बुद्धि छ, निष्पक्षता र जिज्ञासा पनि छ । म तिनीहरू कहाँ सिक्नको लागि गएँ । सिक्नु पर्ने जम्मै छिटै सिकेर लिइसकेपछि, मैले भने– हजुर कहाँ अरू पनि केही सिक्नु बाँकी छ कि ? यी दुवैले सांचै पवित्र हृदयबाट उत्तर दिए अब हामीसँग केही छैन तिमीले सबै सिकेर लिइ सक्यौ । त्यसैले अब तिमी यहाँको आचार्य होऊ । तर मैले आचार्य हुन स्वीकार गरिन, परन्तु अन्तिम सत्य प्राप्त गर्ने इच्छा प्रकट गरे । अनि तिनीहरूले अर्को ठाउँमा जाने अनुमति दिए । संसारमा यस्ता सरल हृदय भएका विद्वान्हरू पाउनु सजिलो छैन । यदि आज तिनीहरू बाँची रहेका भए अथवा मेरो यो अन्तिम सत्य सुन्न पाएका भए अवश्य प्रसन्न भएर तिनीहरूले मेरो मार्गलाई स्वीकार गर्थ्यो होला ।

परन्तु आज पहिले नै विच्छुक भयो । पहिलो गाँसमा नै झिंगा पऱ्यो । के यसलाई विच्छुक सम्झने ? होइन अब म छुक र विच्छुक-बाट अलग भइ सकेको छु । यो पनि संसारमा एउटा भ्रम हो । छुक र विच्छुक पनि कल्पनाको भूत हो । जसले निर्बल हृदयलाई तर्साउँछ । त्यसले मलाई के गर्न सक्ला ? यदि सयौं पटक असफल हुन परे पनि

Downloaded from http://dhamma.digital/

एक सय एक पल्ट प्रयत्न गर्न म तयार छु । यदि विच्छुक केही खराब नै वस्तु होस् तापनि वार वार निष्फल हुन परे पनि मैले यस शक्तिलाई क्षीण गरेरै छोड्छु । मैले छुक र विच्छुकलाई वास्ता गर्नु हुँदैन र यसमा मान अपमानको चिन्ता गर्नु पनि हुन्न ।

उपकले मलाई आज जस्तो अपमान वा अनादर गऱ्यो त्यस्तो अपमान तथा अनादर त मैले धेरै पल्ट सहनु पर्ने नै छ । मैले यो विष पिउनु मात्रै हैन, किन्तु यसलाई पचाउनु परेको छ ।

★

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# सांच्चै त्यागी प्राप्ति

मलाई चिन्ने मानिसहरू यति चाँडो यत्तिका फौज भेला होला भनेर मैले सोचेको पनि थिएन । यो साधु संस्थाको गौरव हो । लाखौं मानिसहरू सम्पत्ति छोडेर यहाँ आयो । वैभव त्याग गर्ने जति पनि शिष्यहरू मलाई प्राप्त भयो, त्यति नै यो संस्थाको गौरवान्वित हुन्छ । यिनीहरूले प्रलोभनलाई बढ्ता जितेर लिनु सक्छ, पाइला पिछैं यिनीहरूले यसरी सोच्दैन कि यहाँ भन्दा घरमा राम्रो खाएका थिए, राम्रो लुगा लगाएका थिए, जसरी मनमा आयो त्यही नै गरी रहेका थिए । अब यहाँ भिक्षा थापेर आनन्द लिनुको अर्थ के ?

जुन मानिस आफ्नो दरिद्रताको कारणबाट अथवा पेट भरी खानलाई मेरो संस्थामा आउँछ । उसले लाउने, र खाने पहिले भन्दा सुविस्ता छ छैन मात्र विचार गर्छ । यस्ता मानिसले संसारलाई केही दिनु सक्दैन । आफुले पनि केही प्राप्त गर्नु सक्दैन, यिनीहरू भिक्षु भएर बस्नु गाह्रो हुन्छ ।

धेरै जसो वैभव त्यागीहरू मेरो संस्थामा सम्मिलित छन् यो अति राम्रो नै भयो । उनीहरूलाई त्यागको आनन्द पनि महसुस हुँदै छ । शारीरिक सुख भन्दा मानसिक सुख उनीहरूमा सन्तुष्टका लहराले छाएका छन् । सांच्चै भन्ने हो भने, सुख भनेको मन भित्रकै वस्तु हो । तर संसारले यो कसरी बुझ्दछ र ? उसले त बाहिरको मात्रै सुख हेर्छ ।

Downloaded from http://dhamma.digital/

संसारले यो सोचेन कि यदि प्राकृतिक राम्रो नभई दिएको भए, हाम्रो जिब्रो असल नभएको भए, भोक न लागे षड्रस व्यञ्जन पनि केही स्वादिलो नहोला ।

यदि भोक लागेमा, शरीरमा केही रोग नभए, सुकेको चना पनि षड्रस व्यञ्जन झैं मिठो हुन्छन् ।

आनन्दको स्रोत मन भित्र छ, बाहिर छैन जस्ले यो तत्वलाई बुझ्दछ त्यही नै त्यागी र भिक्षु बन्न सक्छ ।

भद्रा र पिप्पलाहरूको त्यागको विषयमा कुरो सम्झेर आउँदा त्यागको महत्ताको आनन्दले हृदय भित्र शान्तिका फुलहरू मुस्कराएर आउँछन् । भद्रा जस्ता सुवर्ण वर्णका सौंदर्य मूर्ति भएकी युवती एउटा विपुल श्रीमन्तको छोरी, एक महान् श्रीमन्तको छोरा बुहारी, एक विद्वान् स्वस्थ सुन्दर युवकको श्रीमती तिनीले संसार हितको लागि र आफ्नो हितको निमित्त गृह त्याग गरिन् । फेरि त्यस्तै नारी तथा विशाल वैभवलाई त्याग गरेर हजारौं दास दासीहरूलाई स्वतन्त्र गरेर पिप्पला पनि गृह त्यागी भइन् । अहिले तिनी म सँग बसेर ब्रह्मचर्य पालन गरी रहेकी छिन् । यस्तो मानिसहरू नै संघको महिमा हो । यस्तै मानिसहरूले प्रलोभनमा न अल्झी जनताको सेवा गर्न सक्नेछन् । पिप्पलाको त्यागले गर्दा हजारौं दास दासीहरूलाई स्वतन्त्रता प्राप्त भयो । उसको सम्पत्ति हजारौं घर परिवारलाई बाँडी दियो । आनन्द-को लहर निस्क्यो के यो संसारको कम उपकार हो र ?

खानु र लगाउनु मानिसलाई धेरै चाहिन्दैन । यदि सबैले चाहिँदो जति मात्र खायो, लगायो भने संसारमा दरिद्रता नै रहँदैन । आर्थिक

Downloaded from http://dhamma.digital/

संघर्ष बन्द भयो कि संसारमा प्रायः सबै पाण्हरू नष्ट भएर जान्छन् । तर मानिससंग यस्तो तृष्णा हुन्छ कि उसले संसारलाई दुःखागार बनाई राख्यो यस्तो दुःखागारलाई जति सक्यो उति सुखमय गराउने यो मेरो प्रयत्न हो ।

जति मानिसहरू मेरो साधु संस्थामा आउँछन्, उति नै संसारको आर्थिक संघर्ष कम हुन्छ । संसारको सम्पत्ति विभाजन गरी लिने मानिसहरू त्यत्तिकै कमै होलान् । खास गरेर श्री मन्तहरूको संन्यासले (गृहत्यागले) गर्दा दुनियाँलाई धेरै जसो लाभ नै होला । किनभने उनीहरूको ढुकुटीको सम्पत्ति बटुलेर अरूको हानी भइरहेछन् ।

यही भद्रा पिप्पला जस्तो श्रीमानहरूले गृहत्याग गऱ्यो भने संसारमा यस्तो दासता नै रहँदैन । दरिद्रता नै देखा पर्ने छैन । हेरू म कहाँसम्म सफल होला ?

दुनियाँ माथि श्री मन्तहरूको भार मात्र होइन, साधु–भेषहरूको पनि भार छ । यी साधु भेषहरूको पनि परिग्रहका घर भइरहेका छन् ।

यिनीहरूको महत्वांकाक्षा राजाहरूको भन्दा कम छैन । यिनीहरू सत्य ग्रहण गर्न तयार छैन ।

केही लुप्त तत्वको आविस्कार गऱ्यो भने संसारलाई विवेक तथा सच्चा त्यागको मार्गमा लगे पनि उनीहरूले यस्मा बाधा दिने गर्दछ । तर सारिपुत्र तथा मौद्गल्यानहरू धन्य छन्, यिनीहरू आफ्नो चक्रबाट निस्केर बाहिर आएर आज म कहाँ ब्रह्मचर्य पालन गर्दै छन् ।

आज भोलिका धेरै जस्तो साधु भेषीहरूले परलोकको नामबाट

Downloaded from http://dhamma.digital/

केही नजाने बुझेका मानिसहरूसँग लुटी रहेका छन् । ज्ञानको विकास-लाई छेकि राखेका छन्, कुरूढीवादीको पूजा गरिरहेका छन् । विचार-को दमन गर्दैछन् । तथापि आज उनीहरू नै पूज्य छन्, श्रीमान्, महन्त हुनु भएका छन् । सारिपुत्र र मौद्गल्यानहरू पनि यस्तै संस्थामा सम्मिलित थिए । जब यिनीहरूले अश्वजितलाई भिक्षा मागी रहेको देखे, र उसको मुखबाट मेरो सन्देश सुनियो, त्यही दिन उनीहरूले मलाई शास्ता मानेर तथा परिव्राजक संघको महन्तको प्रलोभन छोडी म कहाँ ब्रह्मचर्य पालन गर्न आए ।

संजय परिव्राजकले तिनीहरूलाई भन्यो– आबुसो, यो अनर्थ नगर । तिमीहरूले परिव्राजक संघबाट नै सबै प्राप्त गरी सक्यो । तिमी दुवैलाई मैले आजै परिव्राजक संघको महन्त घोषित गरी दिन्छु । धेरै नै श्रीमानहरू यस संस्थाको भक्त भएर बसेका छन् । तिनीहरू, तिमी-हरूको आँखाको इसारामा नाच्छन्, तिमीहरूको प्रशंसा गर्छन् । शाक्य पुत्र कहाँ गएर तिमीहरूलाई के प्राप्त हुन्छ र ? सबै शिष्यहरू मध्ये तिमीहरू पनि दुई शिष्य भई बस्नु पर्ला । यहाँ त तिमीहरू महन्त हुने छन्, त्यहाँ तिमीहरू सेवक बन्ने छन् विचारेर सोच, आबुसो, के मा तिमीहरूको हित हुन्छ ?

तर सारिपुत्र तथा मौद्गलयायनले भन्यो– यस्तो महन्तपदमा जीवन सफल छैन । जीवनको सफलता सत्य प्राप्त गर्नुमा छ । गौतम बुद्ध काहाँ गएर जुन सत्य हामी प्राप्त गर्छौं त्यस शान्तिलाई टिपेर लिन्छौं, कसरी जनहित गर्न सकिन्छ । त्यसरी नै त्यो सत्य, त्यो शान्ति, तथा त्यसरी जनहित यहाँ बसेर गर्न सक्दैनौं । यस्तो निःसार भएको

Downloaded from http://dhamma.digital/

महन्त पद के गर्नुलाई ? त्यहाँ हामी शिष्य भएर बसौंला, अरूको सेवा पनि गरौंला । हो यहाँ जस्तो त्यहाँ पूजा गराएर बस्न पाउँदैन । तर यसमा हाम्रो के नोक्सान होला र ? भक्तिको बसमा बसेर आफु भन्दा महान्को सेवा गर्ने धर्म तथा शौभाग्य मात्र होइन, आनन्द पनि हो । यस प्रकारको आनन्दबाट किन डराउने साधु भएर परिश्रमबाट डराउनु पर्ने के छ र ? शेष, सम्मान र यश, त यस्को मित्र छ । सत्यमा प्रतिष्ठित हुंदा चित्त संतोष हुने हुन्छ । चित्त संतोष संसारको प्रशंसा भन्दा हजारौं गुना बढी सुखद हो । आवुसो, अब हामीलाई बाहिरको महन्त पद चाहिंदैन । भित्रको राज्य चाहिन्छ, यो हामीले थाहा पायौं ।

यस प्रकारले सत्य भक्त मानिसहरू जनसेवाको भावना राखी तथा चित्त शान्तिबाट प्रेरित भई मकहाँ आइरहेका छन् । यस्ता त्यागी-हरू जबसम्म यो संसारमा भइरहन्छन् त्यसबेलासम्म म यो भन्नु सक्छु कि मानव समाजको भविष्य उज्वल भइ रहन्छ । यदि मनुष्य समाजमा उपक छ भने सारिपुत्र मौद्गल्यायन, भद्रा, तथा पिप्पला आदि पनि छन् । निराश हुनु पर्ने केही कारण छैन ।

★

Downloaded from http://dhamma.digital/

# कच्चा साधु

आज समाचार आयो, आनन्दको तीस जना शिष्यहरू प्रव्रज्या छोडेर गृहस्थ हुन गयो। तिनीहरू सबै जवान थिए। अर्को समाचार यो पनि आयो कि मेरा भिक्षुहरूले अत्यन्त नराम्रो असभ्य आचारण गरिरह्यो। भोजन गर्ने बेला भयो कि युद्धको तयारीमा कराए जस्तै ठूलो स्वर गरिहाल्थे। भिक्षाको लागि जाँदा अगाडि गएर जहाँ मन लाग्यो त्यहीं जुठो पात्र थापेर देखाई राख्छन्। यिनीहरूलाई देख्दा, कस्ले भन्ला साधारण मानिस भन्दा विशेषता भएको भनेर :

यी खोक्रा मानिसहरू अयोग्यहरूलाई, मैले सारै तिरस्कार गरेको छु तथा राम्ररी बस्नु सिक्नुको लागि यिनीहरूको एउटा उपाध्याय, तथा आचार्यहरूको पनि निश्चित गरिदिएँ। आफू उपाध्याय र आचार्यहरूको सेवा गरिरह्यो भने उपाध्याय आचार्य तथा उपाध्याय-हरूले पनि यिनीहरूलाई सहयोग गर्लान्। यस प्रकारबाट उनीहरूको अव्यवस्था हटेर जान्छ। परस्परको अवलम्बनबाट यिनीहरू निराकूल पनि हुन्छन्।

आनन्दको तीस जवान शिष्यहरू भागेर गए। यसको लागि महाकाश्यपले आनन्दलाई सारै तिरस्कार गरे, साँच्चै भन्ने हो भने, आनन्दसंग दीर्घ दृष्टि छैन। उ वर्तमानलाई मात्र हेर्थ्यो, नगद, पुण्यको पूजारी हो। छिटै प्रशस्त पनि हुने, जुनसुकै काम पनि तुरुन्तै गर्ने।

Downloaded from http://dhamma.digital/

किन्तु पछि त्यसको के परिणाम हुन्छ, यसको चिन्ता गर्दैन । महाकास्यपले उसलाई तिरस्कार गरेको ठिकै छ । म कहाँ आएको भए सम्भवतः उसलाई यति तिरस्कार त गर्दिन, तर शिष्य मोहबाट टाढा बस्नुको लागि चेतावनी त अवश्य दिने गर्छु ।

कृषकहरूले खेतको काम गर्दा धानको बोटसँगै घाँस पनि उम्रेर आउँछ, तर घाँस देखेर डराएर कृषकले आफ्नो काम छोड्दैन । मेरो संघमा पनि यही कुरा छ । मेरो संघ रूपी खेतमा सारिपुत्र, मौद्गल्यायन जस्ता धानको बोट पनि छ, फेरि भिक्षाको लागि कराउनेहरू भिक्षु भएर भागेर जाने घाँस पनि नभएका होइनन् । मैले ती बोटहरू उखेल्नु नै परेन, आफै उखलेर गए । जसरी आनन्दको शिष्यहरू भागेर गयो, यस्मा डराउनु पर्ने लज्जाउनु पर्ने कारण नै के छ र ? मेरो विचारमा त हरेक मानिसहरूले गृहत्यागी भएर केही दिनको लागि भए पनि त्यागी जीवनको अनुभव गरी राख्नु पर्छ । संघमा जस्लाई जति बस्ने इच्छा छ, बसोस्, यस्मा मलाई चिन्ता छैन, न यस्लाई मैले संघको निन्दा नै सम्झें ।

जो जस्ले यस्ता कुरा ल्याएर मेरो संघको निन्दा चर्चा गर्लान त्यसलाई म यो भन्छु कि त्यस्ता खेती गरेर देखाउ जसबाट धानको बालासँगै घाँस उम्रन नपाओस् ।

★

Downloaded from http://dhamma.digital/

# सेवक संग्रहको कारण

दुनियाँले भन्दछन्, श्रमण गौतमले घर बिगार्दछ, उसले लोग्ने मानिसलाई भिक्षु गराई स्वास्नी मानिसहरूको शौभाग्य लुटी रहेको छ। बुढाबुढीहरूको भरोशा नष्ट गरी दिएकोछ, छोरा, बाबु, लाई लगि रहेको छ। समृद्धि श्री मन्तहरूको घर बिगारी दिएको छ। हजारौं मानिसको केश काटी दियो। संजयको दुइसय भन्दा बढी शिष्यहरूलाई भिक्षु बनाइ लग्यो, फेरि को कसलाई लैजान यहाँ आयो, कुन्नी ?

मूर्ख मानिसहरूले यस प्रकारबाट निंदा गरी रहेको समाचार लिएर मेरा शिष्यहरू म कहाँ आए। मैले उनीहरूलाई भनें, तिमीहरूले चिन्ता न गर केही समय पछि यो चर्चा रहँदैन। तथा सत्यको राज भवनसम्म त कहिल्यै पुग्दैन।

यो त प्रसव पीडा हो। समाजमा समानता ल्याउनको लागि यो पीडा आवश्यक छ। मैले धनी मानिसको घरमा खोक्रो बनाउने इच्छा गरें, यो काम गर्यो भने मात्र गरीबीको घरमा सम्पूर्ण होला। भोग विलासमा उन्मत्त भइरहेको कामिनीहरूले पनि सम्पत्तिको निसारता बुझेर लिन्छ दान दिनु सिकेर लिन्छ आज भोलीको समाज भोग विलास यसरी डोरी रहेछ कि उसलाई अर्को दिशा तर्फ देखाउन-लाई यो नगरी भएन, समय आउनेछ। आफ्नो काम मैले रोक्नु पर्नेछ।

Downloaded from http://dhamma.digital/

मेरो मार्ग मध्यम हो । म निरतिवादी हुँ । विलासिताको संख्या घटाउनु परेको छ ।

सम्पत्तिको विभाजन गर्नुको लागि पनि यो काम गर्नु पर्छ । यदि पछि कुनै समयमा सन्यासको संख्या बढी भएर समाजले संन्यासीहरूको भारथाम्न न सक्दा गृहस्थाश्रमलाई धक्का लाग्यो भने, अनि मैले अवश्य यस विषयमा प्रतिबन्ध लगाउनेछु । अहिले त मैले श्रीमानहरूको घर खोक्रो नै पार्नु परेको छ । यसबाट समाजमा कम बिकार होला । समाजलाई योग्य सेवकहरू पनि प्राप्त हुनेछन् ।

जनता त बहुला, रोगी समान, छ । उसले त चिकित्सा कष्ट मात्र देख्छ चिकित्साले के लाभ हुने हो ? यो कुरा त उसलाई थाहै छैन, यो त वैद्यले मात्र देख्छ, त्यसैले वैद्यले रोगीको आक्रोशमा चिन्ता नगरोस् ।

समाजको चिकित्साको लागि म पनि दुनियाँको आक्रोशमा चिन्ता गर्दिन ।

★

Downloaded from http://dhamma.digital/

# नारीत्वलाई प्रणाम

अब मलाई आफ्नो मातृभूमिको मोह छैन। अब त समस्त विश्व नै मेरो मातृभूमि हो। त्यसो भएता पनि अस्ति म कपिलवस्तु जांदा यस्तो विदित भएन कि सारा संसार मध्ये एक ठाउँमा आइरहेछु। पूर्व संस्कारले गर्दा अरू ठाउँहरू भन्दा केही विशेष अनुभव भयो, हुन त म बुद्ध भइसकें तथापि पापीमारको आक्रमण भइनै रहेको छ।

मारले भन्यो– मारिस, यद्यपि तिमी गृहत्यागी हौ, तथापि आफ्नो जन्मभूमिमा आएपछि जो तिम्रो दर्शनको लागि अधिक उत्सुक छन्, उनी काहाँ पहिले जानु पर्छ तिम्रा बुबा, तिम्रा पत्नी, र अन्य स्वजनहरू तिम्रो दर्शनार्थ कैयौं बर्ष देखि प्रतिक्षामा रहि रहेका छन्। त्यसैले सबै घरहरू छोडी पहिले तिमी आफ्नो घरमा नै भिक्षा माग्न जाउ।

मैले भनें– मार, जो बुद्ध हुन्, वीतराग हुन्, जिन हुन्, त्यसलाई यस्तो पक्षपात राम्रो छैन। मेरो लागि को उत्सुक छन् भनेर विचार गर्नु भन्दा मैले यसरी विचार गर्नु पर्छ कि मेरा भिक्षु संघका लागि को उत्सुक छन्, को अनुत्सुक छन्? यस दृष्टिले हेर्दा मैले यही बुझें, कि आफ्नो घरको स्वजन र परिजन जस्तै अन्य नागरिकहरू पनि उत्तिकै उत्सुक नै भइरहेका छन्। यस कारण अब म स्वजन परिजनको पक्षपात गर्दिन क्रमैसित म भिक्षा माग्न जानेछु।

Downloaded from http://dhamma.digital/

म घरैं पिच्छे भिक्षा माग्नको लागि अगाडि बढ्दै थिएँ, तर त्यही राजदरबार त्यही अति विशाल प्रासाद, मेरो सामुने खडा भयो । राजमहल तिर गएको मेरो दृष्टिलाई मैले रोक्न सकिन । प्रासादको एउटा झ्यालमा मेरो नयनले राहुलमातालाई देख्यो । ओह ! कस्तो परिवर्तन ! जसलाई मैले राती सुति रहेको बेला छोडेर गएको थिएँ, ती एउटी राजकुमारी थिइन् । अहिले मैले कसलाई देखि रहेछु, उनी राजकुमारी भए पनि भिक्षुणी जस्ती छिन् ।

मलाई देखे पछि तिनी भित्र पसिन् । शायद तिनीले राजालाई आक्षेपपूर्वक भनी होलिन्, हेर्नोस, आज हजुरका सुपुत्र भिखारी जस्तै घर घरैं पिच्छे मागी हिडिरहेका छन् । किनकि केही छिन पछि महाराज शुद्धोदन राजमहलबाट निस्केर म कहाँ आउनु भयो ।

मोह कति प्रबल छ ? शुद्धोदन राजाले मलाई ... ... अहिले सम्म पनि आफ्नो छोरा भनी सम्झी रहेकै रहेछ । त्यसैले राजाले मलाई भिक्षाटनको बाटोमा नै आएर यस्तो भन्नुभयो– पुत्र । तिमीले मलाई किन लाज मर्दो पारी राख्यौ? राजकुमार जस्ता भएर तिमीले घर घरैं भिक्षामाग्न जांदा समाजले मलाई के भन्लान् ? समाजको अगाडि मैले आफ्नो मुख कसरी देखाउँ ? किन भिक्षा माग्ने ? तिमी र तिम्रा शिष्यहरूलाई मैले भोजन दिन सक्दिन र ?

मैले भनें– राजन, यो त हाम्रा वंशको चलन नै भयो ।

राजाले भन्नु भयो– पुत्र, हाम्रा वंश त महान् क्षत्रीय वंश हो । हाम्रो वंशमा कसैले कहिले पनि भिक्षा मागेका छैनन् । भिक्षा त दिए, तर कहिले पनि आफूले लिएनन् ।

Downloaded from http://dhamma.digital/

म– तपाईंले जुन वंशको कुरा गर्नु भयो त्यो त शरीर वंशको कुरा भयो । तर मैले त आध्यात्मिक वंशको कुरा गरिरहेको छु । अब म शाक्य वंशी होइन, श्रमण वंशी भएको छु ।

राजा– भौतिक भोजनको लागि वंशको नै विचार गर्नु पर्छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# नारीत्वलाई प्रणाम-२

मैले भनें राजन, जसको भोजन भूत पोषण अर्थात शरीर पोषणको लागि हो, त्यसले शरीर वंशको विचार गर्छ। तर जसको भोजन आध्यात्मिकत्वको लागि हो, त्यसले आध्यात्मिक वंशको विचार गर्छ।

शुद्धोदन राजा– पुत्र, यो त ठीकै छ, तिम्रा मनमा जस्तो आउँछ उस्तै गर। तर म बाँचुनज्याल मेरै नगरमा आएर यसरी पहिलो दिनै भिक्षा न माँग। सबै भिक्षुहरूसंग संगै महलमा जाओं, त्यहीं सबैले भोजन गर्नु होस्। फेरि कैयौं वर्ष देखि तृष्णामा डुबो रहेका मानिसहरूलाई दर्शनामृत पिलाउनु होस्। यस प्रकारको राजाको अनुरोधले गर्दा म राजदरबारमा जानु नै पऱ्यो। यद्यपि श्रमणहरूमा राजा र रंकमा समभाव छंदैछ, जसको परिचय मैले घर घरै भिक्षा मागी देखाई सकेको छु; तथापि अन्ध समभाव ठीक छैन। समभावको नाममा हठवादी पनि हुनुहुंदैन। बेकारमा मानिसको चित्त दुखाउनु ठीक छैन। मार्ग मध्यम हो। अतिवाद होइन। श्रेष्ठ पुरुषहरूको अनुरोधको पनि त केही मूल्य छ। यही दृष्टिले मात्र मैले राजा शुद्धोदनको अनुरोधलाई स्वीकार गरें। मानिसहरूले सोची देलान् कि गौतम बुद्ध जिद्दीवाल होइन, लकिरको फकिर होइन।

अर्को कुरो यो छ कि म त्यहाँ एकपल्ट जानु नै पर्छ। फेरि यो

Downloaded from http://dhamma.digital/

यो पनि हेर्नु परेको छ कि राहुल माता प्रति यस परिस्थितिले के प्रभाव पाऱ्यो : यसमा सन्देह छैन कि उनलाई मैले ठूलो अन्याय गरें, उनको जीवनको रस चुसेर लिएँ । तर जबसम्म यो संसारमा पाप रहिरहन्छ, त्यस बेलासम्म पापको चिकित्सा गर्नेहरूले यसै प्रकारका कष्ट सहनु नै पर्ने छ, फेरि आफ्ना नाता कुटुम्बहरूलाई पनि कष्ट दिइनै रहनु पर्ने हुन्छ ।

तर एउटी क्षेत्रीणीले त यस्तो वैधव्यको लागि जहिले पनि तयार भइनै रहनु पर्छ । यदि घरमा रही राजा भएर युद्धमा कदाचित मरिएछ भने, राहुल माताले यो कष्ट त सहनु नै पर्छ । साँच्चैको वीरले पनि यति मात्रै भन्न सक्ला कि अन्यायको लागि युद्ध गर्ने छैन । तर न्यायको लागि युद्ध गर्नु पऱ्यो भने, ए मर्न पनि सक्छु । वीर पत्नी एउटीलाई रजोगुण युद्ध चिकित्सामा यदि वैधव्यको संभावना छ भने यो श्रमण पन्थको सात्विक चिकित्सामा पनि त्यही भयो भनेर के आश्चर्य ? एउटा साम्राज्यको लागि हजारौं वीरहरूको मृत्यु हुन्छ, हजारौं स्त्रीहरू विधवा हुन्छन्, हजारौं दाजु भाई, दिदी, बहिनीहरूको वियोग हुन्छ, हजारौं आमा, बाबुहरू पुत्रहीन हुन्छन्, हजारौं शिशुहरूका बाबुहरू मर्दछन् । यस्तो भएता पनि युद्धमा जाने वीरहरूलाई विदा दिएर फुल-माला पहिराई पठाउँछन् । अनि धर्म साम्राज्य स्थापना गर्नुको लागि संसारबाट पाप र दुःख हटाउनुको लागि युवकहरूले तथा महर्द्धिक (प्रतिष्ठित) हरूले गृहत्याग गरे भने, यसमा आश्चर्य नै किन ?

यसमा केही शंका छैन, कि राहुल माता बुद्धिमती छिन्, विदुषीछिन् । तिनले यो तत्वलाई बुझेकी छिन् अथवा बुझ्नु पर्दछ ।

Downloaded from http://dhamma.digital/

तिनको विषयमा मलाई यति मात्र जान्ने उत्सुकता छ कि तिनी कसरी बसी रहेकी छिन् मेरो जीवनमा जुन क्रान्ति भयो, त्यस क्रान्तिबाट उनको जीवनमा के प्रभाव पार्‍यो ? मोह ७भए तापनि जुन यो सहज उत्सुकता थियो त्यो आज शान्त भयो ।

यही कारणबाट म प्रशन्न छु कि, राहुल माता एउटी वीर पत्नी छिन्, वीर माता छिन्, वीर नारी छिन्, म महलमा जाने बित्तिकै सबै मेरो दर्शन गर्न आए, तर राहुल माता आइनन् । सबै भिक्षु संघको साथ मैले भोजन गरें, तर भोजन अर्पण गर्नलाई समेत राहुल माता आइनन् । मैले तिनलाई देख्न पनि देखिन । एक किसिमले हेर्दा तिनको यो आत्म गौरव ठीकै छ । किन भने म उनकि अपराधी हुं । गृहत्याग गर्नु उचित मात्र नभइ आवश्यक पनि थियो, तर त्यसरी चोर जस्तै भागेर जानुलाई उचित छ भनेर भन्न सकिन्न, अधिकाधिक त्यो आवश्यक भन्न सकिन्छ यति कै अंशमा त्यसको औचित्य छ । अन्यथा म त अपराधी नै हुं ।

उनको यो स्वाभिमान उचित मात्र होइन, आवश्यक पनि छ । यसंबाट थाहा भयो कि तिनले सबै विषयहरूमा विजय प्राप्त गरिन् । बाहिर सहगामीनी नभएता पनि तिनी भित्रकी सहचारी भइरहिन् । उसंग मेरो मोह छैन तर दया छ । त्यसैले कयौं वर्ष पछि घर जाँदा पनि तिनी मेरो दर्शन गर्नलाई बाहिर निस्किनन् ।

म बुद्ध, जिन, अर्थात अर्हत (निर्दोष) भइसकें, तर जबसम्म म यो शरीरमा भैरहन्छु तवसम्म यो शरीरको सम्बन्धबाट सर्वथा उदासीन हुन सक्दैन । गृहस्थ जीवनमा पतिको स्वरूपमा मैले तिनी

Downloaded from http://dhamma.digital/

प्रति जुन अन्याय गरें, चोर जस्तै भागेर गएं, त्यसको नाम मात्र भए पनि प्रायश्चित गर्नु आवश्यक छ। यसको अतिरिक्त गौरवाशालिनी एउटी महिलाको गौरव रक्षा गर्नु पनि आवश्यक हो। त्यसैले अन्तपुर-मा राहुल मातालाई दर्शन दिन (अर्थात तिनको दर्शन गर्न) म आफै गएँ।

अन्तपुर जानलाई राजा पनि म संग सवारी भएको राम्रै भयो। फेरि सारीपुत्र तथा मौद्गल्यान दुई प्रमुख शिष्यहरू लगेको झनै राम्रो भयो। तर मैले यिनीहरूलाई भनेको थिएं– राहुल माताले मसंग जस्तो किसिमको व्यवहार गरे पनि गर्न देउ, तिमीहरूले बीच–बीचमा कुरा न काट्नु। किनभने, तिनले राग प्रकट गरे पनि, द्वेष प्रकट गरे पनि, म यी दुवै परिस्थिति सहनलाई तयार भइरहेको छु। तर धन्य हुन्, ती देवी, तिनले न राग प्रकट गरीन्, न द्वेष। तिनले शिर मात्रै निहुरेर मलाई प्रणाम गरीन्।

पहिले त मैले सोचें देवीले म माथि प्रतिशोध गरी होली। जसरी मैले तिनलाई उपेक्षा गरें, त्यसरी नै तिनले मलाई उपेक्षा गरी होलीन्। यदि उनको हृदयमा प्रतिशोधको भावना भएको भए तापनि राम्रो नै कुरा थियो। किनभने उनको त्यो उपेक्षाले मेरो पापको प्रायश्चित हुन्थ्यो। मेरो मनलाई पनि आनन्द हुन्छ। तर त्यस बेला राजाले भ्रम मिटाइ दिनु भयो।

राजाले भन्नुभयो– भन्ते, मेरी छोरी (बुहारी) सारै गुणवती, तपस्विनी, त्यागशील, तथा पतिव्रता छिन्, जहिले देखि तिनले मेरो पतिले पहेंलो वस्त्र लगाउन थाले भन्ने कुरा सुनिन्, तब देखि तिनले

Downloaded from http://dhamma.digital/

पनि राजसी वस्त्र छोडी पहेंलो वस्त्र लगाउन थालिन्, जहिले देखि यिनले मेरो पतिले दिनको एक छाक मात्र खान थाले भन्ने कुरा सुनिन्, त्यस दिन देखि तीनले पनि दिनको एक छाक खान लागिन् ।

जहिलेदेखि मेरो पतिले पलंगमा सुत्न छोडे भन्ने कुरा सुनिन्, त्यसदिन देखि तिनले पनि पलंगमा सुत्न छोडिन् । जहिले देखि तपाईले गन्धमाला आदि त्यागे भन्ने कुरा सुनिन्, त्यहाँ देखि तिनले यी सबै थोक छोडी दिइन् ।

उनका आमा बाबुले तिनलाई घरमा आउ, सेवा तहलका राम्रो प्रबन्ध गरी दिउंला भनी भन्न पठाए । तर तिनले उनीहरूको कुरामा केही ध्यान दिएनन् । राजाको कुरा सुनेर चकित भएं । यो बेश नै भयो कि म बुद्ध भइसकें । नत्र राजाको कुरा सुनेर मलाई रूनु पर्ने थियो । मैले राहुल माताको खुबै प्रशंसा गरें । उपदेश दिएँ, त्यहाँबाट म आएं । म नगएको भए सायद मैले उनको पति भक्ति तथा तपको तेजलाई धेरै बेर सम्म सहन गाह्रो पर्ने थियो ।

नारी, तिम्रो बन्धन कस्तो कोमल छ, परन्तु कति बलियो ? के यो बन्धन तोड्न सजिलो छ ? यदि मैले त्यस मध्यरातमा चोरले झैं लुकीछिपी गृहत्याग न गरेको भए, के तिम्रो यत्रो कोमल बन्धनलाई तोडेर म जान सकुंला र ? अन्यथा म असाधारण स्वरूप निष्ठुर हुनु पर्दैनथ्यो र ? तर त्यसदिन त्यो निष्ठुरत्व पनि के को आधारमा टिकी रहन्छ ? त्यस दिन मलाई यो थाहा नै थिएन कि म के को लागि गृहत्याग गरी रहेछु ।

यसरी एकतिर निष्ठुरताले खुट्टा अड्ने ठाउं थिएन, फेरि अर्को

Downloaded from http://dhamma.digital/

तिर स्त्रीको लागि पनि एउटा कर्तव्य छदै थियो, उनी माथि वैधव्यको वज्रपात हुने भय पनि भयो, यस्तो समयमा त्यो निष्ठुरता के मनुष्यत्व-को अंग प्रत्यग हुन सकला र ? तिनको मनुष्याङ्गत्व मैले कसरी बुझेर लिने, फेरि बुझिएकै भएता पनि देवीलाई म कसरी सम्झाउं ?

बीराङ्गानाहरूले मृत्युको सन्मुखमा जाने आफ्ना लोग्नेहरूलाई विदा दिन्छन्, तर तिनीहरूको सामुन्ने युद्ध विजय, राष्ट्र रक्षा आदि कर्तव्य राम्ररी दृष्टिगत भईरहन्छ । परन्तु मेरो अगाडि के छ र ? मेरो सामुन्ने त त्यस बेला (ससयमा) राम्रो सित लक्ष नै देखिएको थिएन । मार्गको त कुनै कुरै नगरूं । अनि पुनः त्यस्तो अनिर्दिष्ट पथको भरोसाले प्रेम बन्धनलाई मैले कसरी छुट्याउं ? आज मैले जे जति प्राप्त गरेको छु त्यो त मलाई उस दिन थाहा भएकै थिएन, अनि राहुल मातालाई कसरी सम्झाउने ?

पुरुषले नारीलाई थुन्ने कोशिस गर्छ, तर नारीले आफ्नो असाधारण योग्यताबाट ती झ्यालखानालाई पनि स्वर्ग बनाएर पुरुषलाई नै थुनी राखेका छन् । पुरुषले शक्तिको प्रदर्शन गरें, तर नारीले प्रेम तथा सहानुभूतिबाट शक्तिलाई पराजित गरेर पुरुषलाई आफूसित मिसाई (समिश्रण गरी) छाडिन् ।

आज यो राहुल माताको प्रचण्ड शक्तिको परिचय प्राप्त भयो । टाढै बसेर पनि राहुलको आमाले मलाई आफूसित बसालि राखिइन् । मैले उनलाई हराएं, तर तिनीले मलाई कहिल्यै हराईनन् । नारीहरूको यस्ता प्रचण्ड सात्विक शक्तिलाई को पुरुषले मात्र सयकडौं प्रणाम नगर्लान् ?

Downloaded from http://dhamma.digital/

पापी मार आज कति दुर्दान्त भए, त्यति म कहिल्यै भएन। त्यो जहिले विपत्ति भएर आउछ, त्यस बेला एउटा कर्मिष्ट व्यक्तिले त्यसलाई सहजैसित जित्न सकिन्छ; जुनबेला प्रलोभन भएर आउंछ, त्यस समय जित्न गाह्रो भए पनि साधु एकजनाले उनलाई जित्न त्यति गाह्रो छैन। परन्तु जुनबेला त्यस्ले प्रेम वा कर्तव्य भएर केही महान कर्तव्यको मार्गमा बाधा दिन्छ, त्यस बेला भने उनलाई जित्न बुद्ध तथा जिनको लागि पनि त्यत्ति सजिलो छैन। यद्यपि अन्तमा बुद्ध वा जिनको नै विजय हुन्छ तर यसमा बुद्ध, जिन वा अर्हतहरूका शक्तिको पूर्ण परीक्षा हुन्छ। आज मेरो शक्तिको पनि त्यसरी नै परीक्षा भयो।

★

Downloaded from http://dhamma.digital/

# युवक भिक्षु चाहियो

राजनैतिक साम्राज्य भन्दा पनि धार्मिक साम्राज्यको स्थापना गर्नु सारै कठीन छ । राजनैतिक साम्राज्यको स्थापनामा पशु तथा नरपशु सम्मले पनि काम दिन्छन्, उनीहरूलाई लठ्ठीको बलबाट पनि काम लिन सकिन्छ; तर धर्म साम्राज्यको लागि यस्ता सैनिकहरूले काम दिन सक्दैनन् । संख्या कमै भए पनि धर्म साम्राज्यको लागि उच्चकोटीका सैनिकहरू नै विशेष उपयोगी हुनेछन् ।

खान नपाएका मानिसहरू भिक्षु भएर धर्म साम्राज्यको सैनिक कहलाइएमा त्यो धर्म साम्राज्य छिट्टै बिलीन हुन सकिन्छ । आज मलाई जुन सफलता प्राप्त भयो, अथवा प्राप्त भइरह्यो, त्यसको अनेक कारण-हरू मध्ये जनताहरूले प्रत्यक्ष देखिरहेको यो उदाहरण पनि एक हो । मैले यस्को लागि राज्य बैभव, सुन्दरी पत्नी तथा महान् कुटुम्बलाई त्यागें । जुन कारणको लागि मैले यतिको त्यागें त्यो कारण अवश्यमेव राम्रो होला भन्ने छाप यदि जनताको हृदयमा नभएको भए मेरो काम आधि त के कुरा चार खण्डको एक खण्ड पनि सिद्ध न होला । समाजको यो मूर्खता देखेर मलाई सारै दुःख लाग्यो । तिनीहरूले कति नराम्रोसंग सत्यको परीक्षा गरी रहेको, तिनीहरूले वस्तुको परीक्षा गरेको होइन, परन्तु जुन जुन भाँडोमा ती वस्तुहरू राख्यो, त्यहि भाँडोमा मात्रै हेरी रहे । सुनको भाँडोमा राखी छोडेको भए तिनीहरूले विष पनि पिउथे

Downloaded from http://dhamma.digital/

होला परन्तु माटोको भाँडोमा राखेको भए अमृत देखेर पनि मुख बांग्याउनेथ्यो होला । फूल चढाई राखेन भने देउतालाई पनि वास्ता गर्दैनन्, तिनीहरूको यो मूर्खता साँच्चै खेद जनक छ ।

तर खेद गरेर पनि के गर्ने ? यदि वैद्यले रोगीको मूर्खता प्रति खेद मात्र गरिरह्यो भने, रोगी मरेर जान्छ तथा बैद्य, वैद्य हुन सक्दैन । मैले जनता प्रति खेद मात्र गरिरहे भने जनताहरू नास हुन्छन् र म पनि तिर्थंकर हुनेछैन । अतः मैले यही निश्चय गरें कि मेरो साधु सेनाहरूमा धेरै भन्दा धेरै महर्द्धिक युवकहरू ल्याउन परेको छ, यद्यपी बुढा तथा गरीवहरू आए पनि म रोक्ने छैन । यस्तो भए पनि जुन प्रभाव तथा काम महर्द्धिकहरू तथा युवकहरू गर्न सक्छन् त्यस्तो काम गरीब तथा बृद्धहरूले गर्न सक्दैनन् । बुढाहरूसंग उत्साह तथा बल हुँदैन, त्यस्तै क्रान्तिको भावना पनि छैन । तिनीहरू शान्त र पवित्र जीवन मात्र बिताउन चाहन्छन् । तर एउटा तिर्थ स्थापनामा काम दिन सक्दैनन् । तिनीहरूले आफ्नो जीवनको विषयमा यस्तो विचार गर्लान्, कि गएको धेरै, बाँकी थोरै । अब यो थोरैको लागि यति मेहनत, काम गरिरहने किन ? अपवाद स्वरूप कोही बुढाहरूले पनि त्यस्ता काम गरेर देखाउन सक्छन् जुन काम युवकहरूले पनि गर्न सक्दैनन् । तथा जुन क्रान्तिको काम पहिले देखि गरी आएको छ, त्यस्तो काम बुढा भइसके पछि पनि गरी नै रहने हुन्छ तर यी सबै अपवाद मात्र हुन् । परीक्षा नदिइकन संचय गरी लिएको ज्ञानको केही निश्चित मूल्य न भएको जस्तै गरीवी-हरूको त्यागको पनि केही मूल्य छैन । परीक्षा नदिइकन पनि मानिस पण्डित हुन सक्छन् तर यस विषयमा केही भन्न सकिन्न । गरीबले

Downloaded from http://dhamma.digital/

प्रलोभनलाई जहांसम्म जितेर लिन सक्छ, त्यो भन्न सकिन्न । आज कुनै खान नपाएका साधु संस्थामा आयो, तथा भोली केही प्रलोभन प्राप्त भयो भने अर्थात् वैभव प्राप्त भयो भने त्यो साधु छिटै त्यस्को दास हुन सक्छ । तर महर्द्धिकहरूले यस्तो विचार गर्लान् कि यसरी प्रलोभन देखाउन पर्यो भने भिक्षु किन हुने ? घरमा नै के कम छ र ? यस्तो दृष्टिबाट हेर्दा महर्द्धिक भिक्षुहरूको विशेष उपयोग छ ।

युवक र महर्द्धिकहरूको प्रभाव छिटै पुग्छ । बुढाहरू भिक्षु भए पनि मानिसहरू यसो भन्छन्– अं, बुढा भयो । संसारको कुनै काममा क्रियाशील छैन, कुनै काम गर्नु पनि सकेन,त्यसो भएर त भिक्षु बन्न गए-को नि । गरीबहरू भिक्षु भयो भने संसारले यसो भन्लान् "हो, कंगाल भयो, घरमा खान पिउन केही पाएन, कमाउन तागत छैन, त्यसो भएर त भिक्षु हुन गएको नि ।

यद्यपी बुढा पनि सांच्चैकै कर्मठ भिक्षु हुन सकिन्छ तथा गरीब पनि इमान्दार, प्रलोभन-विजयी, सच्चा भिक्षु बन्न सकिन्छ, त्यसैले मैले यी दुबै बुढा र गरीबहरू पनि जम्मा गर्छु,तर संघैको गौरवको लागि यो आवश्यक छ कि यस संस्थामा अधिकाधिकसित वैभव तथा विलासलाई त्याग गर्ने युवकहरू नै पूरा पूरै आउनु पर्छ । संघको यो गौरवले सेवा भक्ति बढेर आउँछ । महत्ताको छापले गर्दा मनुष्यहरूले जति लिई रहेछन् त्यति वास्तविकताले लिन सक्दैनन् ।

मलाई थाहा छ जनताको यो भूल तथा मूर्खता हो । यो भूल भएसम्म मैले पनि त्यही ढंगले काम लिनु पर्छ । यो मूर्खता समाप्त गर्नुको लागि पनि जनताको सामु जान अनिवार्य छ । यो भएसम्म यो

Downloaded from http://dhamma.digital/

महत्ताको छाप पनि आवश्यक छ ।

यतिकै कारणले यो एक हप्ताभित्र मैले सत्यको नदीमा आफ्नो बुबं कुटुम्बलाई बलिदान गर्नु पर्यो। जसरी सम्राट एक जनालाई दिग्विजयको लागि केही न केही छल कपट काम गर्नु पर्थ्यो, त्यसरी नै मैले पनि गर्नु पर्छ । मर्मस्थलमा प्रहार गर्नु पर्ने मेरो यो सफलतामा मलाई हाँस्नु पनि मन लाग्छ, रून पनि मन लाग्छ।

हिजो म राजमहलमा भिक्षाको लागि गएको बेला नन्दकुमार-लाई देखेर यस्तो मनमा लाग्यो यदि नन्द प्रव्रजित भयो भने संघको महिमा मात्र बढ्ने होइन, संघलाई एक असल सेवक पनि प्राप्त हुनेछ । नन्द साँच्चै नै संकोची बालक हुन् । संकोच नै भइ दिए पनि यदि उनले दिक्षा लियो भने अभिमानको कारणले गर्दा पनि उनले प्रव्रज्यालाई राम्ररी रक्षा गर्ला । यसरी नै बिचार गरी मैले आफ्नो हातको पात्र नन्दको हातमा दिएँ । नन्दले सोच्यो होला कि भगवान्ले पात्र लिएर मलाई फर्काउनु हुने छ, तर मैले उनलाई फर्केर जाउ भनी भनिन ।

अब नन्द मसँग महलबाट निस्केर आउँदा कुनै एक दासीले भन्यो, अय्ये, अय्ये । हेर, हेर, कुमार भगवान् सँग गइरहेको, वहाँले संघैको लागि लगिदिनु हुनेछ । नन्दको स्वास्नीले त्यसबेला झ्यालबाट हेरेर भनिन्, आर्यपुत्र, छिटो फर्क । त्यसो भए पनि मैले आफ्नो हृदय-लाई ढुंगाठानी, त्यसबेला नन्दलाई भने– नन्द तिमी साँच्चैकै शक्तिवान् रहेछौ ।

नन्द– कसरी भन्ते ?

मैले– बुद्धको पात्र तिमीले राजमहल देखि विहारसम्म ल्याउन

Downloaded from http://dhamma.digital/

सक्यौ, यति टाढा देखि बुद्धको पात्र ल्याउने बल श्रमणसँग बाहेक अरू कसंसँग पनि हुँदैन ।

नन्द– केवल चुप लागेर सुनी रहे ।

मैले– नन्द, तिमी के विचार गरी रहेछौ ? त्यो शक्तिको उपयोग गर्ने विचार छ ? अथवा त्यो शक्तिलाई खेर पठाउने इच्छा ?

नन्द– भन्ते त्यो शक्तिको उपयोग गर्ने इच्छा छ ।

मैले– त्यसो भए यसको लागि प्रव्रज्या लिनु पर्छ । के तिमी तयार छौ ?

नन्द– (अलि सोचेर) भन्ते म तयार छु । यस किसिमले नन्द-लाई प्रव्रजित गरें ।

मलाई थाहा छ, नन्द नव–विवाहित छ । तसर्थ नन्दको स्वास्नीको लागि केही अन्याय भयो, तर विश्वकल्याणको लागि व्यक्ति-को बलिदान आवश्यक छ । राहुलको दिक्षा पनि आज विचित्र ढंगले सम्पन्न भयो । आज म राजमहलमा जाँदा राहुलको आमाले राहुललाई यस्तो कुरा सिकाई पठाइन्– तिमीले आपनो बाबुसँग आपनो अंश मांग ।

राहुलले भन्यो– भन्ते, हजुर मेरो बुबा हुनुहुन्छ, बुबाको तर्फ-बाट मलाई अंश पाउनु पर्छ ।

मैले सोधें - तिमीले आपनो बुबाको अंश लिन सक्छौ र ?

राहुल– सक्छु, भन्ते ।

मैले– हुन्छ, त्यसो भए रक्षा गर, यो श्रमण प्रव्रज्या नै मेरो अंश हो । तिमीले पनि त्यो लेऊ । सारिपुत्र, राहुललाई प्रव्रजित गर ।

Downloaded from http://dhamma.digital/

यस तरिकाले राहुललाई पनि एक किसिमले अपहरण गरें, तथा उनको जीवन विश्वकल्याणमय यज्ञको निम्ति प्रयोजन गराई दिएं ।

विश्वकल्याणको लागि जति स्वयं सेवकहरू मलाई चाहिएको थियो, त्यसको लागि यस्ता अपहरण मलाई आवश्यक थियो । यद्यपि यति प्रारम्भमा अपवाद स्वरूप भएका थिए । अब यस्ता अपवादलाई अन्त नगरी भएन । अर्थात अन्त नै गर्नु पर्यो ।

संध्याकालमा राजा शुद्धोदन म कहां आएर भने ।

भन्ते– म हजुरसँग एउटा वरदान माग्छु ।

मैले– राजन, भिक्षु एउटाले, राजा एक जनालाई के वरदान दिन सक्ला र ?

राजा– भन्ते, जुन, जुन सक्नु हुन्छ, उचित हो, त्यही नै वरदान माग्छु ।

मैले– हुन्छ, त्यसो भए भनी बक्सियोस् ।

राजा– हजुर प्रव्रजित भएकोले मलाई दुःख भयो । नन्द प्रव्रजित भएकोले त्यो भन्दा पनि सहनै न सक्ने गरी दुःख भयो । अहिले राहुल प्रव्रजित भएकोले मेरो हृदय नै छिया छिया भयो ।

भन्ते– पुत्र प्रेमले मेरो छालाबाट मासु, नसा छिडेर नसाबाट हाड छिडेर छाप गरी दिनु भयो । अब देखि माता, पिताको आज्ञाविना अथवा अनुमति विना प्रव्रजित गर्नु हुन्न भनेर एउटा नियम बनाई दिनु भयो भने सारै राम्रो हुने थियो ।

मैले– राजन यस विषयमा नियन्त्रण छिट्टै गर्नु पर्ने हो । मैले चांडै गर्ने भनेर पनि सोचिरहेको छु । यस्तो भए पनि यति त स्मरण

Downloaded from http://dhamma.digital/

गर्नु नै पर्छ कि जबसम्म यस प्रकारको श्रेष्ठहरूको बलिदान हुन सक्दैन, त्यस बेलासम्म विश्व कल्याण अथवा समाज सेवा पनि हुँदैन र गर्न पनि सकिन्दैन ।

राजा– भन्ते, यदि हजुरले यस प्रकारबाट घर बिगार्नु भयो भने, हजुरलाई कसैले पनि प्रेम गर्ने छैन । सबै डराइरहने छन् । यसरी भयंकर बन्नु भन्दा कदाचित सम्राट हुनु बेश । यस प्रकारबाट तीर्थंकर अथवा जनसेवक बन्न सक्दैन । भन्ते यसरी गर्नुस, जसरी हजुरबाट संसार निर्भय हुन्छ । आज हजुरलाई देखेर आइमाईहरू डराइरहेका छन् । हजुरले, तिनीहरूको लोग्ने र बच्चाहरूलाई खोसेर लगिदिनु होला भनेर डराइरहेका छन् । फेरी हजुरले बच्चाको बाबु र जवान लडकाहरू फकाई लगी दिनु होला भनेर पनि बुढाहरू डराइ रहेका छन् । के यस्तो भयपूर्ण वातावरणमा सेवाको काम हुन सक्ला र ? हजुरको तीर्थ के लोकप्रिय हुन सक्ला र ?

मैले– राजन, हामीले धेरै ठूलो महल बनाउनलाई पहिले तल देखि जग खन्नु पर्छ, छाना माथि रहन्छ तर प्रारम्भिक कार्य तल देखि शुरू हुन्छ, यस प्रकारले लोक हितको काम गर्नलाई पहिले लोकविरोध सहनु पर्छ । त्यसकारण क्रान्तिकारी बुद्ध डराउँदैन । जगको काम सिद्धियो भने, जस्तो कामको दिशा पनि बदलिन्छ, त्यसरी नै क्रान्तिकारी जनमोक्षको काम पूर्ण भइसक्यो भने, त्यस्को दिशा पनि बदलेर जान्छ । किन भने प्रारम्भिक काम सिद्धियो । त्यस्तो भए पनि एउटा कुरा राम्ररी ध्यानमा राख्नु पर्छ । तपाईले मात्र होइन, समाजले पनि राख्नु पर्छ । जुन जुन वस्तुको प्रशंसा हामीले गरी रहेका छौं, ती पदार्थले

Downloaded from http://dhamma.digital/

हामीलाई आकर्षण गरिनै रहने छन् ।

यही हामीले त्यस्को पूर्ति गर्नु परेमा हामी क्षुब्ध हुनुहुँदैन ।

राजा— भन्ते, यस्को मतलब के हो ?

मैले— मेरो संघको आज गुण वर्णन गरिरहेका छन्, मेरो कुरा आज मानिसहरूले ध्यानपूर्वक सुनिरहेका छन्, त्यस्को सुविधा र सम्मानको पनि स्मरण गरिरहेका छन्, त्यस तर्फ आकर्षित भइरहेका छन्, तिनीहरूको कुरालाई यथाशक्ति जीवनमा ल्याउने कोशिश गरिरहेका छन् । यी सबैको मुख्य कारण त्यही हो, मेरो संघमा धेरै महर्द्धिकहरू वैभवलाई त्यागेर आएका तथा युवक अवस्थामा लिनु पर्ने सुख छोडि यसमा सामेल भएका (हुन आएका) छन् । यसलाई देखेर दुनियाँले विचार गर्यो कि यदि यो संघमा कुनै महत्व तथा कल्याणकारकता नभएको भए धन, वैभव, तथा उमेरको आनन्द त्यागेर त्यसमा शामिल किन भइरह्यो होला ? राजन, यो कुरा ठीक छ कि छैन ?

राजा— ठीक छ भन्ते, ठीक छ ।

मैले— राजन, अब तपाइ आफैले विचार गरी हेर्नुस्, मेरो संघमा त्यो महर्द्धिक युवकहरू के आकाश अथवा जमीनबाट उत्रेर आउलान् त ? जुन संघमा महर्द्धिक युवकहरू भइरहेछन्, त्यही नै राम्रो भनेर दुनियाँले सम्झिन्छन्, तपाईहरू जस्तै ठूला बडा महर्द्धिकहरूले पनि यस्तै प्रकारबाट संघको परीक्षा गर्नु हुन्छ । तर संघको यही नै विशेषताको लागि तिनीहरूको केही सामग्री लियो भनो फेरि तिनीहरू नै क्षुब्ध हुने छ । संसार कति स्वार्थी छ भने उनले, आफ्नो प्रशन्नताको

Downloaded from http://dhamma.digital/

भाग संधै अर्काको कांध माथि अड्याई राख्ने विचार गरिरहन्छन्, तर यस प्रकारबाट सबैले यही बिचार गर्यो भने, कसले लाभ उठाउन सक्ला र ? यस्को लागि उचित कुरा के भने, केही पनि न माग्ने । जुन वस्तु-को आवश्यकता हामीले हेरिरहेकाछौं त्यसको पूर्तिको लागि सबैले सहयोग दिइरहनु पर्छ ।

राजा-- तर भन्ते, यस प्रकार माग्ने काम कसले गरिरह्यो ? के, कोही तपाई कहाँ आएर भन्यो र ?

मैले-- राजन, यस्ता काम कुरोको लागि बचनबाट माग्दैनन् । आफ्नो व्यवहारबाट गराई देखाउँछन् । जुन वस्तुको तपाईले आदर गरिरहनु भएको छ, पूजा गर्नु भएको छ, प्रशंसा गरिरहनु भएको छ, त्यो वस्तु तपाईलाई चाहियो वा तपाईले माग्नु भएछ भनेर बुझिन्छ । संसारले हाम्रो संघलाई जुन किसिमबाट परीक्षा गरि रहेछन्, जुन देखेर उनले मेरो सत्यलाई लिन खोजिरहेका छन्, त्यही कारणले संघमा ल्याउनु पर्ने हुन्छ । संसारले यदि आफ्नो आँखा राम्ररी ठीकसँग राख्न सक्यो भने, उसले सत्यलाई आफ्नो विवेक बुद्धिले सोच्ने कोशिस गर्यो भने रिद्धि, सिद्धि वैभवलाई सत्यको परीक्षक गरिएन भने, अनि मैले पनि कर्मिष्ठको दृष्टिले मात्र संघमा मानिसहरू भरती गर्नु पर्ला, महर्द्धिक आदिको विचार गर्नु पर्ने छैन । मसँग यो इच्छा पनि छैन तथा भरखरै विवाह गर्ने आइमाईहरूलाई आफ्नो लोग्ने विना जीवन विताउन पर्ने अर्थात वैधव्यको कष्ट सहनु पर्ने पनि छैन । तर के गर्ने, संसारले नै मलाई विवश बनाइ राखेका छन् । संसारको यस प्रकारको कामले नै धर्म संस्था भित्र पापको विउ राखी दियो । धर्म संस्थालाई

Downloaded from http://dhamma.digital/

दम्भ, अन्ध विश्वास तथा भौतिक वैभवको केन्द्र बनाइदियो । यद्यपी म यो विउलाई राख्ने छैन तर संसारले प्रारम्भमा अलि धेरै मात्रामा यसलाई आवश्यक बनाइदियो ।

राजा– भन्ते, हजुरले ठीक भन्नु भयो । अब मैले आफ्नो भूल-लाई सम्झे ।

मैले– राजन, यो खास तपाईको मात्र भूल होइन, यो जनताको साधारण रोग हो । उनीहरूले आफ्नो रोगको प्रायश्चित गर्नु नै पर्ला ।

राजा– तर भन्ते, मैले हजुरलाई हराएर नै आपनो रोगको पूर्ण प्रायश्चित गरि सकें । हजुर सबै राजकुमारहरू भन्दा बुद्धि भएका, ज्ञान भएका ठूला व्यक्ति हुनुहुन्छ । यो कुरा आज मैले मात्र नभई, सबै संसारले मानिरहेका छन् । तर प्रायश्चित स्वरूप यस्तो अमूल्य निधि दिएर पनि आज नन्द तथा राहुललाई किन लग्नु पर्यो ?

मैले– राजन, मेरो अमूल्य निधित्वको पूर्ण परीक्षा जबसम्म हुँदैन, तबसम्म संसारले मेरो जीवनको महत्व बुझ्दैनन् । आज यचनबाट अमूल्य निधि भन्दा भन्दै पनि जनताले यस्तै भन्न सक्छ– श्रमण गौतम पक्षपाती हुनुहुन्छ । उनले संसारको घर बिगारी रहेछ । किन्तु आफ्नो घर बिग्रला भनेर उनले आफ्नो घरको कोही मानिस लिएनन् । संसार-को दृष्टि यति तीक्ष्ण र विषमय छ कि नन्दलाई मात्र लिईदा पनि, यसै भन्न सक्छ, श्रमण गौतमले नन्दलाई मात्र लियो तर आफ्नो बच्चालाई लिएन । आफ्नो बच्चाको बाटोमा कांडा झिकि दिएं । श्रमण गौतम, गृहत्यागी भए पनि के ? आपनो बच्चाको स्वार्थ रक्षा

Downloaded from http://dhamma.digital/

गर्नको लागि, आफ्नो कुल बसाउनको लागि अब पनि उनले कोशिश नै गरिहेकै छ । राजन, निन्दा चाहे नभएकै होस्, चाहे भएकै होस्, पानीमा परेका तेल जस्तै छिट्टै फिजिएर जान्छन् । यो निन्दाले मेरो अमूल्य निधित्व हावामा उडाइ देला, तथा आज जस्ले बाहिर जति निन्दा गरिरहेका छन् त्यो भन्दा पनि दशगुना बढी निन्दा त्यसवेला अवश्य गरिरहनेछन्, जहिले सम्म मैले नन्द तथा राहुललाई लगिदैन । संसारले हृदय व्यथा पढ्न सक्दैन, उसले त आफ्नो काम हेरेर मात्र कल्पनामा दौडिईरहेका छन्– तथा जहाँ उसको स्वार्थ छैन, त्यहाँ उसले कसैको हित सुख कहिले स्वीकार गर्छ, कहिले यिनीहरूको दोष खुट्याउने कोशिश गर्दा गर्दै थाकेका हुन्छन् तथा दोष पत्ता लगाउन नसक्ने भई रहन्छ ।

राजा– हजुरले ठीकै भन्नु भयो भन्ते, आज जस्तो मेरो आफ्नो घर विग्रियो, त्यस्को दोषी हजुर होइन, दोष संसारको हो, समाजको मूर्खताले गर्दा हो । मैले हजुरलाई जुन दोष दिएं त्यसको लागि मलाई खेद भयो । अब मैले आफ्नो दोष फर्काई लिनेछु । हजुरको जे मनमा लाग्छ त्यसरी नै गर्नुहोस् ।

मैले– राजन, मैले यो नियम त बनाइ सकें, अबदेखि आमा, बाबुको आज्ञा विना कसैलाई पनि प्रव्रज्या दिनु हुन्न । यो नियमबाट छिटै काम लिने छ । हो, यदि तपाईले न भन्नु भएको भए, यो नियम चार दिन पछि मात्र बन्ने थियो होला ।

राजाले विदा लिएर गइसके पछि मैले यो नियम बनाई दिएं । यो राम्रो नै भयो । दवाई त्यति मात्र दिनु पर्छ जति विदा रोगीलाई

Downloaded from http://dhamma.digital/

बमन नहोस् । यदि मैले यस प्रकारको नियम छिट्टै न बनाएको भए, समाजरूपि रोगीहरू छटपटाई उनीहरूले मेरो औषधि नै बमन गर्दै होला ।

★

Downloaded from http://dhamma.digital/

# जातिय कुल प्रति प्रहार

स्वयं सेवकहरूका सेनाहरू निकै भेला भइरहेका छन् । भिक्षु संघमा शाक्य कुमारहरू पनि फौजका फौज वृद्धि हुँदै छन् । साथ साथै मेरो जिम्मा तथा भार पनि उत्तिकै बढ्दै छन् । संघमा साँच्चै कै त्यागीहरू चाहिन्छन् । अहंकार नभएको, अविनय नभएको, तथा तृष्णा नभएका आदि । तर भिक्षुहरूसँग पहिले त यस्तो दुर्गुण थिएन कि जस्तो लाग्छ, तर आजकाल त भइरहेका छन् । कुनै फूलको विरुवालाई एक ठाउँबाट अर्को ठाउँमा सार्‍यो भने, त्यो विरुवा पहिले त ओइली गएको जस्तो देखिन्छ, तर फेरि त्यो फूलको विरुवा पहिले जस्तो राम्रो भएर पलाएर आउँछ, दुर्गुणरूपी विष वृक्षको पनि यस्तै दशा हुन्छ । गृहस्था श्रमलाई हृदय देखि पर्याकेर श्रमण हुन्छु भनेर हृदयमा राख्दछन् । पहिले त दुर्गुण मरे जस्तो हुने, पछि फेरि पहिले जस्तै पलाएर आउने हुन्छ । संघमा जुन गरीब र दुःखीहरू छन् तिनीहरू आइरहने गर्दछन् तथा आफ्नो पहिलेको जीवन भन्दा पनि भिक्षु जीवनमा आरामै आराम रहेछ भनेर यसैमा सम्मिलित हुने गर्दछन् । फेरि जो चाहीं धनी, विद्वान् आइरहेका छन् त्यस्ता पनि आफ्नो त्यागको पैचो र अहंकारको पूजा ग्रहण गर्ने प्रयासमा छन् । आदर, यश तथा नाम एवं किर्तिका लागि मर्न सम्म पनि तत्पर छन् । आज जो मेरो चरणमा श्रद्धा युक्त छन् । उनीहरूबाट नै मेरो आर्जन माथी आफ्नो हक सिद्ध गर्न आफ्नो पूर्ण

Downloaded from http://dhamma.digital/

शक्ति संचालनार्थ कोशिशमा छन् । यस्तो अन्याय–फलबाट संघमा साधुत्वको अभाव तथा विक्षोभको रूप सृजना हुनेछ । यी महर्द्धिकहरू तथा कुलीनहरूले भोली यही हैरान दिने गर्दछन् ।

अस्ती शाक्य राज भद्दिय तथा अनुरूद्ध, आनन्द, भृगु, किम्बिल, तथा देवदत्त आदि शाक्य युवकहरू दिक्षित हुन लाई म कहाँ आउँदा, मेरो मनमा यस्तो विचार आयो । तसर्थ मैले उनीहरूको परीक्षा लिने विचार गरें । शाक्य युवकहरू संगै उनीहरूको सेवक उपाली नाम भए-का एउटा हजाम पनि रहेछ, त्यो तिनीहरू भन्दा उमेर र बुद्धीमा जेठो रहेछ । उनलाई नै पहिले श्रमण गर्ने र जेठो गर्ने विचारले मैले उनी-हरूलाई सोधे– शाक्य पुत्रहरू ! तिमीहरू मध्ये पहिले कसलाई दिक्षा दिऊँ ?

हजुरले जसलाई उचित देख्नुभयो उसैलाई दिक्षा दिइ बक्स्योस्, ।

पहिले दिक्षित हुनेको लाभ तिमीहरूलाई थाहा छ र ? थाहा छैन, भन्ते !

त्यसो भए सुन । श्रमणहरूको आफ्नो प्रथा छ, जो चाहिं पहिले दिक्षित हुन्छ, त्यो चाहे उमेरमा कान्छो भए पनि जेठो मानिन्छ र पछि दिक्षित हुनेहरूले उसैलाई जेष्ठ मान्ने छन् अथवा जेष्ठ सम्झनु पर्छ । जसरी गृहस्थाश्रममा दाजुको आदर भाइले गर्नु पर्छ, त्यसरी नै पछि दिक्षित हुनेहरूले पहिले दिक्षित भएकोलाई आदर, सत्कार, गर्नु पर्छ, तिमीहरूमध्ये जो पहिले दिक्षित हुन्छ, त्यसलाई आदर, सत्कार अरूले गर्नु पर्छ ।

Downloaded from http://dhamma.digital/

अब के भन्छौ ? शाक्यपुत्रहरू पहिले कसलाई विक्षित गर्ने हो ?

हजुरले जसलाई उचित देखनुभो त्यसलाई विक्षित गर्नुस् ।

तिमीहरूसँग जाती घमण्ड त छैन होला, होइन ? महर्द्धिकत्वको मद त छैन होला, होइन ? तिमीहरूले आफु–आफैलाई शुद्ध मानिस भनेर देख्यौ कि देखेनौ ?

देखि सक्यौं भन्ते ।

तिमीहरूको त्यो सेवक उपाली हजामलाई नै मैले विक्षित गराएर उनलाई विक्षामा तिमीहरूको दाजु गराई दिएमा तिमीहरूले उनलाई विनय तथा आदर सत्कार प्रसन्न मनले गर्न सक्छौ कि सक्तैनौ? सक्लाउ भन्ते हुन्छ। त्यसो भए अब देखि उनी नै तिमीहरूको दाजु भए ।

यसपछि मैले पहिले उपालीलाई नै विक्षित गरी दिएं । अस्ति देखि मैले ध्यानपूर्वक राम्ररी हेर्दैछु कि शाक्यपुत्रहरूले उनको विनय तथा आदर सत्कार गर्दा रहेछन्, तर देवदत्त एक जनाले मात्र उनको सेवा गर्नलाई संकोच मान्दै छन् । मैले यस्तो देख्दछु कि कुनै न कुनै दिन यो देवदत्त नै संघको लागि विपत्ति सिद्ध हुन सक्ने छ। देवदत्तसँग नाममोहको आशा त अधिकाधिक नै छ । म दृष्टिगोचरमा रहंदैछु कि यदि देवदत्तको आफ्नो हकमात्र चलेको भए, उसले सबै भिक्षुहरूको पात्रमा "देवदत्त" "देवदत्त" भनेर लेख्थ्यो होला मैले यो पनि देखी रहेको छु कि जुन जुन आंपको बोटमुनि उनी बस्थे ती आंपका बोटहरूमा समेत धेरै जसो "देवदत्त" देवदत्त" भनेर उस्ले लेख्ने गर्दथ्यो । आफ्नो आशन वरिपरि उनले यसरी संकेत गरी राखेका थिए कि हेर्ने

Downloaded from http://dhamma.digital/

व्यक्तिहरूले वेल्नासाथ यो देवदत्त बस्ने आशन भनेर थाहा पाउँथे। उसले कूचो लगाउँदा पनि यस्तो ढंगबाट कूचो लगाउँछ, कि मानौं पृथ्वीको माथि पनि देवदत्त भनेर लेखिरहेछ। देवदत्त शब्दको प्रयोग एक दिनमा बीस, तीस पल्ट भन्दा पनि बढी स्लोकद्वारा अनेक अर्थ लगाई रहनेछ। पानी परिरहेको बेलामा पनि पानी पर्यो नभनीकन देवदान भइरह्यो भनी भन्दो रहेछ। यसले गर्दा उ विस्तारै ईश्वरवादी पनि हुँदै गइरहेछ। जस्ले गर्दा देवदत्त शब्दको प्रयोग गर्न अवसर प्राप्त हुँदो होला। भन्दै छ, सबैको हित सुख गरिरहने देवदत्त नै हो। अर्थात् देवले ईश्वरले नै गरी राखेको हो। उनले सारीपुत्र, उपाली आदिको अतिक्रमण गर्ने इच्छा गरिरहेका छन्। अस्ति नगरमा भिक्षा-को लागि जांदा कुनै एकजना व्यक्तिले सोधे छ। यिनीहरू कस्तो संघका हुन्? कसबाट श्रृजना भएका हुन्? अनि देवदत्तले भन्यो, यिनीहरू हाम्रा श्रमण संघका हुन्। मानिसहरूलाई मध्यम मार्ग देखाउनको लागि हामीले यो संघ बनाएका हौं भनेर जवाफ दिए। अर्को भिक्ष एक जनाले उत्तिखेरै यसरी उत्तर दिए, यिनीहरू भगवान् बुद्धका संघ हुन्। भगवान् बुद्धले राज वैभव, त्यागेर छ वर्ष सम्म तपस्या गरेर यो दिव्य ज्ञान प्राप्त गर्नु भयो, हामी वहां तथागतका नै शिष्यहरू हौं : वहां भगवान् बुद्धको मनमा प्राणी मात्रको कल्याण गर्ने इच्छा छ। वहांले ठूला बडा, साना सबै प्रति प्रेम गर्दै हुनुहुन्छ। र मध्यम मार्गको प्रचार पनि गर्दै हुनुहुन्छ।

भिक्षुहरूको उत्तर सुनेर मानिसहरूले यसरी मनमा सोचे, कि यो संघको काखमा कुनै एक असाधारण महान् पुरुष अवश्य नै हुनुपर्छ।

Downloaded from http://dhamma.digital/

जसको छायानुशरण गरेर ह्मामीले राज्य वैभवको सुख भन्दा पनि बढी सुख प्राप्त गर्न सकौं। किन्तु देवदत्तको उत्तर सुनेर यसरी मनमा सोच्न सकिन्छ कि यो संघ अनायक हो, यस्को मुलाधारमा कुनै असाधारण व्यक्ति छैन। देवदत्त जस्ता दुई चार युवकहरूले यस्तो पसल थापेर सबैलाई अतिक्रमण गर्ने सोचाइले संघलाई विनास गरिरहेको छ। यद्यपी शब्दको दृष्टिले हेर्दा खेरी सारै नै सानो कारण हो परन्तु शब्द भेदले हेर्दा खेरी जनता प्रति कस्तो प्रभाव पर्ला त्यो आकाश र पाताल समान छ। शाक्यहरू मध्ये कति मानिसहरू प्रव्रजित भए, तिनीहरू मध्ये यी देवदत्त मात्र यस्ता व्यक्ति हुन् जस्ले न्याय–अन्याय, औचित्य अनौचित्यको ख्याल नगरी आफ्नो त्यागको एक–एक पैसाको फल ब्याजबाट ब्याज समेत प्रतिदिन उठाई रहेका छन्। तर उसले एक दिन न एक दिन महसूस गर्लान् कि यत्रो फल प्राप्त गर्दा पनि उनलाई केही प्राप्त भएन। मानिसहरूको मन प्रति उसले महत्वको छाप लगाउने इच्छा गरिरह्यो तर त्यस्ले गर्दा लघुत्व तथा घृणा मात्र प्राप्त गर्दै छ।

तर उपालीको स्वभाव देवदत्तको भन्दा निकै शुशील छ। उसको महत्वकांक्षा सांच्चैको आध्यात्मिक छ। यस्ले मेरो सिद्धान्त पनि राम्ररी सिकेर लिने कोशिश गरि रहेको छ। राम्ररी अध्ययन गर्दैछ। सारै बिनित पनि भइ रहेछ। जातिभेद त उसंग छंदै छैन। नाम, मोह, पनि छैन, उनी एक दिन अवश्य पनि महान्, विद्वान हुने छन्, तथा मेरो साहित्यलाई राम्रो संरक्षण गर्लान्, तथा अर्हत पनि हुनेछ।

आनन्द एक विचित्र प्रकृतिका युवक देखि रहेछ। कहिले

Downloaded from http://dhamma.digital/

रिसाई रहने, कहिले संन्तोष पनि भइरहने, यस्तो भए पनि त्यस्को हृदयमा संघको विषय धेरैं नै अनुराग तथा प्रेम छ। यस्को उत्तेजन स्थायी जनक छैन, उ यस संघको एक प्रमुख व्यक्ति हुनेछ। तर उसको आत्तिनु तथा उत्तेजन शीलले गर्दा प्रमुख व्यक्ति भए पनि मेरो धेरैं नै सेवा, टहल गरिने भएता पनि लाञ्छित हुने छ।

यो जो शाक्यहरूको राजा भद्रिय हो, त्यो सारै नै निर्दोषी देखिन्छ, हिजो एउटा भिक्षु म कहाँ आएर भन्यो। भद्रियले एकान्त स्थानमा बसेर उदान पढिरहेको छ। अहो ! कस्तो आनन्द। कस्तो सुख ! मैले भद्रियलाई सोधें– भद्रिक, के तिमीले सांच्चै नै त्यसरी उदान पढिरहेको हो ? (हर्ष प्रकट गरी रहेको हो ?)

भद्रिक– हो भन्ते, जब देखि म भिक्षु भएं, तबदेखि मलाई सारै आनन्द र सारैं निराकुलता अनुभव भइरहेको छ। म राजा भएको बेला डर मात्र लाग्ने, जब रात पर्छ, अनि रातो निद्रा न लाग्ने, किनभने, शाक्यहरू निकै घमण्डी र जोशीला थिए। कहिले को रिसाउने कसलाई के थाहा ?

फेरि कसैले साधारण कारणबाट छल–कपट अथवा जे गरेर पनि मेरो धन खोस्न आउला, प्रजाहरूको विद्रोह भाव निस्कीएला भन्ने इत्यादि आशंकाले भन्ते, म रात दिन बेचैनी भइरन्थ्यें, स्वादिष्ट भोजन पनि रस न भए जस्तो भइ रहने। कोमल शैय्या पनि काँढेकाँढा भएका बछ्यान जस्तो रहेछ। आफु भन्दा ठूला ठूला राजाहरू प्रति पनि इर्ष्या भइरहने, कहिले, काहीं तिनीहरूलाई टाउंको निहुंराउन लगाउने प्रयत्न गरी रहनु पर्ने, वैभव भित्र पनि नरकको दुःख तथा कारागारको

Downloaded from http://dhamma.digital/

पराधिनतामा भोग गर्दै थिएं। तर आज यहां आएर, भन्ते, कसैको पनि भय छैन। म अरण्यमा पनि, शून्यगारमा पनि, नगरको बाहिर पनि, सांच्चै कै निर्भय अनुद्विग्न तथा निश्चिन्त भइरहेको छु।

मैले— भद्रिक, तर के तिमीलाई यस कारणको विचार आएन र? पहिले जुनसुकै कामको लागि पनि मानिसहरूले तिम्रो मुख ताकिरहेको हुन्थ्यो, अब तिमीले अरूको मुख हेरी रहनु परेको छ। भिक्षाको एक-एक टुक्रा रोटीको पनि विचार राख्नु परेको छ, जुनसुकै काम पनि आफ्नो हातले गर्नु परेको छ। अरूको सानो–सानो काम, सेवा पनि गर्नु परिराखेको छ। यति मात्र होइन, अरूको दोष पनि सुनिरहनु परेको छ। प्रिय भए पनि, वा अप्रिय भए पनि, मन परे पनि, न परे पनि, आफ्नो दोषको आलोचना सुन्न पर्ने भइ राखेको छ। यस्मा के तिम्रो मन खिन्न भएन र? बिग्रेन र?

भन्ते, कहिले काहीं यस्तो निःसार विचार आउने गर्थ्यो तर त्यो आफ्नो निस्सारता प्रकट गर्नलाई नै आइरहेको छ, तसर्थ खेद भएन।

पहिले त म संग राज घमण्ड थियो, अतः कसैको पनि आलोचनाले मलाई अपमान विदित हुन्थ्यो, तर जब देखि हजुरले मलाई मैत्रीभावको पाठ पढाउनु भयो, त्यसवेला देखि मलाई सेवाको आनन्द नै विदीत भएर आयो। स–सानाहरूको सेवा गर्दा खेरी मलाई यस्तो विदित हुन्छ, आमाको स्मरण गरी जस्ले आफ्नो वच्चाको सेवा गरेर आफुलाई अपमानित वा तुच्छ सम्झन्दैन, वरू गौरव नै अनुभव गरी रहन्छ। ठूलाहरूको सेवा गर्दा खेरी मलाई यसरी नै विदित हुन्थ्यो,

Downloaded from http://dhamma.digital/

जसरी बालकले आफ्नो बाबुको सेवा गरिरह्यो । भन्ते, अपमान त्यही नै विदित होला, जहां आफ्नो मनमा घमण्ड रहन्छ, अर्को पनि एउटा कारण छ, भन्ते, पहिले म राजा भएको बेला मैले केही सानो काम गर्यो भने मानिसहरूले मलाई लघु, दीन, वा कंजुस सम्झी, मेरो निन्दा गर्ने गर्थे; तर अब त्यही कामबाट मलाई सेवाभावी विश्व प्रेमी विनीत सम्झी प्रशंसा गर्छन्। यसो भएपछि मलाई कसरी अपमान विदित होला र ? मानिसहरूले मान, अपमानको विचार संसारको दृष्टिमा माथि जानेलाई गरि रहेका छन्, जब संसारको दृष्टि नै आफ्नो विषयमा परिवर्तन हुन्छन् त, तब अपमान हुने नै बन्द हुन्छ । फेरि त्यस्को चिन्ता किन गर्नु पर्यो र ?

बाँकी आलोचना–आलोचनाले गर्दा नै त मैले यो तत्वलाई बुझेर लिएं तथा आज मैले आफुलाई एक राजाको भन्दा पनि अधिक सुखी सन्तुष्ट तथा समुन्नत सम्झी रहेको छु ।

मैले– साधु । साधु । भद्रिक, तिमीले सुखको बाटो खोजेर लियौ, बुझेर लियौ, गौरवको मर्मलाई बुझेर लियौ । आफ्नो जीवन सफल गरी लियौ । यस प्रकारबाट भद्रिक सांच्चै कै साधु बन्यो । तर राहुलसंग अहिलेसम्म पनि सांच्चै कै साधुता छैन । त्यो मेरो पुत्र हो । संभवतः यस्ता कारणबाट नै उनको साधुतामा बाधक भइरहेको छ । उसको ठूलो दोष के भने, झुठा कुरा गर्ने, मेरो समक्ष पनि उसले आफ्नो हृदय खोलेर नभन्ने, मैले उसको दोष देखाइकन भनिरहंदा पनि स्वीकार गरिएनन्, कुनै न कुनै निहुं राखी आलटाल गरी रहने । कहिले काहीं मैले उसको केही दोष यस प्रकार दर्शाई दिएँ कि

Downloaded from http://dhamma.digital/

उनले निहुं राख्न नै नसकोस, अथवा उसको छल–कपटको निःसारता भनीदिंदा पनि उसले आफ्नो पश्चाताप प्रकट गरिएन । फेरि कहिले, काहीं यस्तो शब्द प्रकट गरी दिएको छु कि, मानो पश्चाताप प्रकट गरेर पनि मेरो प्रति दया राखी रहने, जसको अर्थ वा भाव पश्चाताप भई दिएन । उ यस्तो सानो बालक कि उसलाई यति पनि थाहा छैन, जो मुर्ख मानिसहरूले पनि आफ्नो एउटा रौं मात्र हल्याए पनि तथागतलाई थाहा छ, तथा त्यसवेलासम्म कुनै मानिस पवित्र हुन सक्दैन । जबसम्म उसले उचित स्थानमा पनि शुद्ध आलोचना गर्न सक्तैन । अर्थ हीन आलोचना भन्दा पनि खराब छ । अस्तो मैले उसको असभ्यता प्रमाणित गरि दिंदा पनि उसले शुद्ध अन्तः करणबाट आफ्नो अपराधलाई स्वीकार गरेन । यसरी नै भनिरह्यो कि, हजुर सबैभन्दा जेष्ठ हुनुहुन्छ, हजुरले मलाई अपराधी सम्झनु भयो भने, म अपराधी नै हुं । म दण्ड भोग्न-लाई पनि तयार छु । यस प्रकारले उसले विनयको पर्दामा आफ्नो अपराध लुकायो । फेरि उसंग यति निस्प्राण विनय पनि नभएकोले कहिले काहीं गर्जेर भन्छ कि म तपाईको छोरा हुं त्यसोभए पनि मलाई हजुरले विश्वास गर्नु भएन । विश्वसनीयता विश्वासनीय कामबाट नै हुन्छ, तर राहुलले यो कुरा बुझ्दैन । त्यसैले हिजो अम्बलठ्ठिकामा गएर एकान्तमा बसी राहुललाई सम्झाइ दिएं ।

मैले भने,– कुनै एक राजाको हात्ति युद्धभूमिमा गएर खुट्टाले काम गरेर, पुच्छरले काम गरी सुंढ्लाई पेटभित्र लुकाइ राख्यो भने, के उसको सेवा मूल्यवान् हुन्छ र ?

राहुल– हुंदैन, भन्ते ।

Downloaded from http://dhamma.digital/

मैले– त्यासे भए सुन, राहुल, जुन मानिसले शरीरको सबै अंगको सेवा गर्छ, तर हृदयलाई लुकाइ राख्छ, छल गरिरहन्छ, झूठा कुरा गरिरहन्छ, त्यस्ता व्यक्तिको अरू सेवामा पनि मूल्य नभएको जस्तो नै हुन्छ। राहुल, तिमीले अवश्य प्रत्यवेक्षण गरी रहनुपर्छ। तिमीले यो जहिले पनि हेरिरहनु पर्छ कि, के–के काम गरिरह्यौ, जस्ले गर्दा अभिलाषा वा अहंकारको पूजा काम त भएन ? कोही मानिस प्रति अन्याय त भएन ? संभवतः यस्तो कुरा तिमीले बुझेनौ भने, तिमीले शास्ता कहाँ अथवा कोइ विज्ञ–गुरु दाजु कहाँ आफ्नो मनोवृत्ति स्पष्ट गरी पोख्नु पर्छ। यदि कुनै वेला तिनीहरूले तिमीसित सोध्दछन् भने त्यस वेला तिमीले झुठ्ठा कुरा कहिल्यै नबोल्नु। जस्ले शास्ताको सन्मुख वा गुरुको अगाडि झुट्टो कुरो गर्छ त्यसको साधुपन खेर जान्छ। जसरी कुनै रोगीले वैद्यलाई आफ्नो रोगको लक्षणहरू नभनिएमा वा त्यसको संकेत लुकाएमा रोगी कै विनास हुन्छ त्यस्तै ती श्रमणको पनि विनास हुन्छ, जस्ले शास्ताको अगाडि आफ्नो अपराधलाई छेकथाम गर्छ, झुट्टा कुरा बोल्छ, र वचनबाट छल गर्छ। तसर्थ राहुल तिमीले प्रत्यवेक्षण सिकेर लिनु पर्छ।

मेरा कुरा सुनेर राहुलको मुख निन्याउरो भएर गयो। उ अलि चिन्तातुर भए। तर मैले बुझें अहिले उस्ले आफ्नो दोष राम्ररी महसूस गरे। संम्भवत अब उस्ले प्रत्यवेक्षण अवश्य गर्छ, छल गर्दैन, तथ्य कुरा पनि गर्छ।

यस वेला मेरो संघमा अनेक छाँतका (प्रकारका) मानिसहरू धेरै नै आएका रहेछन्। तिनीहरूको मनोवत्ति कत्तिको विचित्र छन्

Downloaded from http://dhamma.digital/

भने अन्य संस्थाहरूको–निमित्त पनि सबै नमुना यहाँबाट प्राप्त छन् । तर अब मैले यी सबैलाई औषधि सेवन गराउनु पर्छ, परन्तु औषधिको काममा श्रद्धा नै मुख्य हुनेछ । जहाँसम्म वैद्यको योग्यता तथा चिकित्सा-को विषयमा निर्दोषतामाथि रोगीको श्रद्धा हुँदैनन् तबसम्म उस्ले वैद्यद्वारा लाभ पाउन सक्तैन ।

शाक्य कुमारहरूलाई भेला गराई त्यसकारण मैले सोधे – शाक्य पुत्रहरू । के तिमीहरूले विचार गर्यौं, के तथागत संग चित्तमल बाँकी रहेको छ भनी किन भने, वहाँले तपस्या गर्नु भएन, साधारण मानिस-जस्तै कहिले एक जनालाई स्वीकार गर्नु हुन्छ कहिले अर्कोलाई श्वीकार गर्ने हुन्छ, कहिले कोइ देखेर प्रशन्न भइरहनुहुन्छ, कहिले कोई देखेर अप्रसन्न भई रहनु हुन्छ ।

अनुरुद्ध– होइन भन्ते हामीले यसरी मनमा सोचेको छैनौं । हामीले सोचेका छौं कि तथागतमा चित्तमल कुनै बाँकी छैन । विश्व-मैत्रीयको कारणमा जगतको सुधार गर्ने इच्छा गर्दै हुनु हुन्छ, यसको लागि हाम्रो औषधि उपचार गर्दै हुनु हुन्छ, प्रशन्न र अप्रशन्न दुवैको लागि वहाँ भइरहनु हुन्छ, हामीले जुनसुकैको पनि राम्रो न राम्रो बुझि-रहनु नपरोस् । जसरी पशुलाई सही बाटोमा लग्नु परे त्यो पशुको दोष न भए पनि लठ्ठी अथवा कोर्राले पिट्ने इसारा देखाउनु पर्छ, त्यसरी नै कहिले काहीं पिट्नु पर्ने पनि हुन्छ । यस्तै प्रकारले हामीलाई असल बाटोतिर लैजानको लागि वहाँ तथागतलाई सबै गर्नु परेको थियो । यसबाट हामीलाई थाहा भयो कि अब तथागत संग चित्तमल छ भन्ने कुरा सिद्ध हुँदैन । तर विश्व मैत्री अन्य चिकित्सकता सिद्ध हुन्छ ।

Downloaded from http://dhamma.digital/

मैले– साधु ! साधु ! शाक्यपुत्रहरू, तथागतलाई तिमीहरूले राम्ररी चिनी सक्यौ यस्तै मनोवृतिले तथागतको जीवनवाट लाभ लिन सक्ने छौ । तर कुनै बखतमा कोही पृथगजन आएर तिमीहरूसंग यसरी प्रश्न सोध्न सक्छ– तथागतले तपस्या गर्नु भएन, वहाँले त्यत्तिको कष्ट पनि गर्नु भएको छैन, जति वहाँका शिष्यहरूले गरिरहनु भएको छ, त्यसो भएर पनि वहाँ कसरी शास्ता हुन पुग्यो ? यसरी सोध्यो भने, तिमीहरूले के भनेर जवाफ दिन्छौ ? शाक्य पुत्रहरू ?

अनुरूद्ध– भन्ते, हामी यसरी जवाफ दिन्छौं– वहां तथागतसंग अनावश्यक शारीरिक पीडा छैन । अनावश्यक दुःख गर्दैमा धर्म हुने होइन । सांचेकै तपस्या मन भित्रको हुन्छ, वहां तथागत महान् तपस्वी हुनुहुन्छ । किन भने, तथागतले आफ्नो मनलाई राम्ररी सम्पूर्ण गरी वसमा ल्याइसक्नु भएको छ । सबै शिष्यहरूको तपस्या वहां तथागतको तपस्याको अगाडि खुट्टाको एउटा रौं पनि बराबर छैन । हामी उत्साह पूर्वक यम–नियम अनुसार गइरहेका छौं, वहां तथागत जसरी पाल्नु भयो, त्यसरी नै यम–नियम भइरहेको छ । वहां तथागतको जीवन यति पवित्र छ कि वहांलाई यम–नियमको चिन्ता नै गर्नु परेको छैन ।

मैले– साधु, साधु ! शाक्य पुत्रहरू तिमीहरूले तथागतलाई राम्ररी चिन्यौ, साथ, साथै वहां तथागतको धर्मलाई पनि राम्ररी सिकेर लिइसक्यौ तर शाक्य पुत्रहरू यदि कोही पृथगजनले म पनि तथागत हुं वा वहां समान छु, मैले पनि यम–नियमजो वास्ता राख्दिन

Downloaded from http://dhamma.digital/

भनी भन्यो भने अनि तिमीहरूले उक्त पृथगजनलाई के भन्न खोज्छौ ?

अनुरुद्ध– भन्ते, रोगीलाई जुन प्रकारको पथ्य र औषधि चाहिने हुन्छ त्यही प्रकारको पथ्य र औषधि, निरोगी मानिसलाई चाहिन्दैन । निरोगी मानिसलाई देखेर यदि रोगी मानिसले पनि पथ्य र औषधि गर्दिन ममा रोग छैन भनी भन्यो भने, त्यस्ले त्यस्तो भन्नु व्यर्थ छ । जसबाट रोग बढेर जान्छ तथा त्यो रोगी मरेर पनि जान सक्छ, जो तथागत होइन, तर तथागत समान हुने घमण्ड जस्ले गर्छ, यम–नियम, पथ्य र औषधि सेवन गर्दैन त्यसको पतन हुन्छ । चित्तमल धेरै हुन्छ, तथा अन्तमा संसारको दृष्टि पनि झरेर जान्छ । कसैले म तथागत भनेर घमण्ड गरेको खण्डमा उसलाई हामीले तथागत समान शुद्ध मनले मान्ने छैन । पत्याउने पनि छैन ।

हामीले पहिले उस्को चित्तमल परीक्षा गरी हेर्ने छौं, यो परीक्षामा उतिर्ण नभइकन यदि त्यस्ले घमण्ड गर्छौ भने, त्यसलाई घमण्डी सम्झने छु ।

मैले– साधु ! साधु ! शाक्य पुत्रहरू तिमीहरूले तथागतको धर्मबाट विवेक पनि बुझेर लियौ । अब तिमीहरू आऊ तथा यसै प्रकारले विवेक तथा विनयलाई उकास्नु सदा प्रयत्न गर ।

शाक्य पुत्रहरू । तिमीहरूको उत्तरले मलाई सारै प्रसन्न

Downloaded from http://dhamma.digital/

तुल्यायो । भिक्षुसंघमा यस्ता मानिसहरू जति धेरै हुन्छन्, त्यति नै संघ महान् तथा प्रभाव शाली बन्छ, जनताले पनि यसमा त्यति नै अधिक लाभ उठाउन सक्छन् ।

Downloaded from http://dhamma.digital/

# विनय शिक्षा र भिक्षुणी संघको स्थापना

भिक्षु हुने एउटा कुरा हो, भिक्षु संघको सदस्य बन्नु अर्को कुरा हो । मेरो संघमा यस्ता पनि मानिसहरू भिक्षु हुन आए, जोसंग न विनय छ, न त्याग छ । घरवार छोडेर आयो । तर घरको मोह त्याग गर्न सकेको छैन । यिनीहरूसंग कति क्षुद्रता अविनय छ कि आफुभन्दा कति ठूला त्यागी भिक्षुहरूलाई वास्ता नै नगर्ने हुन्छन् । कति भिक्षुहरू यति नीच छन् कि विहारमा जहां राम्रो ठाउं छ, पहिले नै गएर बस्न जाने, आफुले मान्नु पर्ने योग्य भिक्षुहरूलाई बस्ने ठाउँ नै न दिने ।

आज म बिहान विहारमा घुम्न गएको बेलामा सारिपुत्र विहार-को बाहिर एउटा रूखको फेदीमा बशी रहेको थियो । सोधेर हेर्दा थाहा भयो कि ठाउँ नपाएर रातभर बाहिर नै बस्नु परेको थियो । कस्तो आश्चर्य कुरा यो, सारीपुत्र मेरो सबै भन्दा प्रिय शिष्य थियो । धेरै जसो भिक्षुहरूको गुरु समान पनि थिए । तर उनीहरू सबैसंग यति पनि विनय छैन । सारिपुत्र वस्नुलाई मात्र भए पनि ठाउं अलि छोड्नु पर्ने थियो ,

उनीहरू मेरो संघमा आएको संसारलाई आदर्श मानवजीवन

Downloaded from http://dhamma.digital/

कस्तो हुनु पर्छ, पशुबल भन्दा न्यायबल नै महानता छ, धन, यश, आदर सत्कार, भोग तथा उपभोगमा व्यस्त भइरहेर त्यसमा सुःख भनेको छँदै छैन, तर औचित्य अनुसार समर्पण गर्नुमा के सुःख छ भनेर गर्ने हो ? तर यस्ता मोघ पुरुषले संसारलाई के शिक्षा दिन सक्ला र ? जगतमा के सुधार गर्लान् ? अब मलाई पनि नयाँ विहारमा प्रशन्नताको स्थानमा चिन्ता लिएर भित्र पस्नु पर्ला जस्तो छ तथा सबैको मनमा यही मुख्य चिन्ता होला कि हामीलाई उपयुक्त ठाउँ पाउला या न पाउला ? एक दिन यो पनि हुन सक्छ कि मेरो निमित्त पनि उपयुक्त ठाउँ न होला । त्यस बेला कोही यो संघको दर्शनार्थ आउँदा मेरो स्थानमा उनीहरूले तिनीहरूलाई देख्यो भने के भन्लान् ? यस्तो भइदियो भने, यो संघ बर्बाद हुनेछ ।

गृहस्थहरूसँग पनि मोह, ममता, स्वार्थ संघर्ष छ । तर यस्ता भिक्षुहरू जस्तो खान नपाउने गृहस्थहरू त धेरै हुँदैनन् । उनीहरूमा विनय छ, अविनय त्यसलाई गर्ला, जस्ले बुझ्दैन वा कुभलो चिताउंछ, नबुझे पनि शिष्टाचार पालन त गरी नै रहेका छन् । तर यी अयोग्य भिक्षुहरूले विनय भनेको थाहा नै छैन भने शिष्टाचार पालन कसरी गरोस् ?

यदि मेरो संघ यस्तै नै अशिष्ट भई रह्यो भने संसारको निमित्त यिनीहरू बोझको रूपमा रहने छन् तथा संघ पनि चांदैनै बिलाएर जानेछ । आज मैले यिनीहरूलाई बोलाएर निम्नानुसारको विनय सिकाइ दिएं ।

Downloaded from http://dhamma.digital/

## विनय पत्र

१) आफू भन्दा दिक्षामा ज्येष्ठ भएकालाई वन्दना गर्नुपर्छ ।

२) धर्म पालनमा श्रेष्ठ हुनेलाई वन्दना गर्नुपर्छ ।

३) संघ सेवामा श्रेष्ठ हुनेलाई वन्दना गर्नुपर्छ ।

४) आचार्य, उपाध्याय पदमा रहनेलाई वन्दना गर्नुपर्छ ।

५) तथागत सम्पूर्ण भिक्षुहरूले तथा समस्त संसारले वन्दना योग्य हुनु हुन्छ ।

## विनय नियम

वन्दनीय गुरुहरूको विनय यस्तो गर्नुपर्छः–

१) भेटघाट हुँदा शिष्टाचारपूर्वक उठी दिने, हात जोडि विन्ति गर्ने, कुशल क्षेम सोधपुछ गर्ने ।

२) जबसम्म वहां तिमीसँग कुराकानी गरिरहला वा सँगै उभिरहला त्यस बेलासम्म आफू पनि उभि नै रहने गर्नु ।

३) यदि वहांको धेरै बेरसम्म काम भई दिएमा वा चंक्रमण गरिरहनु भएमा तथा तिमीलाई त्यहिं बसेर काम गर्नुपर्ने भएमा वहांको निमित्त श्रेष्ठ आशन छोडेर अर्को आशनमा बसेर काम गर्ने गर्नु ।

Downloaded from http://dhamma.digital/

४) वहां जानु हुंदा उभि दिने, हात जोडेर विन्ति गर्ने ।

५) भिक्षामा प्राप्त हुने अन्न सबभन्दा पहिले वहांलाई नै अर्पण गर्नु ।

६) पलंग (खाता), स्थान आदि वहांको निम्ति सुरक्षित गरी राख्नु, वहांलाई स्थान दिएर बाँकी भएको स्थान आफूले उपभोग गर्नु ।

७) त्यस प्रकारले वन्दना नगर्नु जसरी वन्दना गरिएमा मानिसले बुझ्न सकिन्दैन तथा तिमी र उनको विषमा अन्तर थाहा हुन सक्तैन ।

८) बाटो देखाउनलाई मात्र अघि जानु, यस्तो नभएमा जहिले पनि पछि पछि मात्र लाग्ने गर्नु ।

९) जति सक्यो त्यति वहांको सेवा गर्नु ।

१०) वहांले कुनै काम गरिरहनु भएको भए आफैले गर्न योग्य भएमा स्वयं गरी दिनु जस्तो कि:— पलंग अर्थात् दराज पुछिरहनु भएको भए वहांको पलंग वा दराज पुछि दिने गर्नु, कुचो लगाई रहनु भएको भए आफुले कुचोलाई दिनु ।

११) नम्रताले उत्तर दिनु । जवाफ दिने बेलामा घृणाले मुख बिगारी स्वरलाई बदल्ने गरेमा दुष्कृत आपत्ति हुन्छ ।

तथागतको विषयमा यो विनय राम्ररी पालन गरेमा उपाध्यायादि (गुरु आदि) विषयमा पनि यसै प्रकारले पालन गर्ने गर्नु,

Downloaded from http://dhamma.digital/

तथा अन्य बन्दनीयहरूलाई पनि ।

भिक्षुहरू, यी आवश्यक विनय–नियम तिमीहरूको लागि बनाई दिएको हो । यसको पालन हृदयदेखि गर्नु पर्छ । यदि बाहिरी देखावटी-बाट पालन गर्यौ भने, शिष्टाचार मात्र भनी रह्यौ भने, तिमीहरू विनयी तथा संयमी बन्न सक्दैनौ विनयहीन शिष्टाचारबाट वात्सल्य प्रेम आदि हुँदैन, तथा शिष्टाचार पनि गरेनौं भने, वैरभाव उत्पन्न भई आउंछ । विनय ज्यान हो, अनि शिष्टाचार उसको शरीर हो । यी दुवैलाई तिमीहरूले रक्षा गर्नुपर्छ ।

यस प्रकारबाट मैले भिक्षुहरूलाई विनयको नियम भनिदिएं । कुनै बखत तिनीहरूले पालन गर्ला । व्यवहारको जड विनय हो । संघ-को व्यवस्था गर्नेलाई विनयको ठूलो आवश्यक छ । तर यन्त्र जस्तो परिचालित भई जस्ले विनय–नियमलाई पालन गर्दछ यिनीहरू के सांच्चैका विनयी हो त ? सत्य कुरा यही हो कि सच्चा विनयीले जसरी आचरण गरी रहन्छ, त्नसरी नै विनय भइरहन्छ, अर्थात् जुन विनय–नियम मैले बनाएं, यस्को पालन विनयी स्वभावले नै गर्नु पर्ने हो । जसरी कोइ व्यक्ति, अरू कोहीलाई देखेर डराउंछ । त्यो आफै थर थर काम्छ, त्यहांबाट भाग्न खोज्छ, यसरी डराहने व्यक्तिलाई भयाचार सिकाउनु पर्दैन । त्यस्तै प्रकारले विनयीलाई, विनय ज्ञान नभईकनै पनि बसी रहेको ठाउं छोडेर उठेर जान्छ हात जोडेर विन्ति गर्छ । सेवाको लागि अघि अघि बढ्छ, उच्चाशयन आदि छाडि दिन्छ । यस्तो सबै कुरा सिकाइ रहनु पर्दैन । जो विनयी होइन तथा विनयको व्यवहार गर्ने इच्छा छैन त्यस्तालाई सिकाउनु आवश्यक छ । यथार्थ

Downloaded from http://dhamma.digital/

भिक्षुहरूको लागि यस्तो विनयको जरूरत छैन । तर उनीहरू मोघ पुरुष भिक्षु कहां छन् ? तसर्थ व्यवस्थाको लागि नियम पालन गर्नु नै उचित छ ।

अन्तमा इच्छा नभईकन पनि भिक्षुणी संघको स्थापना गर्नु पर्यो । आनन्दले बारम्बार अनुरोध गरेर म बाट आज्ञा लिइनै छोड्यो । आनन्द सारै मूर्ख छ । उसमा दीर्घ दृष्टि छैन । मलाई थाहा छ, आइमाईले पनि अर्हन्तपद प्राप्त गर्न सकिन्छ । अनेकबार मैले यो कुरा भनें पनि भिक्षु संघको उद्देश्य यस्तो जन सेवक तयार गर्नुलाई हो जसबाट पवित्र जीवन बिताएर समाजमा नराम्रा प्रथा हटाइन्छ, अर्हत पद भनेको को स्त्री को पुरुष जस्ले पनि घरैमा बसेर भए पनि प्राप्त गरी लिन सकिन्छ । तर घरमा यस्ता साधु सेवकहरू हुंदैनन् जो निष्परिग्रह छन्, निर्भय छन्, निस्वार्थ छन्, राजा रंकलाई समदृष्टिबाट हेरिन्छन् । तसर्थ मैले यो धर्म सेना बनाएको थिएं । त्यो सेना कि त स्त्रीमा मात्र हुनु पर्दथ्यो, कि त पुरुषहरूमा मात्र हुनु पर्थ्यो । पुरुषहरू-को सेनामा सुविधा अलि बढी छ । किनभने म स्वयं पुरुष हुं, त्यसैले पुरुष सेनाका संचालन नै राम्ररी गर्न सक्छु । तसर्थ मैले पुरुष जातिको सेना बनाएको हुं । स्त्रीहरूको तथा पुरुषहरूको सेना बनायो भने यहां पनि त्यही संसार हुन जान्छन् जुन संसार छोडेर यी भिक्षुहरू म कहाँ आए । घरमा भए संसार तर्फ निर्भय भएर दाम्पत्य जीवन चलाउन सकिन्छ । भिक्षु संघमा भने दाम्पत्य जीवनलाई स्थान नै छैन । त्यसैले यो आकर्षण अन्तर्गामी भइ दिएमा शनैः शनैः भिक्षु संघलाई खुकुलो पारिने छ ।

Downloaded from http://dhamma.digital/

एक दिन एउटा भिक्षु एउटी भिक्षुणीको निवास्थानको अगाडि रमण गर्दै थिए । कहिले अगाडि नै उभिएर दाँत माझि रहन्छ कहिले त्यहाँ पानी लिनलाई गई रहन्छ । मैले यसो गरिरहनु ठीक छैन भनी सम्झाई दिएं पनि । अनि मैले देखें, त्यसले उचित र अनुचितको विचारै नगरिकन ती भिक्षुणीको गुण वर्णन गर्न थाल्यो, तिनको चर्चा गर्ने अवसर वनायो । त्यो बडो नै विदुषी छ, शंका समाधान राम्रो गर्छ, कुरा गर्ने तरिका पनि राम्रो छ । यसमा केही संदेह छैन, त्यो त्यस्तै हो । ती भिक्षुणी यस्ता भिक्षुहरूको शिकार पनि हुँदैन, तर यस्ले केही न केही विषयिक आकर्षण वडो भइ नै रहन्छ । कोही चर्चाको निहु राखी भिक्षुणीहरू कहाँ गइन्छ, कोही तिनीहरूलाई जिस्काएर तिनीहरूको घुडकीको मजा लिनलाई जान्छन्,कोही विनयको ढोंग गरेर तिनीहरूलाई विन्ति गर्नलाई जान्छन्, कोही कोही चतुर भिक्षुणी कहाँ उपदेश सुनुं भनेर निहुं राखी जान्छन्, यस्तो केही गर्नु हुँदैन भनी मैले उनीहरूलाई भन्ने गर्दथे । भिक्षु भिक्षुणी कसैको पनि विनय गर्नु पर्दैन तिनीहरूको उपदेश सुन्नु पर्दैन कोही भिक्षुणीले भिक्षुलाई पनि घुड्की सुनाउनु हुँदैन, हप्काउनु हुँदैन, गालि गर्नु हुँदैन, आदि आदि । तर के यो नियमले दुईटैको आकर्षण नभई जालान् त ? निहु भनेको सबभन्दा सुलभ वस्तु हो । मैले सय वटा नियम वनाएं भने एक सय एक निहुको उत्पत्ति हुन आउँछन् । नियमले त बाटो मात्र देखाउने काम सिवाय अरू गराउँदैन । जो भिक्षु संग संयम छैन, त्यो नियमले अलगिनु सक्दैन् मेरो मनमा यसरी विचार आउँछ, भिक्षुणीहरूले गरेर संघको यथाशीघ्र नै अवनति भएर जानेछ । विस्तार विस्तारै संघ पापाचारको

Downloaded from http://dhamma.digital/

घर भएर जान्छ, संघको जन-संख्या दोबर भएर जानेछन्, तर संघको जीवन आधि मात्र हुने छ तथा पवित्रता भने नाम मात्र कै हुने छन् । आनन्दले हित गर्नुको लागि गरेको हो तर यो प्रयत्न अहितकै कारण हुन गयो ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# चमत्कारको निसारता

धर्मको काम हो प्राणी मात्रलाई शान्ती दिने । जो यो बाटोमा अधिकाधिक जाने गर्दछ, जसले यसको लागि धेरै त्याग गर्दछ, त्यो नै सच्चा धर्मात्मा हुन्छ । तर संसार यति अन्धा छ कि धर्म पालन गर्ने काम त परै जाओस् नै धर्मको परीक्षा नै राम्रोसंग गर्न जानेको छैन । कसैले आफ्नो वैद्यक ज्ञानबाट धर्मको परीक्षा गर्छन् भने कसैले ज्योतिष ज्ञानबाट धर्म परीक्षा गर्छन्, कसैले नटकला आदिबाट धर्मको परीक्षा गर्ने पनि गर्दछन् । यी मूर्खहरूको के ठिकाना छ र ? आत्मा शुद्धि तथा जनसेवा यो नभइकन पनि हुन सक्छ, यो भएर पनि नहुनु सक्छ । त्यस्तो भएर पनि मनुष्यहरूले यही कारणबाट नै धर्मको परीक्षा गरी रहेका छन् । अस्ति राजगृह वासि नगरको सेठले आफ्नो पागलपनले विचार गर्दै एउटा चन्दनको पात्र बनाएर लामो बांस माथि झुन्ड्याएर एउटा भिक्षु आएको वेला भन्यो– यदि तपाईं अर्हत हुनुहुन्छ भने त्यो बांस माथि चढेर त्यो पात्र लिएर आउनुस् । अनि उनीहरूले यही विचार गर्यो अर्हतको परीक्षा बांस माथि चढेर जाने योग्य नटकला हो । यिनीहरू यस्तो मूर्ख छ कि यति पनि थाहा छैन कि जो सुकै नट व्यक्ति पनि बांस माथि चढेर त्यो पात्र लिन सक्छन् । बांस माथि चढी पात्र लिएर आउँदैमा त्यो अर्हत हुन्छ र ? अर्हत पनि बांसमा चढेर जाने कला वा शक्तिबाट वञ्चित हुन सक्छ, यस्तो हुँदैमा के

Downloaded from http://dhamma.digital/

यिनीहरू अर्हत होला र ? त्यो साहु पनि मूर्ख, संसार पनि मूर्ख, मेरा शिष्यहरू मध्ये धेरै जसो शिष्यहरू पनि मूर्ख छन् । मेरा शिष्यहरू मध्ये पिन्डोलभारद्वाजले त्यो सेंठ कहां गएर नटले जस्तो बांस माथि चढेर त्यो पात्र लिएको थियो । उनले सोच्यो कि अब मेरो धर्मको प्रभाव धेरै माथि पुग्यो । उसको पछि–पछि धेरै लस्कर लागे । पिन्डोल भारद्वाजको मनमा यस्तो लाग्यो कि अब त म सांच्चै कै अर्हत भएं ।

यदि पिन्डोल जस्तो मूर्ख शिष्यहरूले यसरी नै धर्मको प्रभाव देखाउछ भने धर्मको लागि सांच्चै कै त्यागी बन्नेहरूको निमित्त र समाजसेवीहरूको निमित्त पनि स्थान रहने छैन । धर्म संस्था नटहरूको अखडा बन्छ । त्यसकारण भिक्षुहरूलाई बोलाई सबैको सामुने पिन्डोलभारद्वाजलाई हपकाएर तिरस्कार गरी उसको चन्दन पात्र पनि फोड्न लगाएं ।

मैले यही सोचें– भिक्षुहरूलाई काठको पात्र ठीक हुन्छ भनेर अनुमति दिएको थिएं । जसको मोल त्यति सारो पर्दैनथ्यो । भिक्षुहरू-को अपरिग्रह व्रत पनि पालन हुन्थ्ये । तर काठको पात्र निहुं गरेर चन्दनको पात्र राख्नु शुरू गर्यो भने, धातुको पात्र यो भन्दा सस्तो तथा निस्परिग्रहता अधिक हुन्छ । अन्यथा यो भिक्षुहरूको साधुता पनि नाग (सर्प) हरूको जस्तै चन्दनको पात्र मै टांसिरहन्लान्, त्यसकारण मैले नियम बनाई दिएं । अब देखि भिक्षुहरूले काठको पात्र राख्न पाउँदैन साथै धातुको पात्र पनि । फलामको र माटोको पात्र मात्र ग्रहण गर्न सकिन्छ । मैले सोच विचार गरें कि - आफ्नो धर्म संस्थामा

Downloaded from http://dhamma.digital/

कडा नियम बनाएर आफ्नो धर्म संस्थालाई पवित्र गरी राखुं । तर यसो गऱ्यौं भनी काम चल्दैन हिजो बिम्बसार राजाले म कहां आएर भन्नुभयो– तपाईंले आफ्नो शिष्यहरूलाई चमत्कार नदेखाउनु भनी भन्नु भएको हो र ? त्यसो हो भने धर्म प्रचार कार्यमा निकै बांधा पर्न जानेछन् । मनाही गर्नु हुन्न भन्नुभयो ?

मैले भनें– चमत्कारले मानिसको धुर्तताको परिचयमा सघाउ पुऱ्याउँछ तर धर्मको परिचय दिलाउन सक्दैन ।

बिम्बसार– यो त ठीकै छ । तर जबसम्म संसारले यो तत्व-लाई बुझ्दैन, तबसम्म यिनीहरूलाई यिनीहरू कै बाटो खोजी दिनु पर्ला । यदि यिनीहरूले चमत्कारबाट सत्यलाई प्राप्त गरी लियो भने, तिनीहरूलाई त्यही मार्ग प्राप्त गराउनु पर्ला ।

मैले– राजन, चमत्कार भनेको यति असत्यले पूर्ण भएको कुरा छ कि त्यो भित्र पस्नु बित्तिकै–सत्यलाई स्थान नै पाउँदैन । जुन चाहिंले यस्तो चमत्कारलाई नमस्कार गर्छ, तिनीहरू आफै धोका पाई रहनेछन् । संसारलाई पनि धोका दिइरहन्छन् ।

चमत्कार त एउटा कला हो, छल हो, इन्द्रजाली हो । यो त जो सुकै इन्द्रजालीले देखाउनु सक्छन् । तर त्यो इन्द्रजाली अर्हत होइन । अर्हत हुनलाई आत्मा शुद्धि चाहिन्छ, आत्मा शुद्धि इन्द्रजालावी चमत्कारले सम्भव छैन ।

बिम्बिसार– भन्ते, यो ठीक कुरा हो । यदि भन्तेको शिष्यहरूले चमत्कार गरी देखायो, त्यस्तो भएछ भने यसको परिणाम यो हुन्छ

Downloaded from http://dhamma.digital/

कि, जनता त्यस्तो इन्द्रजालीको चक्रमा पर्लान्, तथा तपाईंको सत्य धर्म विमुख हुनेछ ।

मैले– जनता सत्य धर्मबाट विमुख भयो भने, यसको अर्थ यही हुन्छ कि थोरै मानिसहरूले सत्य धर्मको लाभ प्राप्त गर्छन् ।

किन्तु जनता सत्य धर्ममा लागेर सत्य धर्मलाई असत्य धर्म बनाई दियो भने यसको फल यो होला कि न कम मानिसले मात्र सत्य धर्म प्राप्त गर्न सक्छन्, न अवशेष जनताले यो प्राप्त गर्न सक्लान् । प्राप्त गरी लिने वस्तु नै न हुने बेलामा त्यो वस्तु नै प्राप्त के गर्ला, अप्राप्त के गर्ला ?

बिम्बिसार– भन्ते जनतालाई यो चमत्कारबाट छुटकारा दिलाउन केही चमत्कार त गर्नु नै पर्ला भन्तेले जनतालाई चमत्कारको निःसारता बुझाई दिनु भए ती जनता ढोंगीहरूको जालमा पर्ने छैनन् ।

मैले– हुन्छ यसको लागि तपाईं केही मानिसहरू जम्मा गर्नुस् । मैले यमक प्रातिहार्य देखाउंछु भनेर घोषणा पनि गरी दिनु होला ।

सबै लस्कर भेला हुने बित्तिकै मैले तिनीहरूलाई सोधे– तिमीहरूले यस भन्दा अघि कुनै प्रातिहार्य चमत्कार देखेका छौ ?

एक जनाले भन्यो– भन्ते, एक दिन एकजना अर्हत यहाँ आयो, उसले यस्तो बत्ती बालेर देखायो, त्यो बत्तीको मध्य भागबाट जलधारा प्रकट भयो । यस प्रकारले आगो र पानीको मेल देखेर हामी सबै चकित भयौं ।

Downloaded from http://dhamma.digital/

मैले– त्यसो भए, के तिमीहरूले, त्यसलाई अर्हत भनेर ठान्यौ त ?

उनीहरू– हो, भन्ते,

मैले– किन्तु बादलबाट निस्कने बिजुली त बत्तिबाट निस्केको जलधारा भन्दा पनि चमकदार छ।

उनीहरू– तर त्यो त ईश्वरीय चमत्कार भयो। जुन मानिसले ईश्वरीय चमत्कारलाई आफ्नो हातले गरेर देखाउंछ, त्यो मानिस अवश्य पनि सिद्ध पुरुष त हुनै पर्छ।

मैले– तिम्रो स्वास्नीले चिसो पानीलाई तातो पानी बनाउनु सक्छ ?

उनीहरू– सक्छिन भन्ते।

मैले– त्यो तातो पानीलाई तिमीहरूको हातमा खन्याई दिंदा पोल्छ या पोल्दैन।

उनीहरू– पोल्छ भन्ते।

मैले– त्यही तातो पानी आगोमा खन्याई दियो भने, त्यो आगो निभला कि ननिभला ?

उनीहरू– निभ्छ भन्ते।

मैले– हेर यो कस्तो ठूलो चमत्कार हो। एउटै वस्तुबाट पोलाउनु पनि सक्ने निभाउनु पनि सक्ने। फेरी यो चमत्कार तिम्रा स्वास्नीले देखाउनु सक्ने। त्यसैले तिमीहरूले आ–आफ्ना स्वास्नीलाई अर्हत भनेर मान्छौं या मान्दैनौं या पूजा गर्छौं या गर्दैनौं ?

Downloaded from http://dhamma.digital/

सबै हाँसे छन् ।

मैले– किन हांस्यौ ? तिमीहरूको स्वास्नीहरूले ईश्वरीय चमत्कारलाई आफ्नै हातले देखायो । अनि तिमीहरूकै नियमानुसार अर्हत किन भएनन् तिनीहरू ।

उनीहरू– यस्तो चिसो पानीलाई तातो पानी बनाउन सक्दैमा कोही अर्हत हुन सक्छ र ? यो त साधारण कुरा भयो ।

मैले– अनि वत्तीबाट जल धारा देखाउन सक्ने अर्हत कसरी हुन्छ त ? तिमीहरूले फोहराबाट पानी आएको कहीं देखेकै होला । यदि फोहरा जस्तो सानो नलिको वरिपरि वत्ती बालेर तेलभरी दियो भने बत्ती वलिनै रहन्छ तथा बत्तीको बीचको भागबाट पनि पानी वगी नै रहन्छ यसमा आश्चर्य नै के ?

उनीहरू– भन्ते, हामीलाई थाहा छैन । त्यसकारण हामीलाई अचम्म लाग्यो ।

मैले– यो त सत्य कै कुरा हो, सारा संसारको कुरा बुझ्नु सकिदैन । तर यति त जान्नु पर्छ कि यो जगतमा एउटा देखेर अर्को आश्चर्य । जुनसुकै काम पनि प्रकृतिको नियम विगारेर गर्न सकिदैन । केही नियम जानेर, बुझेर यदि केही चमत्कार देखायो भने उसलाई चतुर खेलाडी भन्ने सिवाय अर्हत भनिदैन । अर्हत भन्नु पनि हुंदैन । भौतिक कामको खेल देखायो भन्दैमा कोही अर्हत हुंदैन । अर्हतहरूको चमत्कार आध्यात्मिक नै हुन्छ ।

उनीहरू– भन्ते, आध्यात्मिक चमत्कार कस्तो, हुन्छ ?

Downloaded from http://dhamma.digital/

हामीलाई आज्ञा होस् ।

मैले– जसरी तिमीहरू आगो पानी एकै ठाउँमा राखेकोलाई चमत्कार भन्छौ, त्यस्तै जस्ले शत्रु र मित्र दुवैलाई एकै ठाउँमा राखी समभाव गर्न सक्यो भने यो पनि चमत्कार नै हो । जस्ले तिमीहरूको हित, अहित गरी रह्यो यी दुवैलाई समभाव गर्न सक्छौ त ?

उनीहरू– सक्दैनौं भन्ते ।

मैले– जुन मानिसले बत्तीबाट जलधारा देखायो त्यस व्यक्तिले यस्तो समभाव गर्न सक्छ त ?

उनीहरू– सक्दैन भन्ते, हो, एउटाले यति मात्र भनेको थियो– "भित्र पानी जम्मा गरी राख्यो होला, त्यसैले यो पानी बाहिर आयो ।" यो कुरा गर्यो भनेर उनी यति रिसायो कि त्यो मानिसलाई अविश्वासी नास्तिक आदि भनेर त्यहाँबाट निकालेर पठाई दियो । यो त समभावी नै होइन ।

मैले– भो–भो अब त तिमीहरूले बुझ्यौ होला कि आगो र पानी एक ठाउँमा राख्न सजिलो छ तर शत्रु र मित्रहरू प्रति समान रूपले मनमा राख्नु अथवा उनीहरू प्रति निस्पक्ष रूपले व्यवहार गर्नु गाह्रो छ । शत्रु र मित्रहरूलाई समानतामा राख्नु नै यमक प्रातिहार्य हो । जसले यो यमक प्रातिहार्य देखाउन सक्छ उही नै अर्हत हो । त्यसैले म तिमीहरूलाई भन्छु, इन्द्रजाली पूजारी नहोऊ । तर जस्ले सबै संग समभाव राख्छ, शत्रु

Downloaded from http://dhamma.digital/

मित्र, ठूलो सानो, धनी गरीब, आदि सबैको हितसुखको इच्छा गर्छ उही नै अर्हत हो। तिमीहरूले उनीहरू कै पूजा गर्नु पर्छ, उनीहरूलाई नै पूजा गर भनी म भन्दछु।

★

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# झगडालु भिक्षु र विवेकी उपासक

मलाई यस्तो अनुभव भयो कि संसारमा जहिले पनि दण्डको आवश्यकता छ। यस संघमा आएर निरन्तर मेरो उपदेश प्राप्त गरी रहेता पनि धेरै जसो भिक्षुहरू झगडालु तथा घोर अहंकारी छन्। तिनीहरूले विनय–अविनय बिर्सेर मेरो अगाडि मुख बंग्याई रहन्छन्। कैयौं भिक्षुहरू यस्ता छन्, तिनीहरूलाई खराब कामबाट अलग्याउन खोजे पनि उनीहरूले नराम्रो कामलाई नै समर्थन गरिरहन्छन्, केही भन्नु अघि नै उनीहरूले, त्यो काम नराम्रो खराब छ भनी बुझेर पनि कसैले सम्झाउनु बुझाउनु पर्दैन भनी आफ्ना दोष छोप्छन्, यद्यपि तिनी-हरूले केही पनि बुझेका हुंदैनन्। फेरि केही गल्ती भयो भनी हामीलाई के थाहा छ र? भनी भन्दछन्। बुझाई दिंदा पनि कुरै राम्रो बुझेको हुंदैन हामीले जानिसक्यौं भनेर भाग्न खोज्छन्। सम्झाई दिइंदा पनि अपमान भएको ठान्दछन्। मुखमा जे आयो त्यही कुरा केही बिचार नगरिकन बोल्दछन्। नसम्झाइएमा पनि जस्तो मनमा आयो त्यस्तै काम गर्दछन्। हामीलाई के थाहा छ र? भन्छ भने कहिले काहिं विनय शब्द प्रकट गरेर स्वरले महान् अविनय प्रकट गरिरहन्छन्। कहिले पनि मुख हंसिलो पारी हृदय खोलेर कुरा गर्दैनन्। जसले अरूको अगाडि आफ्नो हृदय खोल्न सक्तैन उसले आफ्नो सुधार गर्ने इच्छा गरेतापनि गर्न सक्तैन। न त्यसको हृदय पवित्र हुन सक्छ, न त्यो निर्मल हुन सक्छ,

Downloaded from http://dhamma.digital/

न विश्वसनीय नै । यस्ता व्यक्तिहरू जस्तै कुरा गरेपनि, चतुर कथिक भए पनि अन्तमा समाजबाट अलग हुनेछन् ।

आज कौशाम्बीवासी भगडालु भिक्षुहरू म कहाँ आए । मैले तिनीहरूलाई कति सम्झाएं तर तिनीहरूले मेरो कुरा सुनेको होइनन् । तिनीहरूले सानो कुरालाई लिएर संघ गौरबमा नै दाग लगाई दिए ।

एउटा भिक्षु पाइखानाबाट फर्केर आउंदा उसले भाँडोमा अलिकति पानी बचाएर आएछ । अर्को भिक्षुले त्यो देखेर उसलाई भन्यो त्यसरी पानी बचाएर आउनु हुंदैन । यो त जोसुकै मानिसलाई पनि थाहा भएको कुरा हो । थाहा पनि हुनु पर्ने हो । व्यवहारको यो दोषलाई स्वीकार गर्नुपर्ने कुरो पनि हो । तर कसैको पनि सिधा कुरालाई स्वीकार गऱ्यो भने त्यो भिक्षु कसरी होला ? बस, उसले यही कुरालाई नै लामो गन्थन तुल्यायो । संसार क्षणिक छ, यसमा पवित्र के, अपवित्र के, यही नै विषयमा ठूलो व्याख्या हुन थाल्यो । यी प्रतिवादी मूर्खहरूलाई यति पनि थाहा छैन कि जीवनमा बुद्धि तथा भावुकताको समन्वय हुनुपर्छ । यसरी सत्य ज्ञानलाई अंगाल्न नसक्नाको परिणाम के भयो भने भिक्षु संघ दुई खण्डमा विभाजित भयो । यी दुई खण्ड बीच झगडा शुरू भयो । झगडाको समाचार म कहाँ पुगेकोले म तिनीहरूलाई सम्झाउं भनेर गएं । तर तिनीहरूले भने– तथागत धर्मस्वामी हुनुहुन्छ भने आराम साथ बस्नु होस्, हाम्रो बीचमा नआउनु होस् । हामी आफू आफूले नै विनिश्चय गरी लिन्छौं । तिनीहरूको यो निर्भयता देखेर मलाई आश्चर्य त भयो । तर संसारको

Downloaded from http://dhamma.digital/

विधि विचार गरी मैले आफ्नो मनलाई सान्त्वना दिएं ।

तिनीहरूलाई सम्झाउनु व्यर्थ छ । धेरै जसो मानिसहरू यस्ता छन् कि चोट खाइसकेपछि मात्र चेतना पाउंछन् । यस भन्दा अघि तिनीहरूलाई सम्झाए पनि तिनीहरूले बुझ्नै सक्तैनन् । बुझाउने अवस्था नआएसम्म, बुझाउनु पनि व्यर्थ छ । यति मात्र होइन यस्ताहरूलाई सम्झाई बुझाउंदा त तिनीहरूको मूर्खता झन् बढ्दो रहेछ अथवा तिनीहरू वक्रजड हुंदोरहेछ । त्यसैले मैले तिनीहरूलाई पुनः सम्झाइन । यति मात्र होइन, तिनीहरू झगडा गर्दै थिए तापनि तिनीहरूलाई त्यहीं छोडेर म श्रावस्तीमा आएं ।

झगडालु भिक्षुहरूलाई मैले छोडेर आएपछि कोशाम्बीवासी उपासकहरूको मन सारै बिग्रियो । तिनीहरूले भिक्षुहरू कहाँ आउन जान छोडे, कुरा गर्न पनि बन्द भयो, भिक्षा दिन पनि छोडे । अनि मात्र भिक्षुहरूको बुद्धि ठीक ठाउंमा आयो । अब आफ्नो पापको प्रायश्चित गर्नको लागि तिनीहरू कोशाम्बीबाट श्रावस्ती आए ।

मेरो मनमा आयो कि यिनीहरू जस्ता गृहत्यागी भिक्षुहरूलाई नीतिको बाटोमा ल्यानलाई त यति कडा गर्नु पर्ने आवश्यकता भयो भने साधारण जनताको विषयमा भन्नु नै के ? यसकारण भन्नु पर्‍यो कि उपदेश तथा दण्ड दुइटै आवश्यक छ ।

तर दण्ड त पशुत्वको चिन्ह हो । मनुष्य र पशुको बीचमा मुख्य अन्तर यति नै हो कि मनुष्यले नराम्रो कामलाई स्वयं बुझ्दछ वा संकेत मात्रले पनि बुझ्न सक्तछ तथा हटाउने क्षमता पनि छ ।

Downloaded from http://dhamma.digital/

पशुले त बुझ्न सक्तैन । तर विवश भएर नराम्रो कामबाट अलग भइरहनु वा अलग भइरहन्छन् । कौशाम्बीवासी भिक्षुहरूको पश्चाताप पनि यस्तै नै हो ।

अब तिनीहरू जतिसुकै पश्चाताप गरेपनि सात्विक फलबाट वंचित भइरहनु पर्नेछ । पहिले तिनीहरूले अलिकति मात्रै पश्चाताप गरेको भए पनि यसबाट असंख्य गुण फल प्राप्त हुने थियो । मेरो स्नेह तथा जनताको भक्ति पनि सम्पादन गर्न सक्ने थियो ।

यसमा सन्देह छैन कि मनको असंयमताले परलोक मात्रै होइन, यस लोकमा पनि फल दिन्छ ।

यस घटनाले गर्दा एउटा कुरा यो विदित भयो कि उपासक वर्ग यदि साँच्चिकै विवेकशील भएको भए भिक्षु–संघमा विकार आउनु गाह्रो हुने थियो । मेरो भिक्षु-संघ त्यस बेलासम्म वास्तविक भिक्षु-संघ भइरहन्छ जबसम्म उपासक वर्ग कौशाम्बीको उपासक वर्ग जस्तै साँच्चिकै विवेकशील भइरहन्छ ।

✶

Downloaded from http://dhamma.digital/

# चार प्रकारको दम्पति

आज बिहान केही दम्पतिहरू म कहाँ आएर प्रणाम गरीकन एकाछेउमा बसी मसंग केही चर्चा गर्न शुरू गरे ।

मैले सोधें– तपाईहरू कुन जातिको दम्पति हुनुहुन्छ ?

तिनीहरू मध्ये एउटाले भन्यो– हामी ब्राह्मण हौं, कसैले भने हामी क्षत्रीय हौं । कसैले भने– हामी वैश्य हौं । कसैले भने– हामी शुद्र हौं ।

मैले भनें– यो त मनुष्यको भेद होइन । यो त जीविकाको भेद हो, यसबाट कसैको असल, खराब वा पात्रता–अपात्रता देखिदैन । दम्पतिको विषयमा यो हुनु पर्दछ कि शव दम्पति कुन हो ? शव पतिक दम्पति कुन हो ? शव पत्नीक–दम्पति कुन हो ? तथा जीवित दम्पति कुन हो ?

तिनीहरूले भने– यो भेदको के अर्थ हो, भन्ते ?

मैले भने– त्यसो भए सुन– जसको पति–पत्नी दुवै दुराचारी, संयम हीन, कलह प्रिय तथा आलसी छन्, त्यो शव दम्पत्ति हो । जसको पति दुराचारी छ, तथा पत्नी सदाचारिणी छिन् र शान्त कर्मनिष्ठ छिन् । उनीहरूलाई शव पतिक–दम्पति भन्दछन् । किनभने उनीहरूमा लोग्ने चाँही शव स्वरूप अर्थात मरेको हो, र स्वास्नी चाँहा

Downloaded from http://dhamma.digital/

जीवित हो । जसको स्वास्नी दुराचारीणी छिन् तथा लोग्ने सदाचार छ भने त्यो शव पत्नीक हो । जसको पति पत्नी दुवै सदाचारी छन्, कर्मनिष्ठ आदि छन्, त्यो जीवित दाम्पति वा दिव्य दाम्पति हो ।

तिनीहरूले भने– भन्ते, त्यसो भए हामी शव दम्पति हौं । हामीहरू सबै जीवित दाम्पति हुनु सकौं भनेर आशीर्वाद दिनुहोस् ।

आशीर्वाद त मैले दिइसकें । तर के आशीर्वादले भनी सकेको जीवित भएर आउलान् र ? जीवन त स्वहित पर–हितको समन्वयले बन्दछ ।

★

Downloaded from http://dhamma.digital/

# जेष्ठत्वको स्वरूप

जुन ब्राह्मणले आफ्नो नगरमा आउनुको लागि निमंत्रण दिए-को थियो, त्यो ब्राह्मणको अहिले सम्म मुखै देखिएको छैन । भोजनको अभावले गर्दा भिक्षु संघमा धेरै नै दुर्दशा भयो । यो नगरमा भिक्षुलाई भिक्षासम्म पनि दिने कोही छैन । भिक्षुहरूले, तबेलामा गएर घोडाको दाना ल्याएर ढिकीमा कुटेर खाइरह्यो, मलाई पनि आनन्दले त्यही दाना ल्याएर दियो । म त सन्तुष्ट भइ नै रहें, यी भिक्षुहरू पनि असन्तुष्ट थिएनन् ।

यो विपत्ति जस्तोसुकै कारणले भएता पनि यस्को परिणाम राम्रो नै भयो । भिक्षुहरूको परीक्षा पनि राम्रो ढंगले भइरह्यो, यो अवस्थामा जो भिक्षु यो संघमा बस्न सक्छ उही भिक्षु नै आफ्नो तथा संसारको हित गर्न सक्छ, विपत्ति नै त मनुष्यको सत्यताको परीक्षा हो । पछि एक समय यस्तो पनि आउला यी भिक्षुहरूलाई राजाहरूको भन्दा पनि राम्रो भोजन प्राप्त हुनेछ, तर त्यस समयमा यिनीहरू मोध पुरुष हुन बेर छैन । आज कोही भिक्षुले धान ढिकीमा कुटेर खाइरहनु पर्‍यो । यसैले नै संघको जड़ालाई तलसम्म गाड़ी दियो । त्यो अमर हुनेछ, उनले गरेर संघ पनि अमर हुन्छ ।

प्रशंसताको कुरा यो छ कि यस्तो विपत्तिले गर्दा भिक्षुहरू दुःखी छन् । यदि दुःखले दुःखी भयो भने त्यो भिक्षु कसरी हुन्छ ? सेवक कसरी

Downloaded from http://dhamma.digital/

होलान् ? यो परीक्षाले जोसुकै सेवक भएपनि सफलता प्राप्त गर्नु पर्छ, संसारले सत्यतालाई छिट्टै चिन्दैन ।

यदि जीवनमा कसैलाई चिन्न सक्यो भने, चाँडै चिनेछु भनेर सोचलान् । साधारण मानिसहरूले मृत्यु भइसके पछि मात्र आफ्नो सेवकलाई चिन्दछ । संसारको एउटा निश्चित भइरहेको सिमाना छ, तर क्रान्तिकारी एउटाले त्यो सिमाना बदलन चाहान्छ । पहिले पहिले त संसारले त्यस्तोलाई अनुत्तीर्ण सोच्ने गर्दो रहेछ जब त्यो क्रान्तिकारी-को सिमानालाई स्विकार्छ, अनि त्यो क्रान्तिकारी सेवक बाँचिरहे पनि मरेर गए पनि संसारले उसैलाई पूजा गर्छ । मेरो संघको पनि यही हालत हुनेछ । अहिले त्यो संसारको सिमानामा अनुत्तीर्ण भइरहेको छ । जो यो समयमा टेकेर (पर्खेर) बसिरहन्छ, त्यसलाई सहन गर्न मज्जा आइरहेछ, उनीहरू कै कमाइमा पछिको संसारले अमर फलका स्वाद पाउने छन् ।

हिजोको चिन्ता आज शान्त भयो । त्यो वैरंजक ब्राह्मण आज आयो । आउनु वित्तिकै, उनले सिकायत गर्यो, यो नगरको वृद्धब्राह्मण-हरू, आफ्ना नातेदारहरू तपाईं कहाँ आउनु हुंदा तपाई वहाँहरूलाई किन नमस्कार गर्नु नभएको ? उनीहरू आएपछि आफ्नो आसनबाट किन उठ्नु न भएको ?

उसको सिकायत सुनेर, मेरो मनमा यस्तो लाग्यो कि संभवतः यसले वैरजानगरमा मेरो संघको विरोधमा आन्दोलन गरेको बुझियो । ब्राह्मणहरूको महत्तामा चोट पर्‍यो, त्यसकारण उनीहरूले जनतालाई मेरो संघ उपर उपेक्षा गर्नु तयार भयो ।

Downloaded from http://dhamma.digital/

जे जस्तो भएतापनि मनमा भएको कुरालाई लुकाएर मैले त्यो ब्राह्मणलाई यसरी सोधें– तिमीले उनीहरूलाई अभिवादन गर्नुको लागि किन भनिरहेको ?

– किन भने, ब्राह्मण तपाई भन्दा जेष्ठ हुनु हुन्छ ।

– के कारणले जेष्ठ हो ?

अर्को जेसुकै कारणमा जेष्ठ भएपनि नभएपनि आयु सम्बन्धी त जेष्ठ नै हो । हेर– एउटा कुखुरीलाई धेरै अण्डा ओथ्राको लागि बिइएका छन् । त्यस मध्ये पहिलो काढिएको चल्ला अर्को बाँकी भएका अण्डा भिन्न भएको चल्लाहरू भन्दा जेष्ठ हुन्छ कि कनिष्ठ ?

जेष्ठ हुन्छ ।

त्यसो भए तिमीले बुझ्यो होला कि को को मानिस अविद्याको बन्धनमा बसिरहेछन्, ती ती मनुष्यहरूको अपेक्षा त्यही जेष्ठ हो । जस्ले अविद्याको अण्डालाई फोडी बाहिर निस्क्यो । अब त तिमीले राम्ररी बुझ्यो होला कि, उनीहरूलाई मैले किन अभिवादन नगरेको ?

बुझें, भन्ते, अब मलाई क्षमा गरी दिनोस् भोली संघ सहित म कहाँ निमन्त्रणा छ । मेरो निमन्त्रण स्वीकार गर्नुहोस् ।

मैले निमन्त्रण स्वीकार गरें । तब ब्राह्मण फर्केर गयो, संसारमा आज भोली कतै धनको कतै जातिको पूजा गर्दछ भने कतै अधिकार र पशुवलीको पूजा हुन्छ, तर सत्य तथा संयमको पूजा कहीं छैन । संसारले अभिमानवश, अज्ञानवश, सत्य तथा संयमलाई जातिको

Downloaded from http://dhamma.digital/

अगाडि वा धनको अगाडि अथवा अधिकारको अगाडि निहुराउनु इच्छा गरिरहेको छ । तर म संग यस्तो गर्ने इच्छा छैन । यो संसारले मेरो विचारलाई अहंकार भनेर सोचलान् । संसारको यस्तो अज्ञानता उपर मलाई दया तथा करुणा आइरहेको छ ।

★

Downloaded from http://dhamma.digital/

# ब्राह्मणहरूको श्रेष्ठत्वको विरोध

आज श्रावस्तीमा आइरहेका पाँचसय ब्राह्मणहरूले अश्वलायन-लाई आफ्नो प्रतिनिधि बनाएर वाद-विवादको लागि म कहाँ पठायो । म भने चार वर्णको शुद्धि गर्ने व्यक्ति हुं तसर्थ–उनीहरूलाई यसैमा आपत्ति भयो । अश्वलायन आएर यसरी भन्यो । ब्राह्मण नै श्रेष्ठ हो, यिनीहरू ब्राह्मणको औरस पुत्र हुन् । यिनीहरू अरू वर्ण भन्दा पनि फरक छन् । ब्राह्मणको बराबर अरू कसैले गर्न सक्दैन ।

मैले भने– ब्राह्मणहरूकी आइमाईको पनि अरू आइमाईको जस्तो रजोश्वला हुन्छ ? त्यसरी नै सन्तान पनि जन्माउँछन्, अनि ब्राह्मण र अब्राह्मणको के विशेषता भयो ?

यो त ठीकै हो, तर ब्राह्मण जसरी स्वर्गको अधिकारी हो, त्यस्तै अरू होइन ।

त्यसो भए के अश्वलायन, तिमीले यो सोच्दै छौ कि, अर्काको वस्तु चोरेर, झुठ कुरा गरेर, व्यभिचार गरेर, हत्या आदि गरेर, जसरी अरू वर्गको मानिस नरकमा जान्छ । त्यसरी ब्राह्मणहरू जाँदैनन् र ?

होइन, यस्तो कुरा त होइन, गौतम । पापी ब्राह्मण पनि त्यसरी नै नरक जान्छ । यस्तो दृष्टिबाट हेर्दा, ब्राह्मणको विशेषता छैन । यति कुरा उनीहरूमा अधिक छ कि उनीहरू धर्मात्मा बढी छन् ।

Downloaded from http://dhamma.digital/

हुन्छ, त्यसो भए अश्वलायन, के तिमीले यसरी नै सोचीरहेको छौ कि हत्या गर्ने झुठ कुरा गर्ने व्यभिचार आदिको त्याग ब्राह्मणले मात्र गर्छन्, अरूले गर्दैनन् ?

त्यो कुरा पनि होइन गौतम, त्याग त सबैले गर्छन् त्यसो भए पनि ब्राह्मण सन्तानको वंश परम्पराबाट आएको जुन विशेषता छ, त्यो विशेषता अरूसंग छैन ।

ठीक छ, जसरी घोडा तथा गधाको सम्बन्धबाट खच्चर जन्मिन्छ । त्यही प्रकारबाट ब्राह्मणी र ब्राह्मणको सम्बन्धद्वारा कोही अर्को जातिका प्राणी जन्मिन्छ र ?

यो कुरो पनि होइन गौतम, यस्तो कुनै अन्तर हुंदैन । तर संस्कार–विधिको अन्तर त अवश्य हुन्छ ।

ठीक छ, एउटा ब्राह्मण यस्तो छ, जसको उपनयन आदि संस्कार विधि भइसक्यो तर छ त्यो दुराचारी तथा पापी । अर्को एउटा मानिसको उपनयन संस्कार विधि भएको छैन तर त्यो सदाचारी तथा पुण्यात्मा । अनि तिमीले कसलाई महत्व दिने ब्राह्मण ?

त्यसो भए, सदाचारी तथा पुण्यात्मालाई नै महत्व दिनु पर्ला ।

अहिले विचार गरेर हेर– मेरो चतुवर्ण शुद्धि तथा तिमीले भनी रहेको कारणमा के अन्तर छ ? आचरणबाट नै मानिसको शुद्धि अशुद्धिको छानबीन हुन्छ की अथवा कसैको आफ्नो आमा, बाजेहरूले ल्याएको पुस्ता एवं परम्परामा जुन वंशको सम्बन्ध छ त्यो वंशको परीक्षाबाट हुने हो ?

Downloaded from http://dhamma.digital/

थाहा छैन भन्ते, यो कुरा कसैलाई थाहा छैन ।

अनि फेरी वंश परम्पराको अभिमान किन ?

त्यसो हो भने, सबैको शुद्धि गर्नु पर्छ, जो शुद्ध छ उही असल एवं पक्का हुन्छ । स्वीकार गर्छु भन्ते, अब देखि भन्तेले, मलाई आफ्नो उपासक भनेर सोच्नु होस् ।

अश्वलायन, यस्मा सन्देह छैन कि अश्वलायनसंग शुद्ध जिज्ञासा छ । त्यसकारण उनले सत्यलाई छिटै बुझेर लिन सक्यो ।

★

Downloaded from http://dhamma.digital/

# दिशा–पूजा

आज म राजगृह तिर भिक्षा माग्न जाँदा एउटा गृहस्थले भिजेको वस्त्र लगाएर पूर्व, पश्चिम, उत्तर, दक्षिण माथि र तल हेरेर सबै दिशालाई नमस्कार गरिरहेको देखें । त्यो विचरालाई आफू किन दिशा–पूजा गर्दैछु भन्ने कुरा उ आफैलाई पनि थाहा थिएन, उसले आपना बाबु–आमा बाजे–बजैहरूको रीतिलाई मानेर दिशा–पूजा गरिरह्यो । यस प्रकार अर्थ नभएको काम गरेर मनुष्यको समय खेरमा गइरहेको छ । तर यो धर्मको विषयमा बेकारमा सन्तोष भइरहेको छ । यस्तो धर्मले त केही हुने होइन । किन्नु मानिसहरूले धर्म गरिरह्यो भनेर सोच्नु मात्र हो । यो भन्दा पनि मानिसहरूले यस्तो अर्थ नभएको काम नगर्नु नै बेस छ । तिनीहरूले बुझ्लान् कि धर्मको काममा व्यर्थको क्रिया काण्डबाट फाइदा त केही हुने होइन । त्यसको भरोसाले पापको उत्तेजना मात्र बढेर आउँछ, तर यदि मानिसहरूलाई केही फाइदा छैन, त्यसैले तिमीहरूले यो काम छोडी दिनु भनेर भन्दा, तिनीहरूले जतिसुकै राम्रो भए पनि साधारण कुरा पनि नबुझ्ने, बुझे पनि मन नपराउने त्यसैले मैले तिनीहरूलाई सम्झाई दिनुको लागि अर्को किसिमबाट एउटा उपाय निकाल्नु परेको छ ।

मैले उसलाई भने– तिमीले ६ प्रकारको दिशालाई पूजा गरेको के को निमित्त हो ?

Downloaded from http://dhamma.digital/

उसले भन्यो– यो त मलाई थाहा छैन भन्ते ।

थाहा नभएको पूजाले के लाभ होला र ?

उसले सोध्यो– भन्ते हजुरबाट नै कृपा राखी शिक्षा दिई बक्सियोस्, के को निम्ति पूजा गर्नु परेको हो ?

मैले भने– त्यसो भए राम्ररी सुन–पहिलो प्रथम दिशाको अर्थ राम्ररी बुझ । जुन दिशाको तिमीले पूजा गरी रहेका छौ । त्यो चाहिं साँच्चैको दिशा होइन, पूजा गर्नुपर्ने दिशा त अर्को नै छ ।

उसले सोध्यो– त्यो कुन हो भन्ते ?

मैले भने– गृहपति पुत्र, माता–पिता पूर्व दिशा हो, आचार्य दक्षिण दिशा हो, स्त्री पुत्र पश्चिम दिशा हो, मित्रादि उत्तर दिशा हो, श्रमण–ब्राह्मण माथिको दिशा हो, सेवक आदि तलको दिशा हो, यी ६ वटा दिशालाई राम्ररी पूजा गर्नु पर्छ ।

उसले भन्यो– भन्ते, माता, पिता, को पूजा गर्नु त ठीकै छ तर सेवकहरूको पूजा कसरी गर्ने ? सेवकहरूले त मेरै पूजा गरिरहेका छन् ।

मैले भने– पूजाको अर्थ हात जोडेर ;विन्ति गर्नु मात्रै होइन किन्तु यथा योग्य प्रेम पूर्वक तिनीहरूको पालन पोषण आदि गर्नु नै तिनीहरूको पूजा गर्नु हो । तिम्रो पूजा गरी रहे भने, गर्न देउ, त्यो त तिनीहरूको काम हो, तर उनीहरू माथि ठीक ठीक व्यवहार गर । तिनीहरू प्रति प्रेम, दया, करूणा राख– यही नै तिनीहरूको पूजा

Downloaded from http://dhamma.digital/

हो। यस प्रकार छ– दिशाको पूजा राम्ररी गरे धर्म पालन हुन्छ। त्यो गृहपतिलाई पनि मेरो कुरा साह्रै राम्रो लाग्यो र मन परायो, तथा उसले गरिरहेको दिशा पूजा छोडी मैले बताएको दिशा पूजालाई स्वीकार गर्यो।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# पूज्यत्वको कारण

आज म पिण्डाचारको लागि गाउँमा जांदा भिक्षाको समय भएको थिएन । त्यसैले म उदायी परिव्राजक कहाँ गएं । उनी अरूसंग गफ गरिरहेका थिए । म त्यहाँ पुग्ने बित्तिकै उनले भन्ते, भनी बोलाएर मेरो स्वागत गरे, मैले सोधें । के कुरा भइरहेको छ, उदायी ? उदायीले भने– यो चर्चा भइरहेको छ कि कसको शिष्यहरूले आपना गुरुको राम्रो सम्मान गर्छन् ? त्यही सिलसिलामा तपाईको नाम पनि आएको थियो । तपाईको शिष्यहरूले तपाईको धेरै नै सम्मान गर्छन् भनी मैले भने ।

तिमीले यो कसरी जान्यौ ?

भन्ते, एक दिन तथागतले उपदेश दिइरहनु भएको बेलामा एउटा शिष्यलाई खोकी आयो, तब एउटा अर्को शिष्यले भन्यो, दाजु यसरी नखोक्नुस, चूप लागेर सुन्नु होस् । हामीलाई पनि सुन्न दिनु-होस् । शास्ताले उपदेश दिइरहनु भएको छ । यस्तै प्रकारले तथागतले उपदेश दिइरहनु भएको बेलामा कुनै शिष्यहरूले पनि यताउति केही नहेरीकन साँच्चिकै निशब्द भएर एकाग्रचित्तले तपाईको नै गुण वर्णन गरी रहेछन् । यसकारण मैले बुझें कि तपाईका शिष्यहरूले तपाईलाई धेरै नै गौरव तथा सम्मान गर्दछन् । यसबाट तपाईका शिष्यहरू तपाईबाट जान्नु पर्ने सत्य जानेर विद्वान्, विवेकी तथा संयमी हुन

Downloaded from http://dhamma.digital/

सक्छन् । तपाईलाई आदर सम्मान गरेर उनीहरूलाई धेरै लाभ भए ।

मैले सोधें– उदायी यो पूज्यताको कारण तिमीले के विचार गऱ्यौ ?

उदायीले भने– मैले पाँच कारण बुझेको छु । एउटा त यो हो कि तथागतले धेरै भोजन गर्नु हुन्न । दोश्रो यो हो कि तथागतले सधैं साधारण लुगा पहिरहनु हुन्छ । तेश्रो यो हो कि तथागतले सधैं साधारण भोजन गर्नु हुन्छ । चौथो यो हो कि तपाई साधारण आशन-मा निदाउनु हुन्छ, पाँचौं यो छ कि तपाई एकान्त स्थानमा बस्नु हुन्छ ।

मैले भने– उदायी यस्ता गुणहरूले कोही पनि मानिस महान् बन्न सक्दैन । आडम्बरीहरू यस कुरामा धेरै नै घमण्ड गर्न सक्छन् । मेरा शिष्यहरू मध्ये धेरै नै शिष्यहरू म भन्दा पनि अधिक अल्पाहारि छन्, मैले भन्दा पनि कमसल लुगा लाउँदछन्, न मिठो तथा रूखो भोजन गर्छन् । रूख मुनि र भुईमा सुत्छन्, गुफामा एकलै बस्छन् । तिनीहरू आलोचनाको लागि मात्रै संघमा आउँछन् । यी सबै कुरामा मेरा शिष्यहरू म भन्दा पनि धेरै अगाडि बढेका छन् । अनि यस कुराको कारणले तिनीहरूले मलाई किन पूजा तथा सम्मान गर्छन् ? यस्तो कारणले कोही पनि मनुष्य पूज्य तथा आदरनीय हुन सक्दैन । तर संसारमा यी नै कारणहरूबाट मानिसहरूमा यो अविवेक जति घट्छ, संसारमा सच्चा साधु त्यति नै अधिक हुन्छ ।

उदायी– भन्ते यदि त्यही कारणले मनुष्य पूज्य हुँदैन भने व

Downloaded from http://dhamma.digital/

तथागत पनि पूज्य होइन भने, त्यो कुन कारण हो र कसरी तथागत-लाई पूज्य भनेर मान्ने ।

मैले भने– उदायी ती कारणहरू अरू नै छन् । जसको कारण मेरा शिष्यहरूले मलाई पूज्य भनेर मान्दछन् । प्रथम कारण त यो हो कि म शिलवान अर्थात संयमी छु । आफ्नो मनोवृत्ति माथि अंकुश लगाउँछु । विश्वहितको अनुकुल काम गरिरहेछु । विश्वहितलाई नाश गरेको छैन। दोश्रो कुरा यो छ कि जुन जुन उपदेश मैले दिइरहेछु, अनुभवद्वारा नै दिइरहेको छु । यताउति बुझि अनुभव नभइकन केही कुरा भनेको छैन । तेश्रो कुरा यो हो कि जुनसुकै कुरा भए पनि परिणाम तथा भविष्यको ख्याल गरिरहेछु त्यसले गर्दा मेरो कुरालाई खण्डन गर्न कठीन हुन्छ । चौथो कुरा यो हो कि मैले आफ्ना शिष्यहरू माथि व्यर्थ ज्ञानको बोझ राखेको छैन । मैले दुःखको स्वरूप, दुःखको कारण दुःखको नास तथा दुःख नासको बाटो देखाएको छु । आदर्श र सुखमय जीवन बनाउने बाटो देखाएको छु । पांचौ कुरा यो हो कि मैले तिनीहरूको अगाडि यस्तो कार्यक्रम राखी दिएको छु जसबाट उनीहरू साह्रै नै सरलतासित बाटोमा अघि बढिरहेछन् । केही अर्हंत भए, कोही साँच्चिकै साधक भए । यही नै पाँच कारण छन्, उदायी जसबाट मेरा शिष्यहरूले मलाई पूज्य भनेर मानिरहेछन् । खाने लगाउने कुराको कारणले मलाई पूज्य मानेको होइन । संयमी मनुष्यलाई खाने लगाउने विषयमा पर्वाह रहँदैन । न त त्यो विलासी हुन्छ । न त त्यो डराएर टाढा भाग्दछ । त्यो समभावी भएर असल खराब जे जस्तो भए पनि त्यसमा सन्तुष्ट भइ रहन्छ । उसलाई

Downloaded from http://dhamma.digital/

प्रदर्शनको वास्ता रहँदैन, यी सबै कारणहरूले मेरा शिष्यहरूले मलाई पूज्य मनेर सम्मान गर्दछन्। उदायीले मेरा कुरा समर्थन गरे।

★

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# धर्मको नाममा हत्या

विवेक बुद्धि नभएका मनुष्यहरूको हातमा केही पनि धर्म सुरक्षित हुंदैन । तिनीहरूले राम्रो कारणको पनि यस प्रकार दुरूपयोग गर्न सक्छ जसले गर्दा प्रलय सम्म हुन्छ र जीवनको स्थानमा मृत्युको नृत्य हुन्छ ।

अस्ति मैले इन्द्रिय तथा शरीरको दासताबाट मुक्त हुनको लागि अशुभ भावना गर्नु पर्दछ भनी उपदेश दिएको थिएं । शरीर-लाई मैले घृणित छ भनेर पनि भनें । मनुष्यले शारिरीक विषयमा भोग लिप्त भएर आफ्नो कर्तव्य नबिर्सोस भनेर मैले शरीरको निःसारता र घृणितताको उपदेश पनि दिएको थिएं ।

उपदेश दिएर १५ दिन सम्मको लागि म एकान्त बास गर्न गएं । त्यहाँबाट फर्केर आए पछि मलाई के थाहा भयो भने, भिक्षुहरू-को संख्या धेरै कम भइरहेको थियो । त्यसको कारण थाहा पाउंदा मलाई डर पनि लाग्यो ।

भिक्षुहरूले शरीरलाई घृणित भनी सोचेर आफ्नो शरिरलाई नष्ट गरेका रहेछन् । धेरै नै भिक्षुहरूले आत्मा हत्या गर्नुलाई नै धर्म भनी ठानेछन् । एक भिक्षुले तलवार लिएर भिक्षुहरू कहाँ गई भन्यो- कसैलाई यो संसारबाट मुक्त हुने इच्छा छ भने भन म मुक्त गरिदिन्छु

Downloaded from http://dhamma.digital/

यसो भन्दै उसले घर उडाई दियो। यस प्रकार १५ दिन भित्र त्यसले कयौं भिक्षुहरूलाई मारि दिए। धर्मको नाममा यी मूर्ख अविवेकी हरूले कति पाप कमाए त्यति पाप त ठूल ठूला पापीहरूले पनि कमाएनन्।

★

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# रगत आयो

अहंकारको कारणबाट मानिसहरूले आफुलाई कति नास गर्यो भने, यसको केही ठिकाना छैन । अहंकारवश झगडा गर्दा उसले आफूले आफुलाई नै बिर्सी दिन्छ, एउटा कौडीको लागि पनि मैले असर्फी गुमाई रहेको छु भन्ने कुरामा पनि वेहोसिन्छ ।

आज शाक्य तथा कोलिय दुबै थरी आपस-आपसमै लडीरहेका छन् । खोलाको पानीको निम्ति झगडा भएको रहेछ । दुबैले आफ्ना आफ्ना खेतमा पानी पठाउने इच्छा गरेको रहेछन् । यही कुरामा एक अर्काको रगत बहाई रह्यो । मानौं रगतको मोल पानी भन्दा पनि बढी छैन ।

म गएर भनें, कोइ मानिसले गाग्रो एउटामा पानी ल्याएर, पानीको बदलामा तिमीसंग भएको रगत माग्यो भने, तिमीले कति रगत दिन्छौ ?

दुबैले भन्यो– पानीको बदला रगत कसैले पनि दिदैन ।

मैले भने– अनि तिमीहरूले पानीको लागि कयौं मानिसहरूको रगत किन वहाइरहेको ?

Downloaded from http://dhamma.digital/

दुवै लज्जित भएर, युद्ध बन्द भयो ।

धर्मको नाममा यी मूर्ख अविवेकीहरूले कति पाप कमाए त्यति पाप त ठूलठूला पापीहरूले पनि कमाएनन् ।

★

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# विश्व सेवाको दृष्टि

विश्व सेवाको कुरा गर्नु सजिलो छ। तर विश्व सेवा गर्नु गाह्रो छ। भिक्षुहरू आफ्ना आमा बाबु, परिवार, कुटुम्ब सबैलाई छोडेर जन सेवा गर्छौं भनेर आउँछन्, तर संघमा एउटा सानु संसार बनाएर त्यसैमा मस्त भई रहन्छन्। यस भन्दा बाहिर कोही मरी रहेछन् या बांचिरहेछन् यसको केही परवाह गर्दैनन्। आज मेरो संघमा हजारौं भिक्षुहरू छन्। तर यिनीहरूको सयौं संसार छन्। यो कस्तो तुच्छता वा क्षुद्रता हो। यदि यिनीहरू यसरी नै संकुचित भइरहे भने यिनीहरूको साधुता संसारका कुन काम कुरामा प्रयोग हुन्छन्? झन्झन् असाधुता बढेर संसारको लागि बोझ हुनेछन्।

आज म आनन्दसित विहारमा घुमिरहेको थिएं। घुम्दा घुम्दै म यस्तो ठाउँमा पुगें जहां एउटा भिक्षु पीडा सहन नसकी ठूलो ठूलो स्वर मच्चाई कराई रहेको थियो, उसलाई पेटको रोगले सताइरहेको रहेछ। तर अरू कोही भिक्षु उनको सेवा गर्न आएनन्। उसको शरीर गनाईरहेको थियो। उसको शरीर यत्ति कमजोर भइरहेको थियो कि पिसाव गर्नुलाई समेत उ उठन नसक्ने भई सक्यो। उसको यो दशा देखेर मलाई साह्रै दुःख लाग्यो। भिक्षुहरूको स्वार्थ मनो वृत्ति माथि मन कस्तो कस्तो भएर आयो। मैले उसलाई आनन्दको हातबाट पानी खन्याउन लगाई आफ्नै हातले नुहाई दिएं। सफा लुगा फेराई दिएं र

Downloaded from http://dhamma.digital/

पलंगमा सुताई दिएं । यस पछि मैले भिक्षुहरूलाई बोलाएर उनीहरू-लाई सम्झाएं । भिक्षुहरू तिमीहरूको आमा बाबु छैन, दाजु भाई छैन । आफ्नो नातादारहरू छैन । तिमीहरूले आपसमा एक अर्कोलाई सेवा गरेनौ भने अरू कसले सेवा गर्ला ?

अलि सोचेर हेर, तिमीहरू संसारको सेवा गर्नलाई घरबाट बाहिर निस्केर आयौ । यदि तिमीहरूले भिक्षुहरूको नै सेवा गर्न सकेनौ भने फेरि कसको सेवा गर्न सक्छौ ? विचार गरी हेर, यसरी स्वार्थी भएर तिमीहरूलाई श्रमण वा भिक्षु भन्न सक्दैन, कसैले भन्ने पनि छैन ।

★

Downloaded from http://dhamma.digital/

# कन्या जन्म

आज मकहाँ कोशल नरेस प्रसेनजित एकातिर बसे उपदेश सुनिरहनु भएको थियो। उपदेश सकेपछि, वहांको एक सेवक आएर भन्यो, "मल्लिका देवीले छोरी पाइन्।" मल्लिका देवी प्रसेनजितको धर्म पत्नी थिइन्। छोरी जन्माएको खबर सुनेर प्रसेनजितको मुख अंध्यारो हुन पुग्यो, नरमाइलो देखियो। लाज र सरमले गर्दा उनको दृष्टि तल पुग्यो, शिर ठाडो पार्न सकेन। उ खिन्न भइरहेको देखेर मैले भने– राजन, छोरी जन्म भएको खबर सुनेर यति दुःखित किन हुनु भएको? जस्तै कुनै पुरुष स्त्री भन्दा श्रेष्ठ हुन्छ भने कुनै आइमाई पुरुष भन्दा श्रेष्ठ हुन्छ पनि पुरुष र स्त्री दुवै चाहिन्छ। यदि संसारमा इच्छा गरे जस्तो सबैको घरमा छोरा मात्र जन्मी रह्यो भने, एक वा दुई पुस्तासम्ममा मानिस कोही पनि यो संसारमा बाँकी रहँदैन। मनुष्य जातिको रक्षाको लागि पुत्रको जन्मको जति आवश्यक छ त्यत्ति पुत्रीको जन्म पनि। एकातिर हेर्दा खेरी पुत्र भन्दा पनि पुत्रीको जन्म धेरै चाहिन्छ जस्तो छ। छोरा हुर्काउनु भन्दा छोरी हुर्काउनु संसारको सेवा हो। यस्तो सेवा अवसर पाएकोले अप्रसन्न दुःखी, लज्जित हुनु पर्ने छैन, बरू प्रसन्न हुनमा नै श्रेयकर छ।

★

Downloaded from http://dhamma.digital/

# सुख मार्ग

आज उदेन राजाको सुपुत्र बोधि कुमारले आफ्नो नयाँ प्रासादमा मलाई निमंत्रण गरेका थिए। भोजन गरी सकेपछि उनले मलाई भने– भन्ते, सुखले सुख प्राप्त हुँदैन, दुःखले सुख प्राप्त हुन्छ।

मैले भनें– राजकुमार पहिले मलाई पनि यही नै विदित हुन्थ्यो। त्यसैले मैले सुन्दरी पत्नी, राज वैभव, आदि छोडेर आलार-कालामकहाँ गई साधना गरें, फेरी उदकरामपुत्रकहाँ गएर साधना गरें तर त्यहाँबाट मलाई सुख प्राप्त भएन। अनि मैले अरू पनि कष्ट उठाउने अधिष्ठान गरें। मैले जाडो समयमा र गर्मीमा पनि स्वास रोकेर अनेक कष्ट सहेर नखाई बसें, कहिले काहीं त दालको रस मात्र पिउँथे। यसबाट मलाई कमजोर तुल्यायो, उठ्नु गाह्रो भयो र पछि उठ्नु पनि सकिन। केश सबै झरेर गयो। शरीर कालो भयो। यति कष्ट गरेर पनि मलाई सुख प्राप्त भएन। अनि मलाई यो विदित भयो कि विवेकहीन अनावश्यक कष्ट सहेर सुख प्राप्त नहुँदो रहेछ। सुखको लागि संयम चाहिन्छ, दुःख होइन। कल्याण साधनको बाटोमा यदि दुःख भयो भने त्यो दुःख सहनु पर्छ। व्यर्थमा दुःख गरेर कल्याण हुँदैन।

मेरो कुरा सुनेर, राजकुमारलाई साह्रै सन्तोष भयो। उनी मेरा उपासक पनि बने।

Downloaded from http://dhamma.digital/

मानिसहरू कति अतिवादी छन् भने कहिले तिनीहरू सुखको लागि सुखको पछि पछि जान्छन् । आफूलाई ज्ञान नहुँदा सुखलाई पनि पाप भनेर सम्झन्छन् र कहिले भने आवश्यक कष्टलाई पनि सहन स्वीकार गर्दैनन् ।

बिवेक नभएको दुःखले सुख हुने भए सबै पशु आदिलाई सुख मात्र भइरहन्थे । आज यही भइरहेको छ । मानिसहरूले सुखको लागि दुःखको इच्छा गरिरहेछन् । यसकारण धेरै मानिसहरूले श्रमण वेष भएर अनावश्यक दुःख भोग गरी रहेछन् । बिवेक नभएको कारणले गर्दा भित्रको सुख त तिनीहरूलाई प्राप्त हुँदै हुँदैन र बाहिरको सुखलाई पनि तिनीहरूले पाप भनी सोचिरहन्छन् । यस प्रकार मानिसहरूले धर्मको नाममा दुःख नै पाइरहेछन् । यही पाप नष्ट गर्नको लागि मैले मध्यम मार्ग अपनाएको छु ।

★

Downloaded from http://dhamma.digital/

# देवदत्त विद्रोह

तीर्थंकरको कठिनाईलाई त्यस समयका मानिसहरूले बुझ्न सकेनन् । एउटा धर्म संस्थाको स्थापना गर्नुलाई तथा त्यसको संचालन गर्नको लागि अनुभव चाहिन्छ– मौलिक ज्ञान, असीम संयम, निरासता माथि विजय गर्ने शक्ति, असाधारण मनोवैज्ञानिकता, निष्पक्षता तथा निःस्वार्थता । यो कुरा धेरै कम व्यक्तिले मात्र बुझ्दछन् । कैयौं वर्ष तपस्या गरी सके पछि जब केही सफलता पाउंदछ, अनि मात्र त्यसका धेरै अनुयायीहरूले उनको सफलतालाई देख्न सक्छन् । किन्तु उनका जुन असाधारण मौलिक ज्ञान योग्यता तथा गुणहरू छन् त्यतातिर उनीहरूको ध्यान नै जाँदैन । तिनीहरूले त्यो सफलताको दुर्लभता बारे केही जान्दैनन् अथवा त्यसको नक्कल गर्न तयार हुन्छन्, त्यसो भएन भने, त्यस सफलतालाई खोसेर लिने इच्छा गर्छन । यसरी तिनीहरूले अर्काको कमाई खोसेर आफ्नो पतन गरी रहेका छन् । तिनीहरूले तीर्थंकरत्व तथा गुरुत्वको चाहना गर्दछन् । तर आफ्नो साधुता नै खतम गरी रहेका छन् । साधु संस्थाको नाश गरिरहेका छन् ।

साधु संस्थामा आफ्नो साधुता सिद्धिएर जाँदा मनुस्यले आफ्नो तथा अर्काको कल्याणको लागि होइन, किन्तु अहंकारको पूजाको लागि व्याकुल हुँदा त्यो व्यक्ति संसारको भयंकर भन्दा पनि भयंकर प्राणी बन्छ । देवदत्त पनि यस्ता भयंकर प्राणीहरू मध्ये एउटा हो । नाम

Downloaded from http://dhamma.digital/

मोहको कारणले उसको कसरी पतन भयो त्यो म जान्दछु र त्यो कुरा ऊ आफैंलाई पनि थाहा छ तर नाम मोहको अन्धताले गर्दा उसको बुद्धि भ्रष्ट भई सक्यो ।

साधारण व्यावहारिकतालाई बुझ्ने बुद्धि समेत उसमा रहेन । उसलाई यति पनि ज्ञान छैन कि कुन वस्तु माग्ने हो र कुन वस्तु नमाग्ने हो ती वस्तुहरू जस्तो कि सच्चा यश, आदर तथा पूज्यता अत्यन्त दुर्लभ छन् ।

देवदत्तले सधैं यो सपना देखिरहेको छ कि मलाई प्राप्त भएको जस्तो पूज्यता उसलाई कहिले प्राप्त होला । संसारलाइ मैले के दिए र मैले के कति त्याग गरे यस तर्फ भने उसको ध्यान गएको छैन । एउटा कुपुत्रले बाबुको सम्पत्ति जसरी चाँडै नष्ट गर्दछ उसले पनि त्यसरी नै गरिरहेको छ ।

यस्ति उसले मलाई भन्यो– भन्ते, हजुर बुढो भइसक्नु भयो यसैले हजूरले आराम गर्नु होस् तथा संघको संचालक मलाई बनाउनु होस् ।

मैले भनें– देवदत्त, संघको संचालक कसलाई बनाउने हो त्यसमा मैले विचार गर्नु छ । जो संघको संचालक हुन योग्य छ उसमा यति गम्भीरता अवश्य हुन्छ कि उसले संघको संचालकत्व मागेर लिने छैन ।

मेरो कुरा सुनी देवदत्त रिसले चूर भयो र लाज पनि मान्यो र चूप लागेर बस्यो । केही छिनपछि उसले फेरि भन्यो– भन्ते, मैले

Downloaded from http://dhamma.digital/

संघको कति हेर विचार गर्दछु र दृष्टि पुऱ्याइरहेछु, त्यसमा हजूरले ध्यान नै दिनु भएन ।

मैले भनें– मैले ध्यान दिइरहेको छु । त्यसैले त मैले तिमीलाई संघको भार नदिएको हुं । तिम्रो मुख्य काम त अहिले यही भइरहेछ कि कोही पनि भिक्षु मेरो प्रेम पात्र नहोस्, कसैको पनि विशेष योग्यता वा श्रद्धाको पात्र मेरो तर्फ नहोस् । संघको हितैषी भएर एकातिर तिमीले मलाई बहुधा सबै भिक्षुहरूको दोष सुनायौ । फेरि अर्को तर्फ तिमीले भिक्षुहरूको मनमा म प्रतिको श्रद्धा घटाई दियौ । यही कारणले गर्दा कति श्रद्धाले भिक्षु संघमा आई प्रव्रज्या ग्रहण गर्न आएका श्रद्धालु-हरू तिम्रो कुराले गर्दा तिम्रो चालबाजीले गर्दा श्रद्धाहीन भई पुनः गृहस्थ बन्न गए । म छंदाछंदै तथा तिम्रो हातमा कुनै अधिकार नभइकन पनि तिमीले संघको यस्तो हीन दशा बनायौ, धेरै राजाहरूका श्रद्धा घटाई दियौ । यस अवस्थामा तिम्रो संचालकत्वमा संघलाई सुम्पियो भने यो संघ थोरै दिनमा नै नष्ट भ्रष्ट हुनेछ । तिम्रो सबै किसिमको चालबाजी मलाई थाहा छ । तिम्रो जुन चालबाजी तिमीलाई ज्ञात छैन त्यो पनि मलाई थाहा छ । तिमीले मलाई ठग्ने इरादा लिइ आयौ तर वास्तवमा तिमी आफै ठगिएका छौ । यदि तिमीमा यस्तो चालबाजी नभएको भए, तिमी सच्चा इमान्दार भई दिएको भए धेरै सम्भव थियो कि तिमीले नै संघको संचालकत्व पाउने थियौ । परन्तु तिम्रो ईर्ष्या, अकृतज्ञता, नाम–मोह तथा यशको लुटले गर्दा तिमीलाई बर्बाद बनाई दियो । अब त भिक्षु बन्नलाई पनि तिमीमा धेरै चित्त-शुद्धि चाहिन्छ ।

Downloaded from http://dhamma.digital/

भगवानलाई उसको भित्री हृदयमा रहेको कुरा समेत सबै थाहा रहेछ भनी देवदत्तलाई थाहा भएपछि उ निराश भयो। दुःखी भयो। क्रुद्ध भई भगवानको शत्रु बन्न पुग्यो।

ऊ गएर अजात शत्रुसंग मिल्न गयो। मेरो हत्याको लागि प्रयत्न गरायो तर उसको सबै छल व्यर्थ भयो। अन्तमा लुकी छिपीकन उसले मलाई पर्वतबाट ढुंगाले हानेर ल्यायो। त्यो ढुंगाले मलाई लागेन, तर एक टुक्रा चर्केर उच्छितिएर मेरो खुट्टामा लाग्यो, जसले गर्दा खुट्टाबाट रगत निस्कियो। नाम मोहले गर्दा मानिस कति नीच हुन हुंदो रहेछ जसको उदाहरण यही देवदत्त हो।

यसपछि उसले के कस्तो चालले काम गर्यो त्यो त यो भन्दा पनि आश्चर्यपूर्ण छ। अस्ति सभामा आएर उसले सबैको अगाडि भन्यो– भन्ते, तपाईले नियम बनाई दिनुस् कि भिक्षुहरू जंगलैमा बस्नु पर्छ, झुत्रो झाल्रो लुगा लगाउनु पर्छ आदि भनेर यसबाट भिक्षुहरू निःसंग, वीतराग तथा निर्मल चरित्र हुनेछन्।

देवदत्तले अहंकारवश के सिद्ध गर्नु खोज्यो भने, संघ निर्मल गर्ने बारेमा मलाई भन्दा पनि बढ्ता उसलाई थाहा छ। तथा मैले भन्दा पनि उसले धेरै बुझ्छ। पापीमारले मानिसहरूलाई यही प्रकारले आफ्नो वशमा ल्याउंछ। देवदत्तमारको पांग्रा मुनी पर्‍यो। त्यो मूर्खले यति पनि जानेको छैन कि असंयमतालाई जंगल तथा झुत्रो लुगाले छेक्न सक्दैन। जंगलमा बस्ने भिक्षुहरू पनि समाजको लागि बोझ हुन्छ। कहिले काहीं निमन्त्रण स्वीकार गरेन भने मानिसहरूको व्याकुलता बोल्हाउंछ, जसरी निगंठ साधुहरूद्वारा भइरहेको छ। तर देवदत्तलाई

Downloaded from http://dhamma.digital/

यस कुराको के मतलब ? उसलाई त यस आफ्नो धर्मात्माता देखाउनु छ र आचार्य हुनलाई योग्य भनेर देखाउनु परेको छ । अथवा आफ्नो अर्कै एउटा संघ बनाएर तीर्थंकर कहलाउने इच्छा छ। त्यसैले उसले मत-भेदको निहुं खोजी रहेको छ । अन्यथा त्यो निमन्त्रणमा नगए पनि वा जंगलमा बसे पनि, झुत्रो लुगा लगाए पनि उसलाई कसले रोक्छ ? तर उसलाई त आफ्नो संघ बनाउनु परिरहेको छ । मेरो कमाई खोसी धनवान बन्नु परेको छ । आफूलाई पूजा गराउनु परेको छ, आफूलाई तीर्थंकर घोषित गराउनु परेको छ । तर यस प्रकारको छलले के तीर्थंकर होला ?मानिसहरूलाई धोका दिएर चार दिन कोही तीर्थंकर कहलायो भने पनि अन्त्यमा रहस्य खुलि हाल्छ, उसको नाम मोह प्रति मानिसहरूले घृणा गर्छन् । यस प्रकारले त्यो साधारण भिक्षु पनि हुंदैन ।

देवदत्तले यस्तै पतनको बाटो अपनाई रहेछ । मतभेद तथा धर्मात्माताको आड लिएर उसले पांच सय भिक्षुहरूलाई अनुयायी बनाई रहेछ । पापी मारले यो देवदत्तलाई कस्तो नराम्रोसंग शिकार गर्‍यो । यसमा मलाई अलि खेद भयो ।

मनुष्यले इमान्दारी छोडेर स्वार्थ वश संसारलाई ठग्ने इच्छा गर्यो भने त्यो आफैं यस्तो प्रकारले ठगिन्छ कि त्यसको उदाहरण देवदत्त नै छ ।

★

Downloaded from http://dhamma.digital/

# महापरिनिर्वाण

सारिपुत्र तथा मौदगल्यायनहरूको परिनिर्वाण हुनु बित्तिकै भिक्षु संघमा कोही पनि न भएको जस्तो भयो। मेरो शरीर पनि जराजीर्ण भएर अति कमजोर भइसके। त्यसैले आज या भोली पनि बिदा लिनु पर्ने अवस्थामा छ। आनन्दलाई बोलाएर सबै भिक्षुहरूको अगाडी भनिदिएं, मेरो निर्वाण भइसके पछि शास्ताको काम (मेरो धर्म) तथा विनयले गर्ला भनेर, शास्त्रले नै शास्ताको काम दिन्छ भनेर शिष्टाचारको विनय पनि टुंग्याइ दिए। जुन कुराबाट संघमा वर्ग भेदभाव नहोस्। यो पनि भनिदिएं, परिआएको अवस्था अनुसार सानो तिनो भिक्षु विनय छोड्नु पनि सकिन्छ। नियम त देशकालको अवस्था अनुसारले बनाउनु पर्छ। साधारण बाह्याचार वा बाहिरी नियममा यत्ति जोर गर्नु हुँदैन जस्ले गर्दा मनुष्य मनुष्यमा भेदभाव हुन्छ, संघ खण्डित भएर जान्छ।

संघ बनाएर मैले राम्रो गरें या नगरें, यसमा बिचार गरेर हेर्दा खेरी दुबै पक्षबाट केही न केही भन्ने कारण अवश्य निस्किन्छ। तर यो राम्ररी विदित छ कि यदि संघ नबनाएको भए धेरै नोक्सान हुने थियो र मेरो उपदेशले धेरै कम मानिसहरूले मात्र लाभ उठाउने थियो तर जुन–जुन सामाजिक तथा धार्मिक क्रान्ति चाहिएको थियो त्यो हुने पनि थिएन होला यदि विशालरूप धारण गर्नको लागि यस

Downloaded from http://dhamma.digital/

किसिमको बीउ नछरेको भए । आज एउटा विचार सुधार अथवा क्रान्ति शताब्दीयौंसम्म काम गर्नुको लागि प्रादुर्भाव भयो ।

निःसन्देह यसमा (विकार) विघ्नबाधा आउने छन्, तर त्यस वेलासम्म यसमा असंख्य मानिसहरूले लाभ उठाई सकेको हुन्छन् । समाजको शरीर नै परिवर्तन हुनेछ । सबै नाशशील छन् भने नाशको चिन्ता नै गर्ने किन ?

यो कुरा त अवश्य हो, यदि मैले संघ स्थापना कार्यमा नलागेको भए, मेरो जीवन अलि बढी शान्तिपूर्ण हुने थियो । तर यसमा केही अलिकता स्वार्थको लागि समाजको महान् कल्याण पर्वाह नगर्ने मनुष्यता होला र ?

आज म सन्तोषको साथ साथै जाँदै छु । जानु त जुनबेला पनि जानै पर्छ । मैले संसारलाई केही गर्दै गइरहेको छु; जगतलाई अलि उंभो लगाई दिएं, माथी जानको लागि, सुखी हुनलाई सामग्री दिएर जाँदै छु । यसभन्दा बढी यस जीवनको यस क्षुद्र देहबाट के उपयोग हुन सक्ला र ?

★

Downloaded from http://dhamma.digital/

# धर्मकीर्ति प्रकाशन

## ( नेपाल भाषा )

(१) बुद्धया ह्निगु विपाक
(२) अभिधर्म भाग–१, २
(४) मैत्री भावना
(५) ऋद्धि प्रातिहार्य
(६) योह्म म्ह्याय्
(७) पञ्चनीवरण
(८) बुद्ध धर्म, द्वि. सं.
(९) भावना
(१०) एकताया ताःचा
(११) प्रेमं छु ज्वी ?
(१२) कर्तव्य
(१३) भिक्षा द्वि. सं.
(१४) बुद्धया अन्तिम यात्रा–१, २
(१६) त्रिरत्न गुण स्मरण तृ. सं.
(१७) परित्राण द्वि. सं.
(१८) कर्म
(१९) प्रार्थना संग्रह द्वि. सं.
(२०) बाखं भाग–१, २, ३, ४, ५
(२५) बोधिसत्व
(२६) शाक्यमुनि बुद्ध
(२७) अनत्त लक्खण सुत्त
(२८) वासेट्ठी थेरी
(२९) धम्म चक्कप्पवत्तन सुत्त
(३०) लक्ष्मी थ्यो
(३१) महास्वप्न जातक
(३२) बाखंया फल भाग–१, २
(३४) जातक बाखं द्वि. सं.
(३५) राहुलया उपदेश
(३६) अहिंसाया विजय
(३७) प्रौढ बौद्ध कक्षा
(३८) मूर्खंह्म पासा मज्यू
(३९) बुद्धया अर्थनीति
(४०) श्रमण नारद
(४१) क्षान्ति व मैत्री
(४२) उखानया बाखं पुचः
(४३) पालि भाषा अवतरण
(४४) मत्ति भिंसा गति भिनी
(४५) बौद्ध ध्यान भाग–१, २
(४७) हृदय परिवर्तन
(४८) ह्नापांयाह्म गुरु सु ? द्वि.

Downloaded from http://dhamma.digital/

(४६) अभिधर्म
(५०) सप्तरत्न धन
(५१) महासति पट्ठान सूत्र
(५२) शान्तिया त्वाःथ
(५३) चरित्र पुचः भाग–१, २
(५५) बुद्ध व शिक्षा
(५६) बौद्ध ध्यान
(५७) किसा गौतमी
(५८) जप पाठ व ध्यान
(५६) लुम्बिनी विपस्सना
(६०) विश्व धर्म प्रचार देशना–१, २
(६२) योगीया चिट्ठी
(६३) जातक माला भाग–१, २
(६५) संक्षिप्त भावना
(६६) महानारद जातक
(६७) पालि प्रवेश भाग–१, २
(६८) चमत्कार
(७०) मणिचूड जातक
(७१) महाजनक जातक
(७२) गृही–विनय तृ. सं.
(७३) बुद्ध–जीवनी
(७४) सर्वज्ञ–१, २
(७६) धम्मपद कविता
(७७) धर्म मसीनि
(७८) दान
(७६) तेमिय जातक
(८०) वम्मिक सुत्त
(८१) मध्यम मार्ग
(८२) महासीहनादसुत्त
(८३) भिंम्ह म्ह्याय् व काय्
(८४) भिक्षु जीवन
(८५) भिंम्ह मचा
(८६) विवेक–बुद्धि
(८७) स्वास्थ्य लाभ
(८८) शिक्षा १, २
(९०) दृष्टि व तृष्णा
(९१) विपस्सना ध्यान
(९२) झंगः लाइह्म लाखे
(९३) सतिपट्ठानभावना
(९४) गौतम बुद्ध

## मूल्य ८।–

मुद्रक– नेपाल प्रेस, शुक्रपथ, काठमाडौं । फोन– २२ १० ३२

Downloaded from http://dhamma.digital/